# डेभलपमेन्ट एड्भोकेट नेपाल

मार्च २०१९

UNDP

Empowered lives.
Resilient nations.

## नेपाल र एजेन्डा २०३०

## दिगो विकास लक्ष्यको पथमा



सल्लाहकारहरु

भेलरी जुलियान्ड

*संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक*

आइशानी लाबे

*संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम सहआवासीय प्रतिनिधि*

सम्पादक

रेनो मेयर

*आवासीय प्रनितिधि*

सम्पदकीय मंडल

गोकर्ण अवस्थी

बिन्दा मगर

एसले पाल्मर

जोन नारायण पराजुली

ऋचा रञ्जितकार

यमनाथ शर्मा

कमलराज सिग्देल

विजय सिंह

धर्म स्वर्णकार

लेस्ले राइट


सल्लाह-सुझाव भएमा
registry.np@undp.org लेख्नुहोस


यहाँ प्रस्तुत भएका विचारहरु संयुक्त राष्ट्रसंघ र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आधिकारिक नहुन सक्छन्



संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम
युएन हाउस, पुलचोक ललितपुर
पोस्ट बक्स नं १०७ काठमाडौं नेपाल
फोनः ( ९७७ १) ५५२३२००
फ्याक्सः ( ९७७ १) ५५२३९९१, ५५२३९८६
www.np.undp.org




*युएनडीपीले अखिल नेपाल फुटबल संघको सहकार्यमा खेलकुदको माध्यमबाट दिगो विकास लक्ष्य हासिल गर्न गरिएको साझेदारी अन्तर्गत ए डिभिजन फुटबल लिगमा दिगो विकास लक्ष्यलाई प्रबर्धन गरिदै ।*


16 PEACE, JUSTICE AND STRONG INSTITUTIONS
6 CLEAN WATER AND SANITATION
5 GENDER EQUALITY
3 GOOD HEALTH AND WELL-BEING
12 RESPONSIBLE CONSUMPTION AND PRODUCTION
16 PEACE, JUSTICE AND STRONG INSTITUTIONS



# विषयसूची






६
**दिगो विकास लक्ष्य हासिल गर्न भौगोलिक र सामाजिक असमानता सम्बोधन**
रेनो मेयर

१२
**दिगो विकासका लागि सहकार्य**
डा. युवराज खतिवडा, अर्थमन्त्री

१८
**दिगो विकास लक्ष्यको स्थानीयकरण : आशा र परिवर्तनको युग**
डा. पुष्प कँडेल, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

२२
**नवप्रवर्तनका परिवर्तनकारी शक्ति**
विशेष रिपोर्ट

२६
**अदृश्य शक्ति**
मीना कुमारी

२९
**नयाँ क्षेत्र : विश्वव्यापी लक्ष्यसँग जोडिँदै व्यवसाय**
निर्वान चौधरी

३२
**संघीय नेपालको योजनामा दिगो विकास लक्ष्यको प्रभाव**
पीताम्बर शर्मा, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

३७
**प्रदेश २ सुद्धढ अर्थतन्त्रतर्फ**
डा. हरिवंश झा

३९
**दिगो विकास लक्ष्य कार्यान्वयनमा सहकारी जागरण**
विशेष रिपोर्ट

४२
**परिवर्तनका युवा दूत**
विनिता कार्की

४४
**अपुरो स्वतन्त्रता**
लक्ष्मी थारू

४७
**भूकम्पपछिको प्रतिरोध : नेपालमा जारी प्रक्रिया**
सुशील ज्ञवाली

५१
**मूलधारमा ल्याइदैं सीमान्तकृत**
विशेष रिपोर्ट

५४
**संघीयता सफल बनाउन तथ्यांक महत्वपूर्ण**
रुरिक मार्सडेन, प्रमुख, डीएफआईडी नेपाल

५७
**समुदायकै लागि**
विशेष रिपोर्ट

६०
**सधैं सीमान्तकृत**
ज्योति सोनाहा, दौलतपुर

६२
**दिगो विकास लक्ष्य कार्यान्वयनको स्थानीयकरण**
गोपाल लम्साल

६५
**संघीयता विकासको अवसर**
त्रिलोचन भट्ट

६९
**दिगो विकास लक्ष्य अंगीकार गर्दै निजी क्षेत्र**
विशेष रिपोर्ट

७२
**वास्तविकताबाट टाढा छ समानता**
शान्ति परियार

७४
**तथ्यांकको आधार**
केदार खड्का

७७
**जलवायु परिवर्तनको चुनौती सामना गर्दै हिन्दुकुश हिमालय क्षेत्र**
डा. डेभिड मोल्डन

८०
**माया गर्ने अधिकार**
सिम्रन शेरचन

८४
**दिगो विकास लक्ष्य र विकास तथा समृद्धिका लागि नेपाली आकांक्षा**
मोहना अनसारी

८७
**दिगो शान्तिका लागि साझेदारी**
विशेष रिपोर्ट

९०
**दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय व्यापार:**
पोषराज पाण्डे

९२
**पूर्वाधार साधन हुन्, साध्य होइनन्**
नृपबहादुर ओड

९७
**परिवर्तनका लागि शिक्षा**
विशेष रिपोर्ट



# दिगो विकास लक्ष्य हासिल गर्न भौगोलिक र सामाजिक असमानता सम्बोधन

» **रेनो मेयर**
*आवासीय प्रतिनिधि, युएनडीपी नेपाल*

हामी दिगो विकास लक्ष्य कार्यान्वयनको चौथो वर्षमा प्रवेश गरिसकेका छौं । यो गरिबी निवारण, पृथ्वीको संरक्षण र सबै मानिसले शान्ति र समृद्धि अनुभूत गर्न पाउने अवसरका लागि अन्तर्राष्ट्रिय सहकार्य हो । त्यसैले यसलाई अर्को शब्दमा 'ग्लोबल गोल' अर्थात 'विश्वव्यापी लक्ष्य' पनि भनिन्छ । सहस्राब्दी विकास लक्ष्यको उत्तराधिकारी दिगो विकास लक्ष्यमा समावेश १७ वटा लक्ष्य र १ सय ६९ वटा परिणामात्मक लक्ष्यले थप जटिल प्राथमिकता जस्तैः जलवायु परिवर्तन, नवपवर्तन, अन्वेषण, दिगो उपभोग, शान्ति र न्यायजस्ता क्षेत्रहरू समावेश गरेको छ ।

राष्ट्रिय तहमा दिगो विकास लक्ष्यले गरिबी निवारण, समानताको प्रवर्द्धन, समावेशी र सबैका लागि समृद्धिजस्ता क्षेत्रलाई नीतिगत तहमा समावेश र संयोजन गर्ने राम्रो अवसर र प्रारूप प्रदान गर्छ । नेपालले सहस्राब्दी विकास लक्ष्यले तोकेको विशेषगरी स्वास्थ्य र शिक्षामा धेरै राम्रो प्रगति हासिल गरेको थियो । तर, यो सफलता क्षेत्र र सामाजिक सूमह अनुसार असन्तुलित छ । दिगो विकास लक्ष्य प्रारूप अवलम्बन गरि राष्ट्रिय प्रतिवेदन तयार पार्ने सुरुवाती देशहरूमा नेपाल भए पनि यस्ता जकडिएका असमानताले गहिरो चिन्ता कायमै राखेको छ ।

प्रदेश २, ५, कर्णाली र र सुदुर पश्चिममा मा गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत अन्य तीन प्रदेशमा भन्दा ज्यादै धेरै छ (इन्फोग्राफिक्स हेर्नुहोस्) । कम विकसित प्रदेशहरू स्वास्थ्य र सरसफाइको पहुँचमा पनि धेरै पछाडि छन् ।

प्रदेश कर्णाली र सुदुर पश्चिममा मा पूर्वाधारको अवस्था कमजोर छ भने आन्तरिक रूपमा पनि निकै कम निजी लगानी भित्रिएको छ । यहाँको दुर्गमता अर्को समस्या हो । यी सबै पक्षहरूले एकीकृत रूपमा यहाँको अहिलेको जीवनस्तर र भविष्यको समृद्धिमा पनि प्रत्यक्ष प्रभाव पार्न सक्छन् ।

यी मुद्दाहरूको तत्काल सम्बोधन नगर्ने हो भने सातमध्ये चार प्रदेश दिगो विकास लक्ष्यमा पछि पर्ने क्रम जारी र हन्छ र सन् २०३० सम्ममा लक्ष्य हासिल गर्न गरिने प्रयास व्यर्थ हुनेछन । यसको समाधानका लागि, भौगोलिक र सामाजिक असमानतालाई दिगो विकास लक्ष्य कार्यान्वयनका लागि बनाइने रणनीतिमा समावेश गरिनुपर्छ । खुसीको कुरा के भने नेपालले संघीय शासन अभ्यासका लागि आफ्नो संक्रमणकाल पूरा गर्नै लागेको छ । धेरै चुनौतीहरू रहे पनि भर्खरै विकेन्द्रीकृत भएका संरचनाहरूले स्थानीय र प्रादेशिक तहमा सामर्थ्य र निर्णय प्रक्रिया विकास गर्दै लगेका छन् । यसको अर्थ हो, आफ्नो समुदायको विकास प्राथमिकताको पहिचान र निर्क्योल गर्नु स्थानीय जनप्रतिनिधिको दायित्व हो ।

हो, प्रादेशिक र स्थानीय तहका जनप्रतिनिधिहरूलाई दिगो विकास लक्ष्यलाई मूलधारमा ल्याउनुपर्ने आवश्यकताको बारेमा बुझाउने र सामञ्जस्यता मिलाउने चुनौती बाँकी नै छ । तर, यसका लागि हामीले अहिले नै उत्सुकता देखिसकेका छौं, जननिर्वाचित प्रतिनिधिहरू दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न र आफ्नो विकास योजनामा समावेश गर्न आतुर छन् ।



डेभलपमेन्ट एडभोकेटको यो संस्करणमा हामीले नेपाल कसरी दिगो विकास लक्ष्यको कार्यान्वयन प्राप्तिका लागि तयार छ भन्ने विषयमा छलफल गर्नेछौं । यसमा, दिगो विकास लक्ष्यका लागि विविध साझेदारीमार्फत सबै सरोकारवालाहरूबाट ठोस पहल आवश्यक हुन्छ भन्ने विषय पनि समावेश गरेका छौं । यी साझेदारमध्ये निजी क्षेत्र मुख्य हो । संयुक्त राष्ट्रसंघीय बिकास कार्यक्रम युएनडीपीले कसरी सचेतना अभिवृद्धि र निजी क्षेत्रले गर्ने हरेक काममा दिगो विकास लक्ष्यलाई समाहित गर्न विभिन्न नेपाली उद्यमीसँग नवप्रवर्तन/अन्वेषण अभियान सञ्चालन गरिरहेको छ भन्ने विषयको जानकारी पनि यसमा समावेश गरेका छौं ।

चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले आफ्नो अन्तर्वार्तामा उद्यमले दिगो विकास लक्ष्यसँग जोडिँदा के प्रतिफल दिन्छ भन्ने विषयमा धारणा राखेका छन् । दिगो विकास लक्ष्यसँग उद्यम जोड्नु उद्यमको आयु र दिगो पन मात्रै होइन, समग्रमा यसले मानवविकासमा योगदान पुऱ्याउने उनको धारणा छ ।

समृद्धिको यात्रामा बाधा पुऱ्याउने अनेकौं व्यवधानमध्ये जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र द्वन्द्व सबैभन्दा संवेशनशील पक्ष हुन् । नेपाल पनि आफ्नो द्वन्द्वको इतिहासलाई छाडेर अघि बढ्ने प्रक्रियामा छ तर जलवायुसम्बन्धी चुनौतीले हासिल भएका विकास उपलब्धिलाई चुनौती दिइरहन्छ । इसिमोडका महासचिवले उक्त प्रभावका कारण हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायलाई परेको प्रभावको बारेमा बहस गरेका छन् । हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसहरूले जलवायु परिवर्तनका कारण बढेको तापक्रम औसतभन्दा बढी बेहोर्नुपर्ने जोखिम छ, यसले पहिल्यै नाजुक रहेको हिमाली पर्यावरणीय प्रणालीमा थप चुनौती थपेको छ ।

दिगो शान्ति र समृद्धिका लागि आवश्यक सुशासन, बलियो र दवाफदेही संस्थाको महत्वपूर्ण भूमिका पनि दिगो विकास लक्ष्यले पहिचान गरेको छ । यो परिप्रेक्ष्यमा सुशासन फाउन्डेसनका केदार खड्काले नेपालको मानव अधिकार र सुशासनमा आमूल परिवर्तनको खाँचो औंल्याएका छन् । उनले तथ्यांकमा आधारित वकालतका लागि साँघुरिएको तथ्यांक प्रणालीको आवश्यकता औंल्याएका छन् । सुशासनजस्तै अन्वेषण पनि अर्को महत्वपूर्ण पक्ष हो, सकारात्मक परिवर्तनका लागि यसको व्यापक सम्भावनालाई दिगो विकास लक्ष्यले पहिचान गरेको छ । हामी नयाँ र उदाउँदो प्राविधिक समाधानको परिवर्तनकारी शक्ति कसरी विकास चुनौती समाधानका लागि प्रयोग गर्न सकिन्छ र सामान्यतया अनुमान गरिएजस्तो प्रविधिहरू विकसित देशहरूमा मात्रै सीमित छैनन् र यिनीहरू विकासशील देशमा पनि उपयोगी छन् भनेर छलफल गर्नेछौं ।

कुल जनसंख्याको ठूलो हिस्सा युवाले ओगटे पनि नेपालले युवा पलायनको समस्या भोगिरहेको छ । दिगो विकासका लागि आवश्यक सामाजिक आर्थिक र राजनीतिक परिवर्तनका लागि युवा लाई देशमै भूमिका दिनु आवश्यक छ । देशबाट वार्षिक करिब तीन लाख युवा बिदेसिने गरेको सन्दर्भमा विनिता कार्कीले युवाहरू किन दिगो विकास लक्ष्यरे जानकार हुनुपर्छ र परिवर्तनका संवाहककहरूलाई देशमै राख्न युवा उद्यम र स्वरोजगार अवसरको वृद्धि गर्नुपर्छ भनेर लेखेकी छन् । 'कोही पनि नछुटून्' भन्ने दिगो विकास लक्ष्यको प्रमुख मन्त्र अनुसार डेभलपमेन्ट एडभोकेटको यो संस्करणले चार नयाँ प्रतिनिधिमूलक आवाज समेटेको छ, जसलाई सम्बोधन गर्न जरुरी छ । पूर्वकमलरीदेखि तेस्रोलिङ्गी अधिकारकर्मी, सीमान्तकृत दलित समुदायको सदस्यदेखि अन्य नसमेटिएका क्षेत्रको आवाज यसमा समेटेका छौं, यी दृष्टिकोणले नेपालको समानता, समावेशी र मानवअधिकार को वास्तविक स्थिति देखाउँछ ।

दिगो विकास लक्ष्यमा हासिल भएका प्रगति र चुनौतीको समग्र पक्ष यसले समेट्दैन तर दिगो विकास लक्ष्य युगको चौथो वर्षलाई यसमा प्रस्तुत गरिएको जानकारी र तथ्यले देशमा दिगो विकासको योजना बनाउन र कार्यान्वयनमा गति दिन सघाउँछ भन्ने विश्वास हामीले लिएका छौं ।

# नेपालमा दिगो विकास लक्ष्यको अवस्था र प्रादेशिक तहमा २०३०को लक्ष्य




## १ गरिबीको अन्त्य

### गरिबीको रेखामुनि रहेको जनसंख्या

२०३० को लक्ष्य: **४.९**

| प्रदेश | |
|---|---|
| प्रदेश १ | १६ |
| प्रदेश २ | २७.७ |
| प्रदेश ३ | १५.३ |
| गण्डकी | १५.२ |
| प्रदेश ५ | २५.८ |
| कर्णाली | ३६.५ |
| सुदुरपश्चिम | ४२ |

राष्ट्रिय: **२१.६**

## २ भोकमारीको अन्त्य

### कम तौल भएका बालबच्चा (पांच वर्ष मुनि)

२०३० को लक्ष्य: **९**

| प्रदेश | |
|---|---|
| प्रदेश १ | २४.४ |
| प्रदेश २ | ३६.८ |
| प्रदेश ३ | १३.३ |
| गण्डकी | १४.९ |
| प्रदेश ५ | २७.२ |
| कर्णाली | ३५.६ |
| सुदुरपश्चिम | २१.८ |

राष्ट्रिय: **३०.१**

## ३ स्वस्थ र समुन्नत समाज

### बालमृत्यु दर ५ वर्षमुनि (प्रतिहजार)

२०३० को लक्ष्य: **२०**

| प्रदेश | |
|---|---|
| प्रदेश १ | ३६ |
| प्रदेश २ | ५२ |
| प्रदेश ३ | ३६ |
| गण्डकी | २७ |
| प्रदेश ५ | ४५ |
| कर्णाली | ५८ |
| सुदुरपश्चिम | ६९ |

राष्ट्रिय: **३८**

४ गुणस्तरीय शिक्षा

## वयस्क साक्षरता

| २०३० को लक्ष्य: ९९ | |
|---|---|
| प्रदेश १ | ६५.३ |
| प्रदेश २ | ४०.९ |
| प्रदेश ३ | ६९.३ |
| गण्डकी | ५५.६ |
| प्रदेश ५ | ५९.४ |
| कर्णाली | ५३ |
| सुदुरपश्चिम | ५४.९ |

राष्ट्रिय: **५९.६**

५ लैङ्गिक समानता

## महिलाहरुको सम्पति माथिको स्वामित्व

| २०३० को लक्ष्य: ४० | |
|---|---|
| प्रदेश १ | २४.६ |
| प्रदेश २ | २१ |
| प्रदेश ३ | १९.८२ |
| गण्डकी | २०.६७ |
| प्रदेश ५ | १७.९७ |
| कर्णाली | ६.२१ |
| सुदुरपश्चिम | ६.०८ |

राष्ट्रिय: **२६**

६ स्वच्छ पानी तथा सरसफाई

## आधारभूत खानेपानी सेवामा पहुंच

| २०३० को लक्ष्य: ९९ | |
|---|---|
| प्रदेश १ | ८९.४ |
| प्रदेश २ | ९३.८ |
| प्रदेश ३ | ८१.८ |
| गण्डकी | ८६.८ |
| प्रदेश ५ | ८८.६ |
| कर्णाली | ६४.५ |
| सुदुरपश्चिम | ८२.२ |

राष्ट्रिय: **८७**

७ स्वच्छ उर्जामा सहज पहुंच

## विद्युतमा पहुंच भएका नवसंख्या अनुपात

| २०३० को लक्ष्य: ९९ | |
|---|---|
| प्रदेश १ | ६६.१ |
| प्रदेश २ | ६०.४ |
| प्रदेश ३ | ८६.३ |
| गण्डकी | ८३ |
| प्रदेश ५ | ६५.७ |
| कर्णाली | २१.७ |
| सुदुरपश्चिम | ४८.४ |

राष्ट्रिय: **७४**

८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि

## जीवन बीमाको पहुँच प्रतिशत

| २०३० को लक्ष्य: २५ | |
|---|---|
| प्रदेश १ | ७.२८ |
| प्रदेश २ | ४.७९ |
| प्रदेश ३ | १६.६३ |
| गण्डकी | ५.४२ |
| प्रदेश ५ | ७.२८ |
| कर्णाली | ३.५१ |
| सुदुरपश्चिम | ६.७१ |

राष्ट्रिय: **८.२४**

९ उद्योग पूर्वाधार र नवीन सिर्जना

## कुल ग्राहस्थ उत्पादनमा औद्योगिक क्षेत्रको हिस्सा


| २०३० को लक्ष्य: १५ | |
|---|---|
| प्रदेश १ | ५.५८ |
| प्रदेश २ | १२ |
| प्रदेश ३ | ४.५ |
| गण्डकी | २ |
| प्रदेश ५ | ४.८७ |
| कर्णाली | २.४ |
| सुदुरपश्चिम | २.१ |

राष्ट्रिय: **६.६**

## १० असमानता न्यूनीकरण

### आयमा असमानता

२०३० को लक्ष्यः **०.२३**





राष्ट्रियः **०.३१**

## ११ दिगो सहर र समुदायहरु

### खर/परालको छतभएको घर

२०३० को लक्ष्यः **५**





राष्ट्रियः **१९**

## १२ जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन

### पेट्रोलियम इन्धनको उपभोग

२०३० को लक्ष्यः **छैन**





जम्माः **१००**

## १३ जलवायु परिवर्तनमा तत्काल पहल

### औद्योगिक क्षेत्रले उत्पादन गरेको हरित गृह ग्यास उत्सर्जन

२०३० को लक्ष्यः **६**





राष्ट्रियः **छैन**

## १५ जमिनमाथिको जैविक विविधताको संरक्षण

### वनले आगटेको क्षेत्रफल

२०३० को लक्ष्यः **छैन**





राष्ट्रियः **४०.७**

## १६ शान्ति, न्याय र सशक्त निकाय

### सरकारले चाहेमा भ्रष्टाचार निर्मूल हुनेमा विश्वास गर्नेहरुको प्रतिशत

२०३० को लक्ष्यः **छैन**





राष्ट्रियः **५५**

## १७ लक्ष्य प्राप्तिका लागि साझेदारी

### प्रत्यक्षक वैदेशिक सीधा लगानी

२०३० को लक्ष्य: **२०**




राष्ट्रिय: **छैन**






*यस इन्फोग्राफिक्स मा प्रयोग भएका तथ्यांकहरु इ.सं २०१८मा प्रकाशित सरकारी तथा युएनडीपीका प्रकाशनहरुबाट लिइएको हो ।



# दिगो विकासका लागि सहकार्य

**डा. युवराज खतिवडा, अर्थमन्त्री**

***दिगो विकास लक्ष्य यसअघिको सहस्राब्दी विकास लक्ष्यभन्दा फरक छ । यस हिसाबले नेपालजस्ता देशका लागि यसमा अवसर र जटिलता दुवै छन् । अर्थमन्त्री डा. युवराज खतिवडाले यो विषयसाथै दिगो विकास लक्ष्य हासिल गर्नका लागि आवश्यक खर्चको आंकलन गर्न तथा विभिन्न क्षेत्रबाट आर्थिक स्रोत जुटाउन गरिएको प्रयास बारे आफ्नो अनुभव बाँडेका छन् ।***

सन् १९९० को दशकमा संसारभर भएको विकास हेर्‍यौं भने आर्थिक वृद्धिसँगै असमानता बढेको देखिन्छ । जुन रफ्तारमा आर्थिक वृद्धि हुदै गयो, त्यही अनुसार सामाजिक परिसूचकमा सुधार हुन सकेन । आर्थिक वृद्धिसँगै वातावरण लगायतका विषयहरू पछाडि पर्दै गएपछि समग्र विकासलाई अगाडि बढाउन सहस्राब्दी विकास लक्ष्यको सुरुआत भयो । त्यसमा सामाजिक सूचकहरूलाई धेरै जोड दिइयो । शिक्षा, स्वास्थ्य, गरिबी, पिउने पानी, वातावरण लगायतका विषय लक्ष्यमा समावेश गरिए । तर, सामाजिक सूचकको उपलब्धिले मात्र समग्र विकास हुन नसक्ने भएकाले त्यससँगै लगानी विस्तार गर्ने, आर्थिक क्रियाकलाप पनि बढाउँदै लाने विषयमा समेत बहस हुन थाल्यो र दिगो विकास लक्ष्यको एजेन्डामा प्रवेश गर्दा थप क्षेत्रहरु पनि आवश्यक भएको महसुस हुन थाल्यो । त्यसैले आर्थिक वृद्धि, समग्र मानव विकास, हामी बसेको धर्ती र यहाँको वातावरणमा सुधार, असमानताको अन्त्य, पूर्वाधार निर्माण लगायतका विषयलाई समेत समेट्दै दिगो विकास लक्ष्यको सुरुवात भएको हो ।



सँगसँगै सहस्राब्दी विकास लक्ष्यमा आएका राम्रो कुराको प्रतिफललाई उच्च पार्दै माथि लैजान पनि दिगो विकास लक्ष्य महत्त्वपूर्ण ठानिएको हो । जुनजुन क्षेत्रमा सहस्राब्दी विकास लक्ष्य हासिल हुन सकेन, त्यहाँ थप सुधारको आवश्यकता महसुस गरिएको पनि हो । समग्रमा सहस्राब्दी विकास लक्ष्यमा राम्रो भए पनि सबैतिर विकासको प्रतिफल पुग्न नसकेको पनि देखियो । जस्तो कि विद्यालय स्थापना भएको ठाउँमा पुग्ने बाटो वा पुलको पूर्वाधार छैन । स्वास्थ्य चौकी भए पनि बाटो पुगेको छैन । खानेपानी आयोजना भए पनि स्रोतको अभावमा मर्मत-सम्भार हुन सकेको छैन । यसले आर्थिक वृद्धि, पूर्वाधार निर्माण र सामाजिक विकास सँगसँगै लानुपर्ने देखियो ।

सहस्राब्दी विकास लक्ष्यमा मूलतः सामाजिक क्षेत्रको विकासले गरिबी निवारणमा सहयोग पुग्छ भन्ने विषयलाई बढी महत्त्व दिइयो । त्यतिबेला समग्र आर्थिक वृद्धिसँगै रोजगारी र समानताका लागि आर्थिक वृद्धिको ढाँचा परिवर्तन गर्नुपर्छ भन्ने तहमा छलफल भएको थिएन । विश्वमा सहस्राब्दी विकास लक्ष्य अवलम्बन गरिएको सन २००० देखि २०१५ को अवधिमा मुलुकभित्र र मुलुक मुलुकबीचमा असमानता पनि बढ्दै गयो । त्यसलाई सम्बोधन गर्नुपर्छ भन्ने कुरा प्रबल रूपमा आयो । दिगो विकासबारे छलफल भएका धेरैवटा अन्तर्राष्ट्रिय मञ्चमा म आफैंले पनि उठाएको एजेन्डा हो त्यो । असमानताका कारक के-के छन्, त्यो पनि आयो । त्यसैले दिगो विकास लक्ष्य अलि चौडा रूपमा विकासका सबै आयामलाई समेट्ने गरी आएको हो ।

सहस्राब्दी विकास लक्ष्यको बेला जलवायु परिवर्तनको मुद्दा प्रबल रूपमा आइसकेको थिएन । तर, जलवायु परिवर्तनको विषयलाई पनि सम्बोधन गर्नुपर्ने भयो । सन् २००७ र २००८ को अन्तर्राष्ट्रिय वित्तीय संकटपछि नयाँ प्रकारका चुनौतीहरू थपिए । विश्वव्यापी वित्तीय सुशासनको विषय पनि विश्वव्यापी प्रशासन चुस्त बनाउने सन्दर्भमा अलि अगाडि आयो । मूलतः धेरै मुलुकमा चरम गरिबीको अन्त्य भए पनि उनीहरूको जीवनस्तरमा तात्त्विक परिवर्तन नआएको र माथि उठ्न नसकेको महसुस गरियो । न्यूनतम आवश्यकता केही हदसम्म पूरा भए पनि मानवीय गरिबी हटेको भन्न सक्ने



अवस्था रहेन । अहिले सबै प्रकारको गरिबीबाट मुक्त भएपछि मात्रै समृद्धिमा जान सकिन्छ भन्ने विषयलाई दिगो विकास लक्ष्यले समेटेको छ । त्यसो हुँदा हाम्रो सामाजिक, आर्थिक, मानवीय र वातावरणीय सबै पक्षलाई समेट्ने गरी दिगो विकासका लक्ष्य ल्याइएको हो, जुन हाम्रोजस्तो मुलुकका लागि यो त्यति नै आवश्यक हो ।

हाम्रो मुलुकको पहिलो प्राथमिकता ५ वर्षभित्र निरपेक्ष गरिबीको अन्त्य गर्ने हो ।  दिगो विकास लक्ष्यले चरम गरिबीको अन्त्य गर्ने तथा सबै प्रकारका गरिबीलाई आधा पार्ने भनेको छ । त्यो हाम्रो पनि एजेन्डा हो । कृषिमा आधारित अर्थतन्त्र र त्यसको वरिपरि रहेको गरिबी, बेरोजगारी, कुपोषण लगायतलाई सम्बोधन गर्नुपर्छ भनेर कृषिमा जोड दिइएको छ । कृषिलाई पहिलेदेखि नै प्राथमिकता दिँदै आइएको हो । तर, त्यो कृषिलाई व्यावसायिक, आधुनिक र दिगो रूपमा र तुलनात्मक लाभको रूपमा परिमार्जन गर्दै लैजानुपर्ने देखिएको छ । स्वास्थ्य र शिक्षामा पनि आमूल परिवर्तन आवश्यक छ । हाम्रोजस्तो मुलुकमा दक्ष र सीपयुक्त जनशक्तिको माध्यमबाट ज्ञान र सीपमा आधारित आर्थिक वृद्धि र विकास गर्ने हो । दिगो विकास लक्ष्यमा शिक्षा, स्वास्थ्य, सीप विकास, लैङ्गिक समानताका कुराहरू समेटिएका छन् । त्यो हाम्रा लागि त्यति नै महत्त्वपूर्ण छ ।

कुनै एक तहमा दिगो विकास लक्ष्य संयुक्त राष्ट्र संघको मात्रै एजेन्डा हो भन्ने बुझाइ पनि छ । दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाउँदै न्युयोर्कमा रहेको



राष्ट्र संघको मुख्यालयमा हामीले हस्ताक्षर गरेका थियौं । जहाँ हस्ताक्षर गऱ्यो त्यहींको भन्ने भ्रम हामीमा छ । यसो भन्ने हो भने ठूला आयोजनाहरू विभिन्न मुलुकमा हस्ताक्षर भएका छन् । द्विपक्षीय आयोजनाहरू कुनै दिल्ली, बेइजिङ वा पेरिसमा हस्ताक्षर हुन्छन् । त्यसलाई त्यहाँको एजेन्डा भन्न मिल्दैन । हामीले सबैसँग छलफल गरेर हाम्रा साझा एजेन्डा बनाएका छौं । यी विकासका हाम्रै एजेन्डा हुन् । दिगो विकास लक्ष्य तय गर्ने सिलसिलामा भएका धेरै चरणका छलफलमा नेपाल पनि धेरै पटक सहभागी भयो । यहाँ पनि हामीले धेरै छलफल गऱ्यौं । हाम्रा एजेन्डा, विश्वव्यापी रूपमा सबैका एजेन्डा भएर आए । विश्वकै एजेन्डा बोक्ने छाता संगठन संयुक्त राष्ट्र संघ हो र उसैले यसको समन्वय गऱ्यो । त्यसैले राष्ट्र संघको एजेन्डा भन्ने गरिएको पनि छ जुन बुझाइको कमी मात्रै हो । यो हाम्रो एजेन्डा हो र यसको स्वामित्व हामीले लिनुपर्छ । हस्ताक्षर गरेर आउने, स्वामित्व नलिने हुनु भएन । संयुक्त राष्ट्र संघका एकाइहरूले स्वामित्व लिइदेऊ भनेर भनिराख्नुपर्ने अवस्था आउन दिनु ठीक होइन । यो हाम्रो एजेन्डा भएकाले यसलाई कार्यान्वयन गरेर सोही अनुरूप लक्ष्य हासिल गर्ने स्वामित्व पनि लिनुपर्छ ।

दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय र प्रदेश सरकारको भूमिका निकै महत्त्वपूर्ण छ । जस्तो कि निरपेक्ष गरिबी हटाउने विषय अब औसतमा मात्रै हेरेर पुग्दैन । औसतमा मुलुकको गरिबी २१ प्रतिशत भने पनि कतिपय ठाउँमा निरपेक्ष गरिबको अनुपात ७० प्रतिशतसम्म छ । छिटो चरम गरिबी हटाउन गरिबी अधिक भएको गाउँका समुदायलाई छानेर लक्षित कार्यक्रम अघि लैजान सक्नुपर्छ । माथिबाट तल जाने नीतिले सो लक्ष्य हासिल गर्न धेरै समय लाग्छ । कुनकुन क्षेत्रमा गरिब छन् ?, कहाँकहाँ काम गर्नुपर्ने हो ?, स्थानीय तहलाई नै थाहा हुन्छ । गरिबीसँगै स्वास्थ्य, सफाइ, खानेपानी वा साक्षरताको विषय पनि त्यही हो । कुनै ठाउँमा झाडापखालासँगै अन्य स्वास्थ्य समस्या छन् । खानेपानीमा आर्सेनिकको समस्या भएका केही क्षेत्र पनि छन् । सिकलसेल जस्ता रोग देखिने खासखास समुदाय पनि छन् । त्यसका लागि कार्यक्रमहरू स्थानीय तहमै लैजानुपर्छ । केन्द्रले वित्तीय सहयोग गरे पनि कार्यान्वयन स्थानीय तहले नै गर्नुपर्छ । त्यसो हुँदा दिगो विकासको वरिपरि स्थानीय तहले नै धेरै काम गर्नुपर्ने हुन्छ । यसका लागि प्रदेश र संघको सहयोग भने अपरिहार्य छ ।

दिगो विकास लक्ष्य कसरी पूरा गर्ने र क्षमता र ज्ञानको विकास कसरी गर्ने अर्के पाटो हो । प्राविधिक र वित्तियको कुरा पनि छ । दिगो विकास लक्ष्य कार्यान्वयन गर्न बजेट प्रणालीबाट हामीले धेरै प्रयास गरेका छौं । तर, हाम्रो सोचाइमा दिगो विकास एजेन्डाको छुट्टै परियोजना, छुट्टै वित्तीय व्यवस्था र छुट्टै कार्यक्रमको रूपमा सञ्चालन

**"केहीले दिगो विकास लक्ष्यलाई संयुक्त राष्ट्रसंघको विषय हो भन्ठान्छन् । तर, हामीले यसलाई औपचारिक रूपमा अंगीकार गरिसकेका छौं र यसका लक्ष्यहरू हासिल गर्नका लागि प्रतिबद्ध छौं । यो हाम्रो विषय भएकाले यसको कार्यान्वयन गर्नु र नतिजाको अपनत्व लिनु हाम्रो दायित्व हो ।"**

हुनुपर्छ भन्ने भ्रम पनि छ । दिगो विकासलाई योजना र बजेटकै अंग बनाई बजेट प्रणालीमा सबै समेट्नुपर्छ वा प्रदेश तथा स्थानीय तहको स्रोत एकीकृत गरेर काम गर्नुपर्छ भन्ने भावना विकास भएको छैन । हामी कार्यक्रमभन्दा आयोजनामा आधारित भएर जान खोज्यौं भने समस्या हुन्छ कि जस्तो लाग्छ ।

## दिगो बिकास लक्ष्यको स्थानीयकरण

स्थानीय तहले आवधिक योजना बनाउँदा दिगो विकास लक्ष्यलाई पृष्ठभूमिमा राखेर राष्ट्रिय रूपमा सोचेका २०२२, २०२५ र २030 का माइलस्टोनहरूलाई मध्यनजर गर्दै आफ्नो क्षेत्रको आधारभूत आवश्यकताको आधारमा स्थानीय तहको आवधिक योजना तयार गर्नुपऱ्यो । त्यसको आधारमा बजेट निर्माणमा जानुपर्छ । कार्यान्वयन गर्दा आर्थिक स्रोत साधन कति लाग्छ, त्यसको पनि आकलन गर्नुपर्छ । आफ्नो स्रोतले कति भ्याउँछ, संघबाट कति अपेक्षा गरेको हो, त्यसको पनि अनुमान गर्नुपर्छ । अनि संघले त्यस अनुसार आफ्नो राजस्व र अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने कुरा हो । त्यसकारण दिगो विकास लक्ष्य कार्यान्वयनको प्रस्थानविन्दु भनेको स्थानीय तहभन्दा पनि वडा तहमा योजनाको प्रक्रियाबाट छलफल, बहस र कार्यक्रम छनोट गर्नु हो । त्यसलाई व्यवस्थित गर्दै तलबाट माथितिर लगेर स्थानीय तहको आवधिक योजनाको अंग बनाउनुपर्छ । त्यसको अनुशासनमा बसेर कार्यान्वयन गराउनुपर्छ । त्यो गराउने क्रममा संघले सहयोग गर्ने, प्राविधिक रूपमा टेवा पुऱ्याउने काम गर्नुपर्छ ।

अहिले योजना आयोगले काम गरिरहेको छ । त्यसका लागि बार्षिक औसत २० खर्ब भन्दा बढिको लागत लाग्ने अध्ययन, योजना आयोगको तथ्यांकमा छ । त्यो हिसाबले हामी कतिको बलियो अवस्थामा छौं ?, के गर्न सोच बनाउनुभएको छ ? दिगो विकास कार्यान्वयन गर्न हामीलाई ठूलो वित्तीय स्रोतको आवश्यकता छ । हाम्रो एक वर्षको सम्पूर्ण बजेट यसमा लगाउँदा पनि वार्षिक लगानीको आवश्यकता पूरा हुँदैन । अहिले संघीय सरकार को १३ खर्बभन्दा बढीको बजेट भयो । प्रदेश र स्थानीय तहमा गएको राजस्व र स्थानीय तह आफैंले परिचालन गरेको राजस्वबाट जोड्दा पनि मुलुकको समग्र बजेट १६ खर्बभन्दा बढी पुग्दैन । जबकि हामीलाई वार्षिक औसत रु.२० खर्ब चाहिन्छ । त्यसैले सबै बजेट दिगो विकासको लक्ष्यमा लगाउँदा पनि पुग्दैन । त्यस अतिरिक्त राज्यको अन्य दायित्व पनि हुन्छ । सुरक्षाको दायित्व हुन्छ । प्रहरीकै पनि अन्य दायित्वहरू हुन्छन् । कतिपय संवैधानिक कामहरू छन् । धेरै संवैधानिक कामहरू दिगो विकास एजेन्डासँगै जोड्न पनि कठिन छ । ती औपचारिक कानुनी संरचनाहरू हुन् । यस्ता धेरै कुराहरू छन्, जो सिधै दिगो विकासका एजेन्डा हुन् भनेर भन्न सक्दैनौं । त्यस्तो क्षेत्रमा पनि वार्षिक एक/दुई खर्बको थप दायित्व हुन्छ । त्यसकारण दिगो विकास लक्ष्य पूर्णरूपमा कार्यान्वयन गर्न वर्षमा करिब २२ खर्बको बजेट चाहिन्छ ।

दिगो विकास लक्ष्यका लागि थप तीन-चार खर्ब रुपैयाँ स्रोत जुटाउन वैदेशिक सहायता अर्को वर्ष नै ५ खर्बभन्दा बढी चाहिन्छ । कतिपय योजनाहरू सञ्चालन गर्दा यसले सोझै दिगो विकास लक्ष्यमै प्रभाव पनि पार्दैन । ठूला मेगा आयोजनाहरूबाट रोजगारीको सिर्जना हुन्छ, राजस्व आउँछ । केही आर्थिक क्रियाकलाप बढ्छ भन्दैमा सम्पूर्ण खर्च दिगो विकास लक्ष्यमा गणना गर्न पनि गाह्रो हुन्छ । तर, त्यस्तो परियोजना पनि सञ्चालन गर्नुपर्छ । सन् २030 पश्चात् पनि विकास चाहिन्छ । रेलमार्ग सम्बन्धी परियोजना, ठूला विद्युत् परियोजना, सार्वजनिक यातायातको सुगमताका लागि पनि केही परियोजनाहरू आवश्यक छन् । यसले दिगो विकास लक्ष्य ९ र ११ लाई सहयोग गर्नेछन् । तर, यिनीहरूले भोलि नै विकासमा सहयोग गर्छन् भन्ने छैन । यसको प्रतिफल आउनका लागि १० औं वर्ष पर्खिनुपर्ने हुन्छ । सन् २030 को सीमाले गर्दा लागतलाई जोडेर जान सक्दैनौं । त्यसैले जति लगानी गर्छौं, त्यसको ठूलो अंश दिगो विकास लक्ष्य हुन्छ । तर, सबै बजेट दिगो विकास लक्ष्यचाहिँ होइन । त्यसैले हामीलाई थप बजेट चाहिन्छ । वार्षिक ५ खर्ब वैदेशिक सहयोग चाहिन्छ । अहिले राजस्वको दायरा राम्रो, फराकिलो हुँदैछ त्यसकारणले अहिले ९ खर्ब ४५ अर्ब रुपैयाँको राजस्व अनुमान गरेका छौं । अहिलेको बजेट प्रणालीबाट हेर्ने हो भने ११/१२ खर्बभन्दा माथि आन्तरिक स्रोत हुँदैन । वैदेशिक स्रोतको अतिरिक्त वैदेशिक लगानी पनि उत्तिकै आवश्यक छ । वर्षको एक खर्ब बाह्य लगानी भित्र्याउन सके विदेशी सहायता लिनलाई दबाब कम पर्छ । तत्काल ४ खर्ब सरकारी सहायता लिन सक्यो भने १ खर्ब वैदेशिक लगानीबाट लिए पनि राम्रो हुन्छ । दिगो विकासको लागत निजी स्रोतलाई पनि लिइएको छ ।

दिगो विकास लक्ष्य ९, दिगो विकास लक्ष्य ११ सबैको कार्यान्वयन गर्न निजी क्षेत्रको लगानी जरुरी छ ।

मूलतः पूर्वाधार विकासमा सरकारीसँगै निजी लगानी चाहिन्छ । त्यसमा हामीले अनुकूल वातावरण बनाउनु छ । यसका लागि कानुनी सुधार तथा लगानी भुक्तानी गर्नका लागि विदेशी मुद्रा विनिमयको सुनिश्चितता पनि चाहिन्छ । त्यसका लागि हामीले वस्तु व्यापार, सेवा व्यापार लगायतका माध्यमबाट लगानीको आम्दानी फिर्ता लैजान विदेशी मुद्रा आर्जन गर्ने स्रोत पनि विकास गर्नुपर्छ । त्यसले दिगो विकास लक्ष्य १७ मा व्यापार, प्रविधि हस्तान्तरण, प्रविधिको हस्तान्तरणमा अवरोधको अन्त्य, न्यून आम्दानी गर्ने राष्ट्रहरूले पाउनुपर्ने प्रविधि र अल्पविकसित मुलुकको नाताले पाउनुपर्ने सुविधाको प्रयोग गर्न र लाभ लिन सक्ने क्षमता विकास गर्न सक्नुपर्छ । यी मुलुकलाई निजी क्षेत्रबाट कसरी सहयोग गर्न सकिन्छ भनेर बिकसित मुलुकहरूले पनि सोच दिने कुराहरू छन् । अहिले निजी लगानी, सहायता परिचालन र ऋण लिने कार्य एकीकृत रूपमा गरौं भन्ने धारणा पनि विकास भइरहेको छ । यसमा निजी क्षेत्रलाई पनि सहजीकरण गरिदिने दायित्व दातृ मुलुकहरूको पनि हुन्छ । यो जिम्मेवारी पूरा गरिएन भने हामी आर्थिक व्यवस्थापनमा चुक्छौं । यस विषयमा छलफल हुन जरुरी छ । लगानी पनि गर्ने, ऋण पनि लिने र विदेशी मुद्रामा तिर्नुपर्ने क्षमता बढाउनु नै पर्छ । निर्यात बढाउन, विदेशी मुद्रा आर्जन गर्ने ठाउँ भएन भने अर्को समस्या उत्पन्न हुन्छ ।

दिगो विकास लक्ष्यको कार्यान्वयनको महत्त्वाकांक्षी पाटो भनेको स्रोत नै हो । थप स्रोतको कुनै न कुनै अवसर खोजी दिनुपर्छ । सहस्राब्दी विकास लक्ष्यको बेला विदेशी सहयोगको एउटा प्रतिबद्धता गरियो, जुन पालना गरिएन । अहिले पनि अन्तर्राष्ट्रिय वित्तीय सहयोग, समन्वय गर्ने कुरा प्रतिफल दिनेगरी अगाडि बढेका छैन । चाहे त्यो, सहायता, लगानी वा प्रविधि हस्तान्तरणबाट होस । त्यसमा ठोस केही विषयहरू देखिएका छन् । बहुपक्षीय संस्थाहरू एसियाली विकास बैंक, विश्व बैंक लगायतमा दिगो विकास लक्ष्यको बारेमा केही छलफल भएको छ । तर, दिगो विकास लक्ष्य कार्यान्वयनका लागि अतिरिक्त वैधानिक बाटो कसैले खोलेको छैन । एउटा प्रश्न उठ्न सक्छ कि स्रोत साधनहरू पनि परिचालन गर्न




नसक्ने जस्तो हाम्रो मुलुकको आरोप त्यो हो । तर, त्यसमा पनि दुईवटा कुरा बुझ्नपर्छ । एउटा त सहायता परिचालन गर्न सक्ने क्षमता विकास गर्नुपर्छ । तर, अव्यावहारिक सर्त राखेर परिचालन गर्ने सहायताको पनि अर्थ छैन । ती सर्तहरू पनि व्यावहारिक क्षेत्रमा कार्यान्वयन गर्न सक्ने हुनुपर्छ । न्यूनतम सर्त, कार्यान्वयन गर्ने क्षमता वृद्धिका लागि प्राविधिक सहयोगका कार्यक्रमसँगसँगै अनुदानको रूपमा आउनु जरुरी हुन्छ । सधैं अनुदानमा जानुपर्छ भनेर पनि भन्नु हुँदैन । कतिपय अवस्थामा ऋण लिएर पनि चलाउन सक्छौं । तर, विश्वव्यापी रूपमा सिर्जना हुने समस्या जस्तै जलवायु परिवर्तन ऋण लिएर समाधान गर्दैनौं । अन्तर्राष्ट्रिय समुदाय नै उत्तरदायी हुन्छ । हामी त्यसको मुख्य खेलाडी होइनौं । प्रकृतिको अनावश्यक दोहन, हाम्रो स्रोत साधनको अनावश्यक दोहन गरेर जति पनि समस्या आएको छ, समाधान गर्नुपर्ने हुन्छ । त्यस्ता कारणले गरिने खर्च हामी अनुदान नै माग्छौं । त्यो हाम्रो अधिकार पनि हो । तर, हामीलाई कृषिको विकास चाहिएको छ भने ऋण लिएर पनि गर्न सक्छौं ।




दोस्रो कुरा, प्रविधिमा विकसित विश्वले कब्जा जमाएको छ, त्यो हामीलाई खरिद गर भन्यो भने सक्दैनौं । अनुदानमै देऊ भन्छौं । यसमा हाम्रो केही अधिकारहरू पनि हुन्छन् । अहिले हाम्रो जनशक्ति बाहिर गएर काम गरेको छ । त्यहाँ आर्थिक वृद्धि भइराखेको छ । त्यसको अलिकति हिस्सा हामीलाई पनि अनुदान देऊ भन्न सक्छौं । पहिलो, दोस्रो विश्वयुद्धमा नेपालीहरू युद्ध लडे । केही ठाउँमा नेपालीको वीरगाथा भयो । ती मुलुकहरूमध्ये केहीले अहिले पनि नेपालीलाई सम्झेका छन् । उनीहरूकै सिपाही भएर युद्ध लडे पनि नेपाली हुन् भनेर धेरै मुलुकले हेरेका छन् । अहिले हाम्रो कामदार बर्दीविहीन भएर काम गरिरहेका छन् । त्यो हुनाले तिमीहरूले पनि हेर्नुपर्ने भने का छौं । तर, उत्पादन क्षेत्रमा, हामी आफैंले गर्नुपर्ने क्षेत्रमा ऋण लिएर पनि काम गर्छौं । त्यसका लागि अवसर भने चाहिन्छ ।

दिगो विकास लक्ष्य कार्यान्वयन गर्नका लागि ऋण पनि लिनुपर्छ । म आफैंले दिगो विकास लक्ष्यमा काम गरेको छु । आफैंले बजेट निर्माण गरेको दिगो विकास लक्ष्यका समय अवधिसम्म नपर्खी केही लक्ष्यहरू छिट्टै हासिल गर्ने क्रममा छौं । चरम गरिबी ५ वर्षभित्र, निरक्षरता उन्मूलन दुई वर्षभित्र भनेका छौं । शिक्षामा शतप्रतिशत भर्ना अर्को वर्ष भनेका छौं । आधारभूत खानेपानी ३ वर्षमा, आधुनिकीकरण नवऊर्जामा तीन वर्षमा लक्ष्यमा पुग्ने भनेका छौं । कतिपय कुराहरू भने हामीले भनेर हुँदैन । कुपोषण भन्नेबित्तिकै शून्य हुँदैन । बालबच्चाको मृत्युदर, मातृ मृत्युदर तत्काल शून्यमा झार्न पनि सक्दैनौं । तर, हामीले गर्न सक्ने कुरा दिगो विकास लक्ष्यभन्दा अगाडि नै हासिल गर्ने कोसिस गरिरहेका छौं ।

तर, जुन लक्ष्य हासिल गर्नु अत्यन्त चुनौतीपूर्ण छ । त्यसमा अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ भनेका छौं । वातावरणीय रूपमा आएका प्रभावहरू, विश्व आर्थिक संकटको असर, अन्तरसीमा आर्थिक तथा सामाजिक मुद्दामा अन्तर्राष्ट्रिय सहयोग चाहिन्छ । हाम्रो श्रमिकलाई सबै सामाजिक सुविधा प्रदान गर्छौं भनिरहँदा मुलुकबाहिर रहेका लाखौंलाई सामाजिक सुरक्षा हामीले दिन सक्दैनौं । त्यसैले साझा दायित्वहरू पनि छन् । ती साझा दायित्वमा साझा रूपमा पहल गरौं भन्ने हो । सुशासनको सन्दर्भमा समय लाग्छ । भ्रष्टाचार, शून्य सहनशीलता हामीले एजेन्डा नै बनाएका छौं । हामी सामाजिक न्यायमा आधारित विकासका कुरा गरिरहेका छौं । शान्तिका लागि सामाजिक न्याय चाहिन्छ । शान्तिपूर्ण न्यायिक विकासका लागि सबै क्षेत्र र सरोकारवालासँग प्रभावकारी साझेदारी र समन्वय हुनुपर्‍यो ।

*(कुराकानीमा आधारित)*



# दिगो विकास लक्ष्यको स्थानीयकरण : आशा र परिवर्तनको युग

**डा. पुष्प कँडेल, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग**

***नेपालले दिगो विकास लक्ष्य हासिल गर्न अर्थपूर्ण प्रगति गर्नेबारे आफू आशावादी रहेको बारे भनेर डा. कँडेलले डेभलपमेन्ट एडभोकेटसँग छलफल गरेका छन् । प्रगति हासिल गर्न संघीयताको संक्रमणकालले प्रदान गरेको अवसर, संविधानको प्रारूपसंगै सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने क्रममा नेपाल र राष्ट्रिय योजना आयोगले प्राप्त गरेको अनुभव पनि पर्छन् ।***

सहस्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्यका लागि नेपालको रणनीति र राष्ट्रिय योजना आयोगको भूमिकामा धेरै भिन्नता छ । दुई प्रारूपको भिन्नताको हिसाबले मात्रै होइन, देशको बदलिँदो परिदृश्यले पनि यी दुवै लक्ष्यमा भिन्नता छन् । जब सहस्राब्दी विकास लक्ष्य कार्यान्वयन हुँदै थियो तब नेपाल राजनीतिक रूपमा अस्थिर अवस्थाबाट गुज्रिरहेको थियो भने प्रशासनिक हिसाबले एकात्मक राज्य व्यवस्थामा थियो । त्यो बेला संविधान लेख्ने क्रम जारी थियो भने हामी हजारौंको मृत्यु भएको द्वन्द्वबाट तंग्रिँदै थियौं । त्यस्ता अवस्थामा पनि सहस्राब्दी विकास लक्ष्यले सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्‍यो ।



दिगो विकास लक्ष्यको अवधि तुलनात्मक रूपमा सजिलो छ । हामीसँग अहिले संविधान छ, मेरो विचारमा संविधानले दिएको म्यान्डेट र दिगो विकास लक्ष्यको म्यान्डेट उस्तै छ । आधारभूत सिद्धान्त र आधारभूत अधिकारका हिसाबले दुवैका लक्ष्यहरू समान छन् । दुवै दस्तावेजको समानताले यो विश्वव्यापी लक्ष्य आन्तरिकीकरण गर्न र कार्यान्वयन गर्न पक्कै पनि सहजीकरण गर्छ ।

सहस्राब्दी विकास लक्ष्यका लागि हामी जब काम गरिरहेका थियौं, त्यो बेलामा हामीसँग सक्रिय स्थानीय र प्रदेश सरकार थिएन । अहिले हामीसँग तीनै तहको सरकारमा निर्वाचित जनप्रतिनिधिहरू छन् । दिगो विकास लक्ष्य हासिल गर्न उनीहरूको प्रतिबद्धता र उत्सुकता एकदमै छ । तर, उनीहरूलाई दिगो विकास लक्ष्यहरू बुझ्न र अपनाउन सहयोग गर्न आवश्यक छ । उनीहरूको प्रयासलाई प्रभावकारी बनाउन र सामाजिक परिवर्तनलाई साकार पार्न दिगो विकास लक्ष्यप्रति जनप्रतिनिधिमा अपनत्वको भावना जागृत हुनुपर्छ ।

यसका लागि केही चुनौतीहरू पनि छन् । अहिले केन्द्र, प्रदेश र स्थानिय तहमा सरकार छन् तर अहिलेसम्म अधिकार, भूमिका र जिम्मेवारी पूर्णतः प्रस्ट भइसकेको छैन । जसकारण केन्द्र, प्रदेश र स्थानिय सरकारबीच केही मनमुटाव पनि छन् । तर, मेरो विचारमा यी अस्थायी प्राविधिक विषय हुन् र महत्वपूर्ण पक्ष के हो भने मुख्य मुद्दामा सबै सरकारबीच सामूहिक सहमति छ । अर्को कुरा, केन्द्रमा जुन दलले सरकार बनाएको छ उसको अधिकांश प्रदेशमा पनि सरकार छ । यसले प्रभावकारी कार्यान्वयनको सम्भावना बढाउँछ भने प्राविधिक विषय जतिसक्दो चाँडो र सहज ढंगले कसरी किनारा लगाउने भन्ने हाम्रै हातमा छ ।

हामीले हाम्रो १५ औं विकास योजना पनि तयार पारिरहेका छौं, जसले संविधान र दिगो विकास लक्ष्य दुवैको थप कार्यान्वयनका लागि सघाउँछ । साथै, हामी २५ वर्षे विकास भिजन पनि तयार गर्दैछौं, जसले दिगो विकास लक्ष्यलाई समाहित गरेको मात्रै छैन, २०३० पछिको योजना सोचेको छ । योबाहेक, राष्ट्रियस्तर दिगो विकास लक्ष्य प्रारूपबाहेक प्रदेश सरकारले पनि यस्तै प्रारूप तयार पारिरहेका छन् । युएनडीपीको सहयोगमा



योजना आयोगले प्रदेश सरकारलाई दिगो विकास लक्ष्यका सारभूत तत्वलाई योजनामा समेट्न सघाउँदैछ । यस्तै खाले सहायता स्थानीय सरकारलाई पनि दिने तयारी भइरहेको छ । धेरै काम भइरहेको छ, चुनौतीहरू पनि छन् तर संविधानको भावनाअनुरूप रणनीतिक सहकार्य र सहजीकरणमार्फत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने यो ठूलो अवसर हो ।

सहस्राब्दी विकास लक्ष्य कार्यान्वयन गरेका हिसाबले योजना आयोग ज्ञान, प्राविधिक सीपको केन्द्र हो र यसको संस्थागत ज्ञान अब प्रदेश र स्थानीय तहमा सार्नुपर्ने आवश्यकता छ । अब हरेक प्रदेशमा योजना आयोग रहनेछ । आयोगले स्थानीय र प्रदेश सरकारसँग नजिकबाट सहकार्य गर्नेछ । यसले उनीहरूलाई विकास योजना, कार्यान्वयन, अनुमगन र मूल्यांकनमा सहयोग गर्नेछ । आयोगले विकासका सबै प्रक्रियाहरू तथ्यमा आधारित र दिगो विकास लक्ष्यका हिसाबले सचेत बनाउन भूमिका खेल्नेछ । यसले गर्दा उनीहरूलाई विकासका प्राथमिकता पहिचानमा सघाउ पुग्छ । योसँगै हामीले स्थानीय र प्रदेश सरकारलाई जानकारी गराउने उद्देश्यले विभिन्न जानकारीमूलक सामग्रीहरू तयार पारेका छौं ।

दिगो विकास लक्ष्यको स्थानीयकरणको सन्दर्भमा हुने सम्भावित चुनौतीको विषयमा केहीले प्रश्न पनि उठाएका छन् । संघीयताको सिद्धान्तको सम्मान गर्दै स्थानीय तहलाई स्वायत्तता दिने विषयको सन्तुलन मिलाउन गाह्रो हुने साथै समग्र राष्ट्रिय प्राथमिकताका प्रारूपको कार्यान्वयनमा एकरूपता नहुने विश्लेषण पनि गरिएको छ । तर, म अहिलेसम्म विषयसँग सम्बन्धित कुनै पनि प्रकारको द्वन्द्व देख्दिनँ । त्यसैले देशैभर अधिकांश स्थानमा सरकार निर्माण गरेको छ, त्यसैले धेरै विषयमा सहमति र सहकार्य हुन्छ । केन्द्र र प्रदेश तथा स्थानीय सरकारमा एकै पार्टीले नभई फरकफरक सरकारले बहुमत ल्याएको भए पनि देशैभर एउटै दृष्टिकोण र लक्ष्यका साथ काम गर्ने तारतम्य मिलाउन हामीसँग संवैधानिक व्यवस्था छ र मलाई लाग्छ, यस्तो विषय राजनीतिक सिद्धान्तभन्दा धेरै फरक छ ।

हामीलाई जहाँतहीं समस्या पार्ने भनेको अनुभवको कमी हो । हामी संघीय संरचनाको अभ्यासमा नयाँ हौं । यो संक्रमणकालमा हामीलाई केही चुनौतीहरू आइपर्ने पक्का छ । त्यो प्रदेश सरकारबीचको प्रतिस्पर्धाले होस् वा स्थानीय सरकारबीच । स्थानीय र प्रदेश सरकारमा चुनिएका प्रतिनिधिले आफूलाई दिइएको अधिकार उपभोग गर्न नपाएको, कर्मचारीतन्त्रबाट सहयोग प्राप्त नभएका जस्ता गुनासो गरेका धेरै घटना छन् । उदाहरणका लागि, सबैभन्दा बढी सुनिएको गुनासो कर्मचारी समायोजन पनि हो र यो जायज गुनासो पनि हो । किनकि हामी संघीयतामा गए पनि हाम्रो कर्मचारीतन्त्रमा केही तत्वहरू छन् जुन केन्द्रीकृत नै छ । जस्तो कि सरकारी कर्मचारीहरू केन्द्रबाट स्थानीय तहमा जान अनिच्छुक छन् ।





तर, मलाई विश्वास छ यी विषयहरू चाँडै समाधान हुन्छन् । संघीयताको सिद्धान्त भनेकै शक्तिको विकेन्द्रीकरण हो, जसमा केन्द्र सरकारले नीति बनाउँछ, प्रदेश सरकारले कार्यान्वयन गर्छ र स्थानीय तहले सेवा प्रवाह गर्छ । यसले सरकारी संयन्त्रभित्रै पनि शक्ति पृथकीकरण र सन्तुलनको काम पनि गर्छ । हामी जबसम्म यी सिद्धान्तबाट बाँधिन्छौं तब हामीले प्रगति गर्नेमा कुनै शंका छैन ।

उत्साहित हुनुपर्ने धेरै कारणहरू अहिले नै देखिएका छन् । आयोगको तर्फबाट म सहभागी भएका केही अन्तर्राष्ट्रिय मञ्चहरूमा पाएको जानकारीअनुसार नेपालले दिगो विकास लक्ष्यका लागि धेरै देशभन्दा प्रगति गरेको छ । हाम्रो मुख्य समस्या आर्थिक हो । हाम्रा राष्ट्रिय प्राथमिकताहरू दिगो विकास लक्ष्यसँग जोडिएको भए पनि लक्ष्य प्राप्तिका लागि हामी ठूलो लगानीको खोजीमा छौं ।

*(कुराकानीमा आधारित)*


**"युएनडीपीको सहयोगमा योजना आयोगले प्रदेश सरकारलाई दिगो विकास लक्ष्यका सारभूत तत्वलाई योजनामा समेट्न सघाउँदैछ, यस्तैखाले सहायता स्थानीय सरकारलाई पनि दिने तयारी भइरहेको छ । धेरै काम भइरहेको छ, चुनौतीहरू पनि छन् तर दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने यो ठूलो अवसर पनि छ ।"**



# नवप्रवर्तनको परिवर्तनकारी शक्ति

दिगो विकास लक्ष्यको महत्वाकांक्षी उद्देश्यहरू पूरा गर्ने हो भने नेपालसहित सबै देशले जटिल र अन्तरसम्बन्धित विकास चुनौतीहरू पार गर्न नयाँ र उदाउँदो प्रविधिगत समाधानका लागि अनुसन्धान र लगानी गर्नुपर्छ ।

**"हामी यसरी उपेक्षित भएर बस्न सक्दैनौं । यदि देशमा सबैको प्रगति र समृद्धि देख्न चाहन्छौं भने नयाँ अन्वेषण र आविष्कारलाई अंगीकार गर्ने शैली परिवर्तन नभई हुन्न ।"**



हामी प्रविधि प्रचुरताको युगमा बाँचिरहेका छौं । बढ्दो नवप्रवर्तन हाम्रो जीवनको सबै पाटोमा एकदमै नौला परिवर्तनहरू ल्याएका छन् । यसका कारण अनेकौं क्षेत्रमा उत्पादकत्व बढेको छ भने लागत घटेको छ र पहुँच वृद्धि भएको छ । सकारात्मक परिवर्तनका लागि व्यापक सम्भावना भएकाले दिगो विकास लक्ष्यमा नवप्रवर्तनले स्थान पाएको छ । दिगो विकास लक्ष्यको नवौं लक्ष्यमा उद्योग, अन्वेषण/नवप्रवर्तन र पूर्वाधारले स्थान पाएका छन् । यो बुझ्न गाह्रो छैन कि दिगो विकास लक्ष्यका १७ वटै लक्ष्यहरू हासिल गर्न विज्ञान, प्रविधि र मानवीय स्रोतको पूर्ण उपयोग नगरी सम्भव छैन । नवप्रवर्तनको शक्ति विकसित देशमा मात्रै सीमित छैन, नेपालजस्तो अति कमविकसित देशमा पनि यो उत्तिकै लागू हुन्छ ।

नेपालमा दिगो विकास लक्ष्यलाई कार्यान्वयन र अनुगमन गर्ने निकाय राष्ट्रिय योजना आयोग हो । आयोगले नेपालका लागि १ सय ६९ परिमाणात्मक लक्ष्य र ४ सय भन्दा बढि सूचकांक समेटिएको मार्गदर्शन लागू गरिसकेको छ, जुन सन् २०३० सम्ममा हासिल गर्नुपर्ने हुन्छ । यो अवधिमा गरिबीलाई ५ प्रतिशतभन्दा तल झार्ने, प्रतिव्यक्ति आयलाई प्रतिवर्ष २ हजार ५ सय अमेरिकी डलर पुऱ्याउने, सबैलाई आधारभूत स्वास्थ्य




सेवा पुऱ्याउने, सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने र अर्थतन्त्रमा उद्योगको योगदान २५ प्रतिशत पुऱ्याउनेसहितका लक्ष्यहरू तय गरिएको छ ।

तर, के कुरा प्रस्ट छ भने यी महत्वाकांक्षी लक्ष्य पूरा गर्न पहिल्यै अपनाइएका शैलीभन्दा फरक आवश्यक पर्छ । हामीले अहिले भोगिरहेको जटिल र अन्तरसम्बन्धित प्रकृतिका विकास चुनौतीहरू पार गर्ने हो भने नयाँ प्रविधिले उपलब्ध गराउने औजार तथा उपाय अपनाउनु र लागू गर्नुको विकल्प छैन । तर दुर्भाग्य, दिगो विकास लक्ष्यलाई अघि बढाउन आवश्यक पर्ने नयाँ प्रविधिमा अनुसन्धान र लगानीको अभाव छ भने समग्रमा यसलाई निकै कम प्राथमिकतामा राखिएको छ ।

'हामी यति उपेक्षित भएर बसिरहन सक्दैनौं,' राष्ट्रिय आविष्कार केन्द्र नेपालका अध्यक्ष महावीर पुन भन्छन्, 'यदि हामीले देशमा सबैका लागि समृद्धि र प्रगति सुनिश्चित गर्ने हो भने आविष्कारलाई नस्विकार्ने हाम्रो पुरानो शैली बदल्नुपर्छ ।' राष्ट्रिय योजना आयोगले तयार पारेको भावी मार्गचित्रमा यो विषयमा केही प्रतिबद्धता जनाइएको छ । यसमा अनुसन्धान र विकासका लागि अहिले अर्थतन्त्रको शून्य दशमलव ३ प्रतिशत खर्चबाट बढाएर एक दशमलव ५ प्रतिशत पुऱ्याउने बताइएको छ ।

योबाहेक उक्त मार्गदर्शनमा सन् २०१५ सम्ममा प्याटेन्टलाई बढाएर एक हजार पुऱ्याउने लक्ष्य राखिएको थियो । वास्तवमा पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रले आविष्कारक र अन्वेषकलाई उनीहरूको अन्वेषण




अनुसार प्याटेन्ट अधिकारी, ट्रेडमार्क र बौद्धिक सम्पत्ति अधिकार दर्ता गर्न पूरा सहयोग गर्छ। 'नयाँ आइडिया र प्रतिभाहरू प्रस्फुटित हुने वातावरण तयार पार्ने प्रयास हो यो,' पुन भन्छन्। सरकारले आविष्कारकहरूलाई प्रत्यक्ष सहयोग गर्नुपर्ने वा कम्तीमा उनीहरूलाई लगानीकर्तासँग जोड्नुपर्ने पुनको धारणा छ। उनीहरूको सेवा तथा वस्तुले देशको सामाजिक-आर्थिक विकासको योगदान दिने मात्रै नभई दक्ष जनशक्तिको विदेश पलायन रोक्न यो एउटा कदम सावित हुने उनको तर्क छ।

नेपालको दुर्गम गाउँमा ताररहित उपकरण पुर्‍याएबापत सन् २००७ मा प्रतिष्ठित म्यागेसेसे अवार्ड पाएका पुन आविष्कार भनेको सधैं पूर्णतः नयाँ विषयको अन्वेषण मात्रै नहुने पक्षबारे ध्यान दिनुपर्ने बताउँछन्, 'अहिले भइरहेको प्रविधिलाई व्यावहारिक सन्दर्भमा मिल्ने बनाउनु पनि आविष्कार हो।' कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) उपाध्यक्ष सुनैना घिमिरे पाण्डेको विचार पनि उस्तै छ। अहिले उपलब्ध सूचना तथा सञ्चार प्रविधि दिगो विकास लक्ष्यका लागि प्रयोग गर्न ठूलो समस्या रहेको उनी बताउँछिन्। 'पहुँच नपुगेका देशभर का कक्षाकोठामा सूचनामूलक र शैक्षिक सामग्री पुर्‍याउनदेखि डाक्टरले धेरै टाढा बसेर पनि बिरामीको उपचार गर्न सक्ने टेलिमेडिसिनको आविष्कारसम्म, फरक-फरक आविष्कारका लागि धेरै ठाउँ छन्,' उनी भन्छिन्, 'व्यावहारिक रूपमा सम्भावनाहरू अनगिन्ती छन्।'



# अदृश्य शक्ति



मेरो नाम मीना कुमारी हो र मेरो घर रामेछाप जिल्लामा पर्छ । मैले मेरो घर छाडेको र बनेपामा बस्न थालेको धेरै भइसक्यो । म मेरा श्रीमान्, एक छोरा र छोरीसहित यहाँ बस्दै आएकी छु र निर्माण क्षेत्रमा काम गर्दै उनीहरूको लालनपालन खर्च जुटाइरहेको छु । एक ठाउँबाट अर्को ठाउँमा निर्माण सामग्री बोकेर पुर्‍याउने काम गर्छु । कहिलेकाहीं घोलिएको सिमेन्टहरू पनि बोक्छु । परेको जुनसुकै काम गर्छु । थोरै पैसामा धेरै काम गर्नुपर्छ । दैनिक ४ सय ज्याला पाउँछु । काम सकेर घर आउँदा मेरो हड्डीसमेत दुख्छ तर जब निदाउने बेला हुन्छ तब मेरो परिवारले खान-लाउन पाएका छन् भन्ने सोचेर सन्तुष्टि मिल्छ ।

सधैं यस्तै अवस्था थिएन । जब म पहिलो पटक बनेपा आइपुगें, तब मलाई राम्रो काम पाउने आशा थियो र परिवारको जीवन राम्रो बनाउने अनि छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिएर सक्षम बनाउने उद्देश्य थियो । तर, सधैं सोचेजस्तो सजिलो कहाँ हुन्छ र ? सुरुदेखि भन्नुपर्दा, मेरो श्रीमान् एकदमै धेरै रक्सी पिउनुहुन्थ्यो । मैले कमाएको सारा पैसा रक्सीमा सक्नुहुन्थ्यो । बालबच्चाको पढाइ र भविष्यको उनलाई केही मतलब थिएन । पहिला राम्ररी खान-लाउन पुग्दैन थियो, त्यहीकारण बच्चाहरू पनि बिरामी भा'को भई हुन्थे । घरभाडा तिर्ने पैसा पनि हुँदैनथ्यो ।

त्यो बेलामा फेरि घर फर्कनेबारेमा नसोचेको होइन तर मेरा बच्चाहरूका लागि पनि मैले केही गर्नुपर्छ भन्ने भयो । त्यसैले मैले बिस्तारै जतिसक्दो पैसा जम्मा गर्न थालें । मैले बच्चालाई स्कुल पढाउन पुग्ने पैसा जम्मा गरें । मलाई यत्ति चाहिएको थियो । अहिले छोरो ठूलो र बुझ्ने भइसक्यो । ऊ अहिले कलेज पढ्न र आफ्नो अनि बहिनीको पढाइ खर्चका लागि आफैं पैसा कमाउँछ । र, मेरा श्रीमान्को आनीबानी पनि परिवर्तन भइसक्यो । उहाँको रक्सी छोडिसक्नुभयो । अहिले मसँगै काम गर्नुहुन्छ । हामीले एउटै काम गर्ने भए पनि उहाँले बढी ज्याला पाउनुहुन्छ । उहाँ पुरुष भएकाले मैलेभन्दा दोब्बर ज्याला पाउनुहुन्छ ।

महिला र पुरुषले एउटै काम गर्दा एउटै ज्याला पाउनुपर्ने भए पनि त्यस्तो भएको छैन । मैले थाहा पाए अनुसार चिनजानले पनि धेरै फरक पार्छ । ठेकेदारसँग चिनजान र नजिक भएका कामदारहरूले हामीले भन्दा बढी ज्याला पाउँछन् । तर, हामीले कसलाई गुनासो गर्ने ? यो एकदमै गाह्रो काम हो र शारीरिक रूपमा पनि एकदमै थाकिन्छ । म प्रायः काम गर्दागर्दै ढल्छु, पूरा जिउ दुख्छ तर काम गरिरहनुपर्छ । बिमाको बारेमा सुनेको छु तर मैले आफ्नो बिमा गरेकी छैन । काम गर्ने ठाउँमा हामीलाई केही भयो भने कसैले सहयोग गर्दैन । मेरा साथीहरू अहिले पनि खान-लाउनका लागि समस्या भोगिरहेका छन् । ठेकेदारले हामीले काम गर्न नसकेको देख्यो भने अरू मान्छे राखिहाल्छन् ।

पहिलाभन्दा अहिले काम पनि परिवर्तन भइरहेको छ । पहिला हामी आफैंले सिमेन्ट मिक्स गर्नुपर्थ्यो तर अहिले मेसिनले गर्छ । मेसिनले कामलाई सजिलो बनाएको छ र धेरै काम मेसिनबाटै हुन्छ । तर, सबै काम मेसिनले गरेपछि हाम्रो आम्दानी पनि घट्दैछ । धेरैपल्ट मलाई अब पैसा कमाउन सकिनँ भने के हुन्छ ? भन्ने सोचेर डर लाग्थ्यो । मेरो परिवार कसरी बाँच्छन् ?, हामीमध्ये कोही बिरामी परेर काम गर्न सकेनौं भने के हुन्छ ? भन्ने सोच्थें ।

जुन दिन मैले काम गर्न सक्दिनँ, त्यो दिन यो सहर छोड्नुपर्छ । यहाँ बस्न एकदमै महँगो छ । हामीले दुईवटा कोठा भाडामा लिएका छौं । महिनामा ५ हजार रुपैयाँ तिर्नुपर्छ । विद्युत् त छ तर खानेपानीको भने निकै समस्या छ । हामी जारको पानी किन्छौं । दिनमा ३५ रुपैयाँको पानी किन्नुपर्छ । चार जनाको परिवारका लागि ठाउँ पनि निकै साँघुरो छ तर अरू विकल्प छैन ।

मलाई आफूले गर्ने काममा कुनै लाज छैन । तर, केही मान्छेहरूले हामीलाई तल्लो स्तरको काम गर्ने मान्छे भन्ठान्छन् । हामी त अरूको घर बनाउन सहयोग गर्छौं, यो सहर जसरी विकास भइरहेको छ, त्यसरी विकास हुनुमा हामी नै अदृश्य शक्ति हो । मलाई यसमा गर्व छ । मलाई लाग्छ,



## मीना कुमारी

हामीजस्ता मान्छेका लागि आफ्नो अधिकारका लागि लडिदिने कोही छैन । हामीलाई हाम्रोबारेमा बोलिदिने सरकारी र गैरसरकारी निकाय चाहिएको छ । हाम्रोबारेमा बोलिदिन र ज्यालामा हुने विभेदको विषय सम्बोधन गर्न सरकारी र गैरसरकारी निकाय चाहिन्छ । साथै, कार्यस्थलमा सुरक्षाका उपाय नअपनाउँदा हामीमाथि शोषण र शारीरिक जोखिम भइरहेको छ ।

हाम्रोबारेमा काम गर्ने केही संस्थाहरू पनि छन् । उनीहरू हाम्रा लागि काम गरिदिने दाबी गर्छन् तर उनीहरूको काम सीमित छ । अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउन मात्रै सक्रिय छन् तर हाम्रो जीवनमा कुनै परिवर्तन आएको छैन ।

धेरै नकारात्मक कुरा मात्रै नगरौं । मजदुरको रूपमा जेजस्तो गाह्रोसाह्रो भए पनि यही कामले मलाई आपत्को बेलामा सहयोग गरेको छ । मेरा बालबच्चालाई पढाउन र भविष्यका लागि पैसा जम्मा गर्न सकेकी छु । छोरछोरी आफ्नो खुट्टामा उभिन सक्छन् भन्ने ज्ञानले मलाई बल दिएको छ । मैले चाहेको र प्रार्थना गरेको यत्ति हो । यत्ति भयो भने मलाई साह्रै गर्व हुन्छ ।



# अन्तर्वार्ता

## नयाँ क्षेत्र : विश्वव्यापी लक्ष्यसँग जोडिँदै व्यवसाय

### (चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीसंगको अन्तर्वार्ता)

नेपालको पहिलो बहुराष्ट्रिय कम्पनी चौधरी ग्रुप (सीजी) र यसको सबैभन्दा ठूलो तथा विविधतायुक्त व्यवसाय कङ्लोमेरेटका प्रबन्ध निर्देशक हुन्, निर्वाण चौधरी । भारतको प्रसिद्ध विद्यालय दुन स्कुल र बेलायतको हरुको स्कुलमा प्रशिक्षित निर्वाण हिमालयन क्लाइमेट इनिसियटिभका सहसंस्थापक हुन् र सीजीको व्यावसायिक सामाजिक उत्तरदायित्व हेर्ने (कर्पोरेट सोसल रेस्पोन्सिबिलिटी) चौधरी फाउन्डेसनको पनि नेतृत्व गर्छन् ।

उनी विकासको वकालत गर्ने संस्थाहरूसँग निजी क्षेत्रले आफ्नो कार्यसञ्चालन, लगानी र सामझेदारीमा किन दिगो विकास लक्ष्यहरूलाई समावेश गर्न आवश्यक छ र नेपाल सरकार तथा विकास साझेदारले उद्यमहरूलाई दिगो विकास लक्ष्यमा आबद्ध गराउन कसरी उत्प्रेरित गर्न सक्छन् भन्ने विषयमा पनि छलफल गर्छन् ।

**दिगो विकास लक्ष्य हासिल गर्न निजी क्षेत्रको के भूमिका रहन्छ ?**

दिगो विकास लक्ष्यका १७ वटै लक्ष्य हाम्रो दैनिक जीवनसँग जोडिएका छन् र हामी वरपरकै विषय हुन् । यहाँ प्रस्ताव गरिएको पाँच पी– प्लानेट, पिपल, प्रस्पेरिटी, पिस र पार्टनरसिप (पृथ्वी, जनता, समृद्धि, शान्ति र सहकार्य) सबै देश र क्षेत्रमा लागू हुने अवधारणा हो । त्यसैले साना उद्यमदेखि चौधरी ग्रुपजस्ता बहुद्देश्यीय व्यवसायले आफ्नो दैनिक काममा यो सिद्धान्त अन्तरनिहित गर्नुपर्छ र दिगो विकास लक्ष्यका उद्देश्य हासिल गर्नका लागि आफैंलाई पुनःसंरचना गर्नुपर्छ ।

यदि व्यवसायहरूले मानवीय मूल्यलाई मनमा राख्ने हो र सर्वाङ्गीण मानवीय अवस्था सुधार्ने तथा सचेततापूर्वक व्यावसायिक नेतृत्वको संस्कार बसाल्ने हो भने विश्वभरका मानिसहरूले दिगो विकासको अभिवृद्धिका लागि व्यवसायको भूमिकालाई प्रशंसा गर्नेछन् । चौधरी ग्रुपमा हामी यही मोडललाई पछ्याउँछौं ।

**चौधरी ग्रुपले आफ्नो कार्यसंरचना र वातावरणमा दिगो विकास लक्ष्यहरूलाई कसरी समाहित गर्छ ?**

हामी चौधरी ग्रुपमा निजी क्षेत्रको सकारात्मक परिवर्तन ल्याउन विश्वभर अभ्यास भई प्रमाणित भएका मोडलहरू अभ्यास गर्न तत्पर रहन्छौं । सन् २०१७ मा 'ग्लोबल गोल' को बारेमा परिचित र शिक्षित गरेकामा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) प्रति आभारी छौं । यो हामीले लामो समयदेखि गर्न चाहेको सहकार्य थियो । नेपाली जनतालाई यसबाट फाइदा पुग्छ भन्ने भन्ने मात्र नभई हामी नेपाली व्यावसायिक क्षेत्रमा एउटा उदाहरण कायम गर्न चाहथ्यौं । त्यसैले हामीले त्यो सहकार्य गरेका हौं ।

युएनडीपीको अभिभावकत्वमा हामीले १० वटा दिगो विकास लक्ष्यहरूको पहिचान गरेका छौं, जुन चौधरी ग्रुपको कामसँग प्रत्यक्ष सम्बन्धित छन् । हाम्रो १० हजार जनशक्तिको आकार र विविधताको बलियो समूहले पनि चौधरी ग्रुपले कसरी




चौधरी ग्रुपको औद्योगिक क्षेत्रमा स्थापना गरिएको पानी शुद्धिकरण प्रणाली

नेपालमा रोजगारी सिर्जना गरेको छ भन्ने देखाउँछ । यो रोजगारीको प्रभाव व्यापक छ किनकि रोजगारीले कर्मचारी र उनीहरूको परिवारमा राम्रो पोषण, स्वास्थ्य, शिक्षाको पहुँच पुऱ्याउँछ र सामान्यतया उनीहरूको जीवनस्तर सुधार्छ ।

हाम्रो मानव संसाधन विभागले कम्पनीमा लैङ्गिक असन्तुलन नहोस् भन्ने जिम्मेवारी पनि पाएको छ । सोही अनुसार विभागले अनुगमन र कार्यान्वयन गर्छ । हामी पर्यावरणमैत्री वैकल्पिक ऊर्जाको प्रयोगमा पनि जोड दिन्छौं भने दिगो उपभोग तथा उत्पादन शैली र जतिसक्दो बढी समावेशी औद्योगीकरणमा पनि ध्यान दिन्छौं । हामीले विभिन्न विकास योजनामा सहयोग गर्न सामूहिक स्रोतको राम्रो उपयोग हुने गरी स्थानीय र अन्तर्राष्ट्रिय सहकार्य पनि गरिरहेका छौं ।

हाम्रा वरिष्ठ कर्मचारीहरूलाई दिगो विकास लक्ष्यहरूका विषयमा र चौधरी ग्रुपको कार्यसञ्चालनमा ती लक्ष्यहरूको सम्बन्धबारे अभिमुखीकरण पनि गरेका छौं । देशभर रहेका हाम्रा उद्योगहरूमा मासिक तालिमहरू सञ्चालन गरेका छौं । यस्ता तालिमले कर्मचारीहरूलाई दिगो विकास लक्ष्यको महत्व र तिनले कसरी काम गर्छन् भन्ने बुझ्न सघाउँछ । युएनडीपी र हाम्रो सामाजिक उत्तर दायित्व विभागको सहयोगमा चौधरी ग्रुपले दिगो विकास लक्ष्यलाई सहयोग गरिरहेको छ ।

**विकासलाई आफ्नो कार्यशैलीमा समावेश गर्ने काममा नेपाली उद्यमीहरू कुन स्थानमा छन् ?**

कुनै पनि व्यक्ति, समुदाय वा संघसंस्थाका लागि आफ्नो काममा दिगोपना र प्रभाव कायम राख्नु सधैं महत्वपूर्ण हुन्छ । तर, यो काम अहिलेभन्दा जटिल कहिल्यै थिएन, किनकि अहिले हामीले आफ्नो सीमित स्रोत साधनलाई कसरी सदुपयोग गर्ने भनेर दुई पटक सोच्नुपर्ने अवस्था छ । मानव समृद्धिलाई ध्यानमा राखेर निर्माण गरिने नैतिकतायुक्त व्यापार रणनीति सबै व्यवसायको गन्तव्य हुनुपर्छ । यो समयमा यो सबैको जिम्मेवारी हो ।

मलाई लाग्छ, हालसम्म व्यवसायको नेतृत्व गर्नेहरू यो काममा सुस्त छन् । आफूलाई दिगो विकास लक्ष्यमा समाहित गर्ने चौधरी ग्रुप पहिलो कम्पनी हो र पछिल्लो पटक अन्य केही व्यवसायहरूले पनि आफूलाई दिगो विकास लक्ष्यमा समाहित गरेको महसुस गरेको छु । तर, अब ढिला गर्नु हुन्न । म सानादेखि ठूला सबै व्यावसायिक संस्थालाई सन् २०३० को यो मुद्दालाई सहयोग गर्न हात अघि बढाउन अनुरोध गर्छु । यो मानवताका लागि हो र हाम्रो सहकार्यको प्रभावले हाम्रा सन्ततिको राम्रो भविष्यको सुनिश्चितता गर्छ ।

**तपाईंको विचारमा दिगो विकास लक्ष्यमा ध्यान दिएर व्यवसायीले के उपलब्धि हासिल गर्छन् ?**

दिगो विकास लक्ष्यले विश्वभरका चुनौतीपूर्ण मुद्दामा सचेत बनाउँछ र यो दिगो आविष्कारको उत्प्रेरक पनि हो । यस हिसाबले यसले व्यवसायलाई आफ्नो स्रोत र सञ्जालमा राम्रो कामका लागि उपयोग गर्न प्रेरित गर्छ । दिगो विकास लक्ष्यलाई अंगीकार गर्दा राष्ट्रिय नीति तथा कानुनलाई झन् बढी गुणस्तरीय, समान, बृहत् र पर्यावरणीय रूपमा सचेत बनाउन सकिन्छ । व्यवसायको वातावरणका लागि यो सुखद पक्ष हो र यस्ता नीति नियमले कम्पनीहरूलाई उनीहरूले काम गर्ने शैली सुधार्न पनि सघाउँछ । त्यसैले, दिगो विकास लक्ष्यमा केन्द्रित हुन् व्यवसायको दिगोपनाका लागि आफैंमा एक लगानी हो ।

**दिगो विकास लक्ष्य हासिल गर्न ठूलो लगानी पनि आवश्यक छ । संयुक्त राष्ट्रसंघ, विकास साझेदार र नेपाल सरकारले आवश्यक स्रोत कसरी जुटाएको छ ? यो उद्देश्यका लागि निजी क्षेत्रको पुँजी पनि परिचालन गर्न सकिने कुनै उपाय छ ?**

संयुक्त राष्ट्रसंघ, विकास साझेदार र सरकारले दिगो विकास लक्ष्यका लागि आवश्यक पर्ने अतिरिक्त बजेट विभिन्न विकास चुनौतीलाई सम्बोधन गर्ने खालको आविष्कारमूलक योजनामा सहलगानीकर्ता बनेर पनि

जुटाउन सक्छन् । नेपालको हकमा यो केही जटिल छ किनकि यहाँ सरकारले व्यापारमा उच्च कर लगाएको छ । तर, यी करबाट संकलित रकम कसरी विकासमा खर्च गर्ने भन्नेबारेमा प्रस्ट भइसकेको छैन, किनकि यसबाट प्राप्त हुने नतिजा त्यति सन्तोषजक छैन । सडकजस्ता आधारभूत पूर्वाधारको अभावमा उत्पादनको वितरण र बजार प्रवर्द्धन गर्न गाह्रो छ । यो दूरदृष्टि नहुनु, काम गर्ने परम्परागत शैली र कमजोर शासन प्रणालीका कारण यो अवस्था भएको हो । त्यसैले सार्वजनिक र निजी क्षेत्रभित्र विश्वासको वातावरण बनाउन जरुरी छ र मलाई लाग्छ, संयुक्त राष्ट्रसंघ र विकास साझेदारको भूमिका यही हुन्छ । उनीहरूको सहभागिता र सहजीकरणले चौधरी ग्रुपजस्ता कम्पनीलाई सरकार र अन्य निकायलाई दिगो विकास लक्ष्यका उद्देश्य हासिल गर्ने क्रममा सहयोग गर्न प्रेरित गर्छ ।

संयुक्त राष्ट्रसंघ र युएनडीपीले निजी क्षेत्रका अन्य सदस्यहरूलाई पनि दिगो विकास लक्ष्यका विषयमा प्रशिक्षित गर्ने अभियानलाई निरन्तरता दिनुपर्छ । दिगो विकास लक्ष्यलाई लिएर धेरै गलत बुझाइहरू छन् । धेरै मानिस यस्तै बुझाइबाट प्रभावित छन् र दिगो विकास लक्ष्य धेरै महत्वाकांक्षी भएकाले व्यक्तिको जीवनमा प्रभाव नपार्ने विश्वास राख्छन् । दिगो विकास लक्ष्यमा समेटिएका पक्षले उनीहरूको दैनिक जीवनको सानोभन्दा सानो काममा हजारौं तरिकाबाट प्रभाव पार्छन् भन्ने बुझाउन जरुरी छ । आफ्ना सन्तानलाई एक घण्टा समय दिने होस् वा एउटा रूख रोप्ने, यी सबै कामले दिगो विकास लक्ष्यका एक वा एकभन्दा धेरै पक्षलाई प्रभाव पार्छ ।

**चौधरी फाउन्डेसनले संयुक्त राष्ट्रसंघसँग कसरी सहकार्य गरिरहेको छ ?**

चौधरी फाउन्डेसनको एउटा उद्देश्य सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित मुलुकको सूचीबाट विकासोन्मुख मुलुकमा स्तरोन्नतिमा सघाउनु पनि हो । सीमान्तकृत र निःसहाय समुदायलाई लक्षित गर्दै २४ जिल्लामा विभिन्न आवश्यकता परिपूर्ति गर्ने गरी कार्यक्रम सञ्चालन गरिरहेका छौं ।

जहाँसम्म शिक्षाको कुरा छ, सन् २०१५ को भूकम्पले प्रभावित १० जिल्लामा हामीले ४० वटा विद्यालय निर्माण गरेका छौं । त्यहाँका कक्षा कोठामा आधुनिक, डिजिटल प्रविधिको प्रयोग गर्न प्रयत्न गरिरहेका छौं । योबाहेक हामीले आवश्यक परेका विद्यार्थीलाई छात्रवृत्ति दिने र राम्रा शिक्षकहरूलाई भर्ना गर्ने पनि गरिरहेका छौं । विपद् जोखिम न्यूनीकरणका लागि हामीले सिन्धुपाल्चोक जिल्लामा ६५ भूकम्पपीडित परिवारका लागि एक नमुना गाउँ निर्माण गर्दैछौं, जसमा घरबाहेक शिक्षा, उद्यम विकास, खानेपानी, सरसफाइजस्ता आवश्यक पूर्वाधारहरू एकीकृत रूपमा निर्माण गरिनेछ ।

हामीले नवलपरासीको साश्वतधाममा एउटा सांस्कृतिक केन्द्र पनि निर्माण गरेका छौं । जहाँ पछिल्लो १८ महिनामा १७ लाख बढीले भ्रमणका लागि आएका छन् । साथै, हामीले विश्व सम्पदा सूचीमा सूचीकृत पशुपतिनाथ मन्दिर पनि जीर्णोद्धार गरेका छौं । योबाहेक, विभिन्न विद्यालय र समुदायमा सरसफाइ शिक्षा कार्यक्रमअन्तर्गत पानी शुद्धीकरण प्रणाली सहयोग गर्नुका साथै हामीले अन्य सामाजिक व्यवसाय योजनाहरू पनि सञ्चालन गरेका छौं । यसअन्तर्गत सञ्चालित एक परियोजना उन्नती कार्यक्रम हो जसले ग्रामीण महिलाहरूलाई आफ्नो सीपको प्रयोगद्वारा जीविकोपार्जनका लागि प्रत्यक्ष रूपमा सहयोग गरेको छ । जसअन्तर्गत अहिले चार वटा पसल सञ्चालनमा आइसके र त्यहाँ महिलाद्वारा हस्तकलाका सामानहरू बिक्रीका लागि राखिन्छ ।

**उद्यमलाई दिगो विकास लक्ष्यसँग जोड्नका लागि तपाईं कस्ता खालका काम गर्न सुझाव दिनुहुन्छ ?**

व्यवसायीले दिगो विकास लक्ष्यलाई आफ्नो क्षमता अभिवृद्धिका लागि प्रयोग गर्नुपर्छ जसले उनीहरूलाई दिगो विकास लक्ष्य आफ्नो सामान्य कार्यसञ्चालन, लगानी र साझेदारीमा कसरी र किन समावेश गर्नुपर्छ भन्ने प्रस्टचाउँछ । जब कुनै व्यवसायले कुनै उद्देश्यमा अर्थपूर्ण योगदान दिन्छन्, तिनलाई सार्वजनिक रूपमा मूल्यांकन गर्नुपर्छ वा उनीहरूलाई कर छुट वा सहुलियत दिनुपर्छ, जसका कारण अन्यले पनि त्यो बाटो पछ्याउन प्रेरणा लिन सक्छन् । सरकारले पनि व्यवसायको आधार नहेरी दिगो विकास लक्ष्य हासिलका लागि लिइएको उद्देश्यहरू पूरा भए भएनन् वा राष्ट्रिय रणनीतिमा जोडिएका छन् कि छैनन् भन्ने पक्षको उपयुक्त अनुगमन गर्नुपर्छ ।



# संघीय नेपालको योजनामा दिगो विकास लक्ष्यको प्रभाव

**पीताम्बर शर्मा, पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग**

***नेपालमा दिगो विकास लक्ष्य र संघीय प्रणालीको संक्रमणकालको कार्यान्वियन एकै पटक भइरहेको छ। दिगो विकास लक्ष्य कार्यान्वियनका लागि नेपालको तीनै तहको सरकारले पाएको जिम्मेवारीलाई संवेदनशील शैलीमा संयोजन गर्नुपर्छ, पीताम्बर शर्मा लेख्छन् :-***

दिगो विकास लक्ष्यले अहिलेसम्मकै सबैभन्दा महत्वाकांक्षी र बृहत् विश्वव्यापी अभियानको प्रतिनिधित्व गर्छ। दिगो विकास लक्ष्यको महत्वाकांक्षा विश्वव्यापी रूपमा र प्रत्येक देश, क्षेत्र र समुदायमा 'कोही नछुटून्' भन्ने छ। १७ लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३० सूचकहरु, लक्ष्य प्राप्तिका लागि आह्वान मात्रै नभएर मानवजातिको समृद्धि, स्वास्थ्य र पृथ्वीको सम्मान सुनिश्चितताका लागि ल्याइएको हो। यसले राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रूपमा जटिल र जकडिएका आर्थिक, सामाजिक, वातावरणीय र राजनीतिक समस्याको सम्बोधन गर्छ। त्यसैले दिगो विकास लक्ष्यलाई विश्वव्यापी तथा राष्ट्रिय लक्ष्यलाई हासिल गर्न सकिने अवस्थामा रूपान्तरण गर्ने गर्नका साथै प्रदेश र स्थानिय तहमा सान्दर्भिक लक्ष्य र सूचक बनाउने चुनौती छ।



दिगो विकास लक्ष्य प्रतिबद्धतालाई गम्भीर रूपमा लिदै कार्यान्वयन सुरु गरिहाल्ने थोरै देशमध्ये नेपाल पनि एक हो । राष्ट्रिय योजना आयोगले तयार पारेको नेपालका लागि दिगो विकास लक्ष्य वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० यसको प्रमाण हो । यो प्रतिवेदनले पहिलो प्रारम्भिक आवश्यकता मूल्यांकन र लागत तथा लगानी रणनीति पनि तय गरेको छ । आयोगले अघिल्लो वर्ष तयार पारेको प्रतिवेदनले नेपालको विकास रणनीतिको मापदण्ड तय गरेको छ । र, दिगो विकास लक्ष्य हासिलका लागि प्रारम्भिक मार्गदर्शनको प्रारम्भिक आकलन गरेको छ । यसले सन् २०१९, २०२२, २०२५ लाई मध्यकालीन कोसेढुंगा मानेको छ ।





तर, यसलाई संघीय निकाय र प्रदेश एवं स्थानिय तहका योजना र कार्यक्रममा संस्थागत गर्न चुनौतीपूर्ण छ । र, यसको सुरुआत भएकै छैन ।

सन् २०१५ मा संविधान जारी भएपछि नेपाल एकात्मक राज्य प्रणालीबाट संघीयतामा गएको छ । यसले प्रणाली, संरचना र तल्लो तहका सरकारको कार्यसञ्चालनमा पनि आधारभूत परिवर्तनको माग गर्छ । संविधानले तीन तहको सरकार रहने उल्लेख गरेको छ । यसले संघीय सरकारको अर्थपूर्ण परिवर्तन, प्रदेश तह र स्थानीय तहमा नयाँ सरकारी संरचनाको परिकल्पना गरेको छ । संविधानको धारा ५ देखि ९ मा प्रदेश र स्थानिय तहका लागि विशेष र समानान्तर अधिकारी प्रत्याभूत गरिएको छ । संविधानले परिकल्पना गरेअनुसार तीनै तहको सरकार संरचनामा नभई संयोजन, सहकार्य र सहअस्थित्वमा रहने अवस्था संघीय, प्रदेश र स्थानीय चुनावपछि आएको छ । समावेशी र बृहत् विकेन्द्रीकरणका लागि अझै केही समय लाग्छ तर परिवर्तन अहिले नै प्रत्याभूत हुन थालेको छ । साढे दुई सय वर्षको इतिहासमा पहिलो पटक नेपालका प्रदेश र स्थानीय सरकारले केन्द्र सरकारसँगको सहकार्यमा आफ्नो विकास मुद्दा परिभाषित गर्ने शक्ति र जिम्मेवारी पाएका छन् ।

सातै प्रदेश सरकार र ७ सय ५३ वटा स्थानीय सरकारले अहिले आफ्नो पहिलो वार्षिक बजेट कार्यान्वयन गरिरहेका छन् । विभिन्न निकायमा ४० हजार बढी प्रतिनिधिहरू चुनिएका छन् । नेपालको इतिहासमै पहिलो पटक, स्थानीय तहमा चुनिएका करिब ४० प्रतिशत प्रतिनिधिहरू महिला, दलित, अल्पसंख्यक र अवसरबाट वञ्चित समुदायको प्रतिनिधित्व गर्छन् । अधिकांश स्थानीय र प्रदेश सरकार प्रस्ट विकासको दृष्टिकोण र आवधिक योजनाको अवधारणालाई पूरा गर्ने चरणमा छन् ।



**“साढे दुई सय वर्षको इतिहासमा पहिलो पटक नेपालका प्रदेश र स्थानीय सरकारले केन्द्र सरकारसँगको सहकार्यमा आफ्नो विकास मुद्दा परिभाषित गर्ने शक्ति र जिम्मेवारी पाएका छन् ।”**

निकै सुस्त गतिमा भए पनि, सबै तहको सरकारभित्रै विकासको आकांक्षालाई यथार्थमा परिणत गर्न संस्थागत प्रणाली विकास भइरहेको छ । यसले दिगो विकास लक्ष्य र उद्देश्यलाई उप-राष्ट्रिय तहको विकास सोच र क्षेत्रगत योजनामा समायोजन गर्ने अवसर दिएको छ । सबैभन्दा महत्वपूर्ण, यी पहिलो स्थानीय सरकार भएकाले अहिले निर्माण गरिएका संस्था र विकास सोच सरकारी कर्मचारीतन्त्रमा समाहित भएपछि आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमले गति लिन थाल्छ ।

एउटा सकारात्मक संयोग, नेपालमा दिगो विकास लक्ष्य र संघीय प्रणालीको संक्रमणकालको कार्यान्वयन एकै पटक भइरहेको छ । सान्दर्भिक दिगो विकास लक्ष्य र सूचकांकले प्रदेश र स्थानीय तहमा विकास प्राथमिकता तय गर्न प्रारम्भिक प्रारूप दिन्छ । आ-आफ्नो सन्दर्भमा दिगो विकास लक्ष्य हासिल गर्ने स्थानीय तहमा निर्वाचित प्रतिनिधिको प्रतिबद्धताले स्थानीय तह र प्रदेशको लक्ष्यलाई राष्ट्रिय लक्ष्यसँग पंक्तिबद्ध गर्न सघाउँछ । स्थानीय स्तरमा लक्ष्य प्राप्ति भएपछि मात्रै राष्ट्रिय स्तरमा दिगो विकास लक्ष्य तय गर्नुको अर्थ हुन्छ । समग्र विकास र क्षेत्रगत योजनाका साथै कार्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियाका लागि हरेक सन्दर्भमा दिगो विकास लक्ष्यका प्राथमिकताहरू सुनिश्चित गर्नु अर्को गाह्रो काम हो ।

योजना निर्माण गर्न संघीय तहमा दिगो विकास लक्ष्य कार्यान्वयन, सहायता र सम्परीक्षण गर्ने संस्थागत स्रोत केन्द्र हुनुपर्छ । यस्ता निकायले दिगो विकास लक्ष्यलाई प्रदेश र स्थानीय तहमा स्थानीयकरणका लागि निर्देश गर्न विभिन्न प्रारुप र तरिकाहरूको विकास गर्नुपर्छ । दिगो

विकास लक्ष्य १२ वर्षभित्र हासिल गरिसक्नुपर्छ । सबै दिगो विकास लक्ष्यका उद्देश्यहरूलाई सुरुमा प्राथमिक सावधानी आवश्यक पर्दैनन् । केही लक्ष्यहरू अरूभन्दा बढी जरुरी हुन्छन् । दिगो विकास लक्ष्यका लक्ष्यहरूका पनि श्रेणीहरू हुन सक्छन् । यीमध्ये कुनै अर्को प्राप्तिका लागि पूर्वसर्त हुन सक्छन् । साथै, केही लक्ष्यको हासिलले अरू विभिन्न लक्ष्य र सूचकांक हासिलका लागि योगदान पुऱ्याउन सक्छ । यस्ता अवधारणागत विषयहरू राष्ट्रियस्तरमा अर्थपूर्ण ढंगबाट सम्बोधन गर्न सकिन्छ ।

अहिले प्रदेश सरकार बनेर काम गरिरहेको छ । तर, शासन र योजनाका लागि प्रादेशिक संस्थाहरू भर्खरै निर्माण हुने चरणमा छन् । दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न प्रादेशिक तहमा संस्थागत आधार हुनुपर्ने हो जसले प्रदेश र स्थानीय स्तरको तथ्यांक मूल्यांकन र समीक्षा गरी प्रदेशका लागि दिगो विकास लक्ष्य र सूचकांक तय गर्छ । यसले आवधिक दिगो विकास लक्ष्य र सूचकांकहरु संघीय योजना आयोगले भने अनुसार समीक्षा गर्न सक्छ । यसबाहेक, प्रादेशिक योजना आयोगले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न र प्रदेशको क्षेत्रगत विकास योजना र कार्यक्रमको निर्माण, सम्परीक्षण र मूल्यांकनका लागि उपयुक्त सूचकांक प्रदान गर्छ ।

नगरपालिकाहरूले पनि प्रादेशिक योजना निकायको सुझाव अनुसार दिगो विकास लक्ष्य र सूचकांक समीक्षा र मूल्यांकन गर्न सक्छन र आफ्नो सन्दर्भअनुसार मिल्ने गरी परिवर्तन गर्न सक्छन । अधिकांश स्थानीय तहको लक्ष्य सबै खाले गरिबीको अन्त्य गर्ने (लक्ष्य नम्बर १), भोकभरीको अन्त्य र खाद्य सुरक्षाको प्रत्याभूति (लक्ष्य नम्बर २), स्वस्थ जीवनको सुनिश्चितता (लक्ष्य नम्बर ३), समान र समावेशी शिक्षाको सुनिश्चितता (लक्ष्य नम्बर ४), लैङ्गिक समानता र महिला सशक्तिकरण (लक्ष्य नम्बर ५), पानी र सरसफाइको उपलब्धता (लक्ष्य नम्बर ६), आधुनिक ऊर्जाको पहुँच (लक्ष्य नम्बर ७), सवावेशी र दिगो सहर (लक्ष्य नम्बर ११) र जलवायु परिवर्तनका लागि सहकार्य (लक्ष्य नम्बर १३) सम्बोधन गरिनुपर्छ । स्थानीय तहमा छनोट गरिएका सूचकांकहरू बढी सान्दर्भिक र 'कोही पछि नछुटून्' भन्ने दिगो विकास लक्ष्यको मूल मर्मबाट निर्देशित हुनुपर्छ ।

स्थानीय तहमा दिगो विकास लक्ष्यलाई लागू गर्दा प्रादेशिक योजना आयोगबाट सहयोग हुनुपर्छ । प्रादेशिक संरचनाले स्थानीय तहमा दिगो विकास लक्ष्यको चर्चा गर्न, क्षमता अभिवृद्धि गर्न सहयोग गर्नुपर्ने हुन्छ । यसले गर्दा स्थानीय तहको लक्ष्य र प्रादेशिक तहको लक्ष्य क्रमबद्ध हुन्छ र प्रादेशिक र स्थानीय तहबीच सहकार्य र सहजीकरण बलियो हुन्छ ।

माथि चर्चा गरिएको विषयले के तथ्य प्रकाश पार्छ भने दिगो विकास लक्ष्यलाई केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा कार्यान्वयन गर्ने काम फरकफरक भए पनि राष्ट्रिय लक्ष्य भने समान हुनुपर्छ । तर, प्रादेशिक र स्थानीय तहमा यसको कार्यान्वयन गर्दा यथार्थ रूपमा आवधिक र वार्षिक मूल्यांकन गर्नुपर्छ । नेपालमा भएको संघीय संरचनामा राजनीतिक, प्रशासनिक र आर्थिक शक्तिको विकेन्द्रीकरणले तल्ला तहका सरकारले पनि दिगो विकास लक्ष्यको अपनत्व ग्रहण गर्छन् र राष्ट्रिय लक्ष्यजस्तै स्थानीय स्तरमा लक्ष्य पूरा गर्न आतुर छन् भन्ने सुनिश्चित गर्छ ।





# प्रदेश २ सुदृढ अर्थतन्त्रतर्फ

( प्रदेश नं २ को नीति आयोगका उपाध्यक्ष डा.हरिवंश झासंग गरिएको अन्तर्वार्ता)

प्रदेश नं २ को नीति आयोगका उपाध्यक्ष डा.हरिवंश झा दिगो विकास लक्ष्यमा आधारित प्रादेशिक निति, योजना तथा बजेटको तर्जुमा र सरोकारवालाहरुको पहिचान गर्ने जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्रका प्राध्यापक समेत रहनुभएका उहां आर्थिक तथा प्राविधिक केन्द्रका कार्यकारी निर्देशक थिए । उनले भारत, चीन, जर्मनी लगायतका देशमा गई विकासका विभिन्न विषयहरुमा अध्ययन अनुसन्धान गरिसक्नुभएको छ । उहांका विभिन्न अभिरुचिहरुमध्ये दक्षिण एशीयाली मामिला, सीमा सम्बन्धि विषय, द्वन्द्व र शान्ति, अन्तराष्ट्रिय आप्रवास, बालश्रम, मानव बेचबिखन, अन्तराष्ट्रिय व्यापार, दलित, जनजाति मधेसी समुदाय आदि पर्दछन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मामिलामा उहांले २ दर्जनभन्दा बढि पुस्तकहरु लेखन तथा सम्पादन गर्नुका साथै विभिन्न पत्रपत्रिका तथा जर्नलहरुमा लेखहरु प्रकाशित गरेका छन् ।

**१. तपाईं प्रदेश २ को नीति आयोगको पहिलो उपाध्यक्ष हुनुहुन्छ । यो प्रदेशको विकास, चुनौती र अवसरलाई तपाईंले कसरी मूल्यांकन गर्नुभएको छ ?**

२०७४ फागुन ३ मा राज्य सरकार बनेदेखि नै प्रदेश २ विकासका लागि हामीले गम्भीर चुनौतीहरू सामना गरिरहेका छौं । सबैभन्दा साझा चुनौती भनेको, विकास कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकारले प्रदेश सरकारलाई आवश्यक कर्मचारीहरू उपलब्ध गराएको छैन । योबाहेक, प्रदेशमा कार्यरत अधिकांश कर्मचारीले पनि सरकारलाई सघाउने विषयमा चासो दिएका छैनन् । विकासका लागि विनियोजित बजेट उपयुक्त हिसाबले खर्च नहुनुको कारण यो पनि हो । थप भन्नुपर्दा विकास आयोजना सञ्चालनका लागि हामीसँग स्रोतको अभाव छ ।

तर, सकारात्मक पक्ष के भने यी सबै चुनौतीका बाबजुद पनि प्रदेश सरकार यो प्रदेशलाई सही दिशा दिन प्रतिबद्ध छ र जनतामा पनि सकारात्मक परिवर्तन अनुभूति गर्ने उत्साह छ । जनसांख्यिक लाभ र विकास क्रियाकलापका लागि हामीसँग भएका अन्य प्राकृतिक सम्पदाहरू हाम्रा लागि अवसर हुन् । यी मानवीय र प्राकृतिक स्रोतबाट हामीले प्रदेश २ लाई भविष्यमा चलायमान अर्थतन्त्रको रूपमा स्थापित गर्ने योजना बनाएका छौं ।

**२. प्रदेश २ मा गरिबी, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक क्षेत्रसँग सम्बन्धित विषय सम्बोधन गर्न गम्भीर योजना र पुँजीको आवश्यकता रहेको विभिन्न सूचकांकले देखाएको छ । त्यस्ता विषय सम्बोधनका लागि तपाईंसँग कुनै विशेष योजना छ ?**

गरिबी, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पक्षबाट हेर्दा मानव विकास सूचकांकमा प्रदेश २ को डरलाग्दो अवस्था देखिन्छ । यो केही हिसाबले साँचो पनि हो । त्यसैले, हामीले आन्तरिक र बाह्य बृहत् प्राविधिक र आर्थिक क्षेत्रलाई सामाजिक क्षेत्रको आवश्यकता अनुसार लगानी गर्न प्रोत्साहित गर्नुपर्छ । हामी अहिले अर्थतन्त्रमा व्यापक प्रभाव पार्ने त्यस्ता आयोजनाहरूको पहिचानमा जुटेका छौं । परिवर्तनका लागि हाम्रा दृष्टिकोण प्रस्ट छ र यो चाँडै काममा देखिनेछ ।

**३. तपाईं प्रदेशको पहिलो आवधिक योजनाको तयारीमा जुटिर हनुभएको छ । योजनाको प्रमुख प्राथमिकताहरू के-के हुन् ?**

भर्खरै मात्र हामीले प्रदेश २ का सरोकारवालासँग छलफल गरेका छौं । आवधिक योजनासँगै प्रादेशिक फ्रोफाइल तयार पार्ने हाम्रो योजना छ । अर्थतन्त्र विकासका लागि हाम्रा प्राथमिकताहरू तयार छन् । हामीले कृषि विकासलाई उच्च प्राथमिकतामा राखेका छौं र त्यसपछि शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रको विकास छन् ।

**४. संघीय सरकारले आफ्नो आवधिक योजनामा दिगो विकास लक्ष्यलाई समाहित गरेको छ । प्रादेशिक योजनामा दिगो विकास लक्ष्यलाई जोड्ने कस्तो योजना बनाउनुभएको छ ?**

संघीय सरकारले दिगो विकास लक्ष्यलाई आफ्नो आवधिक योजनामा समेट्नु प्रशंसनीय र आकर्षक छ । हामी पनि हाम्रो प्रादेशिक प्रोफाइलमा दिगो विकास लक्ष्यलाई समेट्ने छौं । हामी यो काम यही आर्थिक वर्षभित्र सक्नेछौं ।

**५. तपाईंको प्रदेशमा विकास खर्च अवस्था के छ ? प्रदेश २ को विकासका लागि आवश्यक पर्ने आर्थिक स्रोत कसरी व्यवस्थापन र परिचालन गर्ने योजना बनाउनुभएको छ ?**

संवैधानिक प्रावधानअनुसार अहिले हामी आर्थिक स्रोतका लागि संघीय सरकारमा निर्भर छौं । तर, संघीय सरकारले बजेट मार्फत हाम्रा लागि विनियोजन गरेको विकास खर्च अपुग रहेको अनुभूति गरेका छौं । त्यसैले विकास बजेटका लागि स्रोत परिचालन गर्न हामीले केही कर लगाएका छौं ।



# दिगो विकास लक्ष्य कार्यान्वयनमा सहकारी जागरण

विशेष रिपोर्ट

***तीनखम्बे अर्थनीतिमा नेपाल सरकारले सहकारीलाई अर्थतन्त्रको एक खम्बाको रूपमा अर्थ्याएको छ । सरकारले सहकारीको शक्ति, उनीहरूको उदयसंगै गरिबी निवारण, सेवा वितरण, लैङ्गिक समानता र सुशासनमा सहकारीको भूमिका स्विकारेको छ ।***

**"देशभर सक्रिय ३४ हजार ५ सय सहकारीलाई ६३ लाख जनसंख्याले व्यवस्थापन गरेका छन-जसमध्ये आधाभन्दा बढी महिला छन् । यो क्षेत्र फैलिने क्रममा रहेकाले अस्ताउने कुनै संकेत दिएको छैन ।"**

अहिले विश्वभर नै तल्लो तहमा किसान एवं, साना उद्यमीलाई संगठित गर्न, अत्यावश्यक आर्थिक सहायता गर्न, आयमूलक क्रियाकलाप सञ्चालन गरी गरिबलाई सशक्तिकरण गर्न सहकारीको भूमिका प्रमुख मानिन्छ । यसैले नेपाल सरकारले सहकारीलाई आफ्नो तीनखम्बे अर्थनीतिको एक खम्बाको रूपमा अर्थ्याउनु अनौठो होइन । सरकारले सहकारीलाई अर्थतन्त्रको तीन खम्बा सार्वजनिक र निजी क्षेत्रसंग अर्को खम्बाको रूपमा चित्रित गरेको छ ।

देशभर सक्रिय ३४ हजार ५ सय सहकारीलाई करिब ६३ लाख मानिसले व्यवस्थापन गर्छन् । यसबाट पनि सहकारीले देशभर बनाएको सञ्जालको वास्तविक अवस्था थाहा हुन्छ । सहकारीले हरेक वर्ष शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, बैंकिङजस्ता नयाँनयाँ क्षेत्रमा पाइला राख्दै गइरहेको छ । यसैकारण सहकारीको सक्रियता कम हुने कुनै संकेत छैन । तथ्यांकले के देखाउँछ भने सहकारी नेपालको एक तिहाइ जनसंख्यासमक्ष पुगिसकेको छ र यसको दायरा वृद्धिका लागि ठूलो सम्भावना पनि देखाइरहेको छ । यसको अर्थ हो सहकारीले दिगो विकास लक्ष्य हासिल गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

'दिगो विकास लक्ष्यको १७ वटा लक्ष्य प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नजोडिएको कुनै सहकारी छन्जस्तो मलाई लाग्दैन,' राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडाल भन्छन् । महासंघले स्थापना भएदेखि नै दिगो विकास लक्ष्यलाई प्रवर्द्धन गरिरहेको बडाल बताउँछन् ।

महासंघले दिगो विकास लक्ष्य र सहकारी जागरणबीच भएको सम्बन्धबारे जिल्ला र तल्लो तहमा तालिम र अभिमुखीकरण सञ्चालन गर्ने गरेको बडाल बताउँछन् । यस्ता सहकारीको दिगो विकास लक्ष्यसँगको मुख्य भूमिका गरिबी निवारणमा हुन्छ । दिगो विकास लक्ष्यको १ नम्बर लक्ष्य, जसले समाजका गरिब समूहलाई जीविकोपार्जनको अवसर दिन्छ । महासंघको तथ्यांक अनुसार सहकारीले देशैभर ६४ हजार रोजगारी सिर्जना गरेको छ, जसका कारण कर्मचारीबाहेक १० लाख अन्य व्यक्तिसमेत लाभान्वित भएका छन् । तथ्यांक अनुसार, सहकारीले नेपालको कुल गार्हस्थ्य उत्पादनमा करिब ४ प्रतिशतको योगदान दिन्छ, जुन पर्यटन क्षेत्रले पुऱ्याउने योगदानको बराबर हो ।

सहकारीले काम गर्ने क्षेत्र पनि समयसँगै वृद्धि हुँदैछ । पहिला सहकारीहरू आफ्ना सदस्यबाट बचत संकलन गर्ने र ऋण दिने काममा मात्रै सीमित थिए भने अहिले यसले आफूलाई आम्दानी बढाउने विभिन्न क्रियाकलापमा सक्रिय बनाएको छ । सहकारीले आफ्नो आम्दानी मात्रै बढाएका छैनन्, थप रोजगारीसमेत सिर्जना गरेका छन् । यसै गरी, नेपालभर छरिएका हजारौं सहकारीले कृषि र पशुपालन बढाउन र उत्पादकत्व वृद्धिका लागि पनि योगदान दिएका छन्, जुन दिगो विकास लक्ष्यको दोस्रो लक्ष्यसँग मेल खान्छ, जसको उद्देश्य भोकमरी अन्त्य र खाद्य सुरक्षाको सुनिश्चितता गर्नु हो ।

अन्य उदाहरण हेर्ने हो भने सहकारीले दुर्गम क्षेत्रमा स्वास्थ्य केन्द्र र अस्पताल सञ्चालन गरेका छन्, जसले गर्दा स्वास्थ्य सेवाबाट बञ्चित समुदायलाई कम शुल्कमा स्वास्थ्य सुविधा उपलब्ध भएको छ । सरकारले दुर्गम क्षेत्रमा अहिलेसम्म पनि स्वास्थ्य केन्द्र स्थापना गर्न नसकेको अवस्थामा सहकारीको यो हस्तक्षेपले हजारौंले सुविधा उपभोग गर्ने अवसर पाएका छन् । सहकारीको यो भूमिकाले दिगो विकास लक्ष्यको तेस्रो लक्ष्यलाई सम्बोधन गर्छ, जसको उद्देश्य स्वास्थ्य सुविधाको प्रवर्द्धन हो ।

शिक्षाको क्षेत्रमा पनि सहकारीको भूमिका उस्तै छ । धेरै स्थानमा सरकारी शैक्षिक संस्थाले गुणस्तरीय शिक्षा दिन सकेका छैनन् । त्यस्ता स्थानमा सहकारीले विद्यालय र कलेज सञ्चालन गरी गरिब र पहुँचविहीनलाई कम शुल्कमा निजी विद्यालयको शिक्षामा पहुँच पुऱ्याएका छन् । सहकारीको यो भूमिका दिगो विकास लक्ष्यको चार नम्बर बुँदासँग सम्बन्धित छ, जसले गुणस्तरीय शिक्षाको उद्देश्य राखेको छ ।

सहकारी क्षेत्रको अर्को महत्वपूर्ण उपलब्धि महिला सहभागिता हो । देशभर रहेका सहकारी सदस्यहरूको ५२ प्रतिशत संख्या महिलाको छ । यो आँकडाले पनि महिला सहभागिताका लागि सहकारी मोडलको महत्वबारे सकारात्मक पक्ष दर्साउँछ । महिलालाई विभिन्न सामाजिक र आर्थिक

**"दिगो विकास लक्ष्यको १७ वटा लक्ष्य प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नजोडिएको कुनै सहकारी छनजस्तो मलाई लाग्दैन," सहकारीहरूको साझा संस्था राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडाल भन्छन् ।**






क्रियाकलापमा सहभागी गराउन र उनीहरूको सशक्तिकरण र आर्थिक सबलीकरण तथा लैङ्गिक समानताका लागि पनि सहकारीको भूमिका छ । सहकारीको यो योगदान दिगो विकास लक्ष्यको ५ औं बुँदासँग सम्बन्धित छ ।

सहकारीले सुशासनमा पनि योगदान दिन सक्ने बडालको धारणा छ । सुशासन पनि दिगो विकास लक्ष्यको एउटा पाटो हो र नेपालको नयाँ संघीय संरचनाको सन्दर्भमा पनि यो महत्वपूर्ण छ । 'सहकारीले स्थानीय तहसँग मिलेर राज्यबाट वितरण हुने लाभलाई पनि वितरण गर्न सघाउँछ,' उनी भन्छन्, 'सहकारीले समाजमा आफ्नो वकालत र सहजीकरणको माध्यमबाट समुदायमा शान्ति कायम राख्न पनि सघाउने उनी बताउँछन् । बडालका अनुसार संघीय संरचना र आकारको आधारमा फरकफरक समुदायबीच द्वन्द्वको स्थिति हुँदा पनि सहकारीले समस्या समाधानका लागि भूमिका खेलेको थियो ।

यसरी हेर्दा दिगो विकास लक्ष्यसँग सहकारीको प्रभाव प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै देखिन्छ । 'स्थानीय तहमा आवश्यक सेवा प्रदान गर्दै स्थानीय स्रोत साधन र समुदायलाई परिचालन गर्न सहकारीले खेलेको भूमिका प्रशंसनीय छ,' राष्ट्रिय योजना आयोगका उपाध्यक्ष पुष्पराज कँडेल बताउँछन् । आयोग दिगो विकास लक्ष्यका लागि नेपाल सरकारको मुख्य निकाय हो । सहकारीको स्वीकार्यता र शक्तिको कारण दिगो विकास लक्ष्य कार्यान्वयनका लागि बनाइएको निर्देशक समितिमा सहकारीको पनि प्रतिनिधित्व छ । यसको अध्यक्षता प्रधानमन्त्रीले गर्छन् । यो समिति अन्तर्गत बनेका १७ वटै विषयगत समिति सबैमा सहकारीको प्रतिनिधित्व छ ।

**आफ्नो 'दिगो विकास लक्ष्य- वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०' मा राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य हासिल गर्न देशलाई वार्षिक १७ खर्ब आवश्यक पर्ने जनाएको छ । जुन नेपालको कुल अर्थतन्त्रको ६८ प्रतिशत हो । 'निजी क्षेत्र, गैरसरकारी संस्था र सहकारीले के ही बोझ हल्का नगरेसम्म सरकारलाई आवश्यक पर्ने लगानी जुट्दैन भन्ने प्रस्ट छ, जसका कारण दिगो विकास लक्ष्य भेट्टाउन मुस्किल पर्छ,' कँडेल भन्छन् ।**



# परिवर्तनका युवा दूत

**विनिता कार्की, नेपाल युवा संस्था सञ्जाल (आयोन)**

***'कुल जनसंख्याको ठूलो हिस्सा युवा भएका नेपालजस्ता देशमा उनीहरूको उत्पादनशील आवद्धताले सामाजिक तथा राजनीतिक परिवर्तनको जग बसाउन महत्वपूर्ण भूमिका खेल्छन्, जुन दिगो विकासका लागि अपरिहार्य छ।'***

आफ्नो देश विकासमा युवा पुस्ताले लाभाविन्त वा सरोकारवालाको रूपमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने विषयमा सन्देह सायदै छ। अहिले तुलनात्मक रूपमा युवा जनसंख्या बढी भएको नेपालजस्ता देशमा उनीहरूको सहभागिता विशेषगरी अर्थपूर्ण हुन्छ। १६ देखि ४० वर्ष उमेर समूह भनी परिभाषित गरिएको युवा जमातले अहिले देशको कुल जनसंख्याको ४० दशमलव ३५ प्रतिशत हिस्सा ओगट्छन्। जबसम्म यो ठूलो जमातलाई सकारात्मक परिवर्तनका लागि अर्थपूर्ण रूपमा आबद्ध गरिँदैन तबसम्म दिगो विकास लक्ष्य हासिल गर्न लगभग असम्भव हुनेछ।



सन् २०१५ मा नयाँ संविधान जारी भएपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा जाने क्रममा संक्रमणकाल सुरु भयो। र, सन् २०१७ मा भएको प्रदेश र स्थानीय तहस्तरीय निर्वाचनमा धेरै युवाले आफ्नो उम्मेदवारी दिए र धेरै ठाउँमा विजय पनि हासिल गरे। निर्वाचन आयोगको तथ्यांकअनुसार स्थानीय तहमा सार्वजनिक पदमा निर्वाचित हुनेमध्ये करिब ४० प्रतिशत युवा छन्। तर, प्रदेश सभामा उनीहरूको हिस्सा २६ दशमलव ६३ प्रतिशतले खुम्चियो। प्रतिनिधि युवा प्रतिनिधित्व १४ दशमलव शून्य ९ प्रतिशत मात्रै छ भने राष्ट्रिय सभामा झन् कम ६ दशमलव ७७ प्रतिशत मात्रै छ। यो तथ्यांकले के देखाउँछ भने स्थानीयबाट राष्ट्रिय तहमा जाँदा युवा प्रतिनिधित्व खुम्चिँदै गएको छ। विभिन्न तहको राजनीतिक र निर्णय प्रक्रियामा युवा सहभागिता बढाउन थप कम गर्न आवश्यक रहेको संकेत पनि यसले दिन्छ।

यो प्रयास राजनीतिक तह बाहिर पनि गर्न आवश्यक छ। तर, सकारात्मक पक्ष के भने चालु वर्षको बजेटले युवा रोजगारी र स्वउद्यम बढाउनका लागि विभिन्न प्रावधानहरू राखेको छ। स्नातकोत्तर पास गर्नेलाई व्यवसाय गर्नका लागि ५ प्रतिशत ब्याजदरमा बिनाधितो ७ लाख रुपैयाँसम्म ऋण उपलब्ध गराउनेदेखि निजी क्षेत्रको सहभागितामा स्थानीय तहमा औद्योगिक क्षेत्र स्थापना गर्नेसम्मका प्रावधान छ। वैदेशिक रोजगारीका लागि वार्षिक ३ लाखभन्दा बढी युवा गुमाउने देशका लागि युवा जनशक्तिलाई देशमा राख्न, सशक्तिकरण गर्न र पुँजीकृत गर्न यस्ता योजनाहरू महत्वपूर्ण हुनेछन्। तर, यस्ता योजनाहरूको प्रभावकारी कार्यान्वयन जरुरी छ।

देशमा लागू भएको नयाँ संघीय संरचनाको सन्दर्भमा, गाउँगाउँमा सिंहदरबारको नारा दिएर सरकारी सेवा र निर्णय प्रक्रियालाई विकेन्द्रीकरण गर्नुपर्ने यो समयमा दिगो विकास लक्ष्यलाई पनि स्थानीयकरण गर्न यस्तै शैली अपनाउन जरुरी छ। दिगो विकास लक्ष्यलाई काम र सचेतनाका हिसाबले स्थानीयकरण गर्न देशको इतिहासमा यो मुख्य समय हो र यसका लागि युवाको भूमिका एकदमै महत्वपूर्ण रहन्छ।

दिगो विकास लक्ष्य र समानता, समावेशी, दिगोपना र सुशासनजस्ता यसका मुख्य सिद्धान्तसँग आबद्ध हुँदा युवा पुस्तालाई उनीहरूको आफ्नो अधिकार र उत्तरदायित्वको बोध गर्न सघाउँछ। साथै स्थानीय सरकारले गर्ने काममा सावधानी अपनाउन मद्दत पुर्‍याउँछ। उनीहरू सरकारी निकायको अनुगमन गर्न सक्षम हुन्छन् र आफ्नो समुदायको विकास तथा सेवा वितरणमा सहयोग पुर्‍याउने गरी योगदान दिन सक्छन्। स्थानीय निर्णय प्रक्रियामा युवा प्रतिनिधित्व सुनिश्चित गरी स्थानीय सरकार र सरोकारवालालाई दिगो विकास लक्ष्य र यसका प्रतिनिधित्वबारे जानकारी गराउनुपर्छ। आफ्नो यो जनालाई दिगो विकास लक्ष्यसँग जोड्न स्थानीय सरकारलाई अभिमुखीकरण गर्नुपर्छ। सबैका लागि शिक्षा भन्ने अभियानलाई अघि बढाउँदै एउटा समुदायबाट अर्को समुदायमा अन्वेषण तथा विचारहरू आदानप्रदानका लागि सहयोग गर्दै यो उपलब्धि हासिल गर्न सकिन्छ।

नेपालले ठूलो समूहमा रहेको आफ्नो युवा जनशक्तिको सम्भावनालाई प्रस्फुटित गराउन र उपयोग गर्न सकेको छैन। यो जनशक्तिलाई संलग्न गराउन जति ढिला हुन्छ त्यति नै हाम्रो विकास लक्ष्यमा पूरा हुने सम्भावना कम हुँदै जान्छ। युवा जनशक्तिको संख्या ठूलो भएको यो अवसर नेपालले विरलै पाउने मध्येको एक अवसर हो जुन धेरै लामो समय रहिरहँदैन।

यो मौकालाई खेर फाल्न नदिने समाज र सरकारले युवालाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुनु जरुरी मात्रै छैन कि युवाले पनि राजनीतिक निकायबाट परिचालित हुने र त्यसमै रुमल्लिरहने मनस्थिति त्याग्नुपर्छ। र, सरकार, विकास साझेदार र अन्य सरोकारवालाई युवासम्बन्धी अभियानको कार्यान्वयन र हस्तक्षेपका लागि दबाब दिइरहनुपर्छ। यसले मात्रै दिगो विकास लक्ष्य हासिलका लागि आवश्यक परिवर्तन ल्याउन सक्छ।

**“दिगो विकास लक्ष्य र समानता, समावेशी, दिगोपना र सुशासनजस्ता यसका मुख्य सिद्धान्तसँग आबद्ध हुँदा युवापुस्तालाई उनीहरूको आफ्नो अधिकार र उत्तरदायित्वको बोध गर्न सघाउँछ। साथै स्थानीय सरकारले गर्ने काममा सावधानी अपनाउन मद्दत पुर्‍याउँछ।”**



# अपुरो स्वतन्त्रता

अरूका लागि काम गर्दै म हुर्किएँ। जमिनदारले प्रत्येक वर्ष दिने थोरै अन्नपात नै हाम्रो बाँच्ने आधार हो भन्ने मैले सानैमा थाहा पाएँ। हाम्रो परिवारका पुरुषहरू जमिनदारको खेतमा काम गर्थे भने महिलाहरू उनीहरूको घरधन्दामा सघाउँथे। आर्थिक अवस्था सधैं दयनीय हुन्थ्यो। कुनै आपत्विपद् पर्दा होस् वा औषधि उपचार गर्नुपर्दा खर्च गर्ने पैसा हुन्थेन। यस्तो बेलामा पैसा जोहो गर्न सधैं जमिनदारको भर पर्नुपर्थ्यो।

मेरो विवाह पनि अर्को कमैया परिवारसँग भयो। यसको अर्थ हो, मेरो परिवारले जुन खाले शोषण र दुर्व्यवहार लामो समयदेखि भोगिरहेको थियो, यहाँ पनि त्यसैको निरन्तरा थियो। कमलरीको रूपमा मैले तीन फरक-फरक मालिकको घरमा काम गरें। हरेक घरमा थोरै वा बढी तर उस्तै निर्ममताको कथा दोहोरिन्थ्यो। मलाई कुनै मानिस नभई कुनै वस्तुको जस्तो व्यवहार गरिन्थ्यो र बिहानदेखि बेलुकासँग बिनाआराम घरधन्दामा व्यस्त पारिन्थ्यो।

सन् २००० मा कमैया प्रथा उन्मूलन भएको खबर आयो। झन् प्रत्येक मुक्त कमैयालाई ५ कठ्ठा जग्गा उपलब्ध गराउने सरकारी घोषणाले हाम्रो खुसीको सीमा रहेन। हामी वर्षौंदेखिको दासताको बन्धन तोडेर नयाँ जीवन जिउन आतुर थियौं। हामी र हाम्रो सन्ततिका लागि नयाँ जीवन सुरुआत गर्न चाहन्थ्यौं।

तर, हाम्रो खुसी धेरै समयसम्म टिकेन। हामीलाई दिने भनिएको ५ कठ्ठा जमिनका लागि आवेदन दिन जब हामी स्थानीय तहको कार्यालयमा पुग्यौं तब त्यहाँका कर्मचारीले हामीलाई जग्गा पाउने मानिसहरूको सूचीमा हाम्रो नाम नभएको जानकारी गराए। यस्तो कसरी भयो हामीलाई थाहा थिएन किनकि हाम्रो परिवार सरकारी राहत पाउने सूचीमा नपर्नुपर्ने कुनै कारण थिएन।

जमिन नपाउँदा हामीमा निराशा र अधैर्य बढेको थियो। चार जनाको परिवार पाल्न म र मेरा श्रीमान् श्रमिकको रूपमा काम गर्न थाल्यौं। तर, हामीले पाउने ज्याला निकै कम थियो। हामीसँगै मुक्त भएका कमैयाहरू जीविकोपार्जनका लागि यस्तै काममा लागेपछि बजारमा जनशक्ति फालाफाल थियो। यदि हामीले त्यही थोरै ज्याला लिएर भए पनि काम नगरेको भए त्यही ज्यालामा खुशीसाथ काम गर्न हामीजस्तै अन्य मुक्त कमैया आइपुग्थे। मालिककहाँ काम गर्दा हामीले अन्य कुनै काम सिक्न पाएनौं। हामीमा मजदुरी गर्नेबाहेक अरू कुनै सीप थिएन। दैनिक ज्यालादारीमा काम गर्नु नै हाम्रा लागि आम्दानीको एक मात्र स्रोत थियो।

हामीलाई किन जमिन दिइएन, त्यो हामीले पछि मात्रै थाहा पायौं। हाम्रो एक जना पूर्वजमिनदारले सरकारी अधिकारीलाई हामीसँग एक कठ्ठा जमिन भएको र सोही कारण हामी सरकारी अनुदानका लागि अयोग्य छौं भनेका रहेछन्। पूर्वजमिनदारको षड्यन्त्रको जालमा पर्ने हामी मात्रै थिएनौं। उनीजस्ता धेरै जमिनदारले कमैया र कमलरीको असाक्षरताको फाइदा उठाउँदै उनीहरूको तर्फबाट सरकारी फाराम आफैंले भरिदिए र आर्थिक रूपमा स्वतन्त्र हुनबाट वञ्चित गरे। मुक्त कमैया परिवारलाई आफ्नै काममा फर्किन बाध्य पार्ने र आफ्नो काममा लगाउने उनीहरूको कुटिल चाल थियो।

धेरै जमिनदारहरू आफ्नो चालमा सफल भए। जीविकोपार्जन गर्न आम्दानीको स्रोत नहुँदा धेरै मुक्त कमैयाहरू फेरि पुरानै जमिनदारकहाँ काम गर्न फर्किए। तर, धेरै मुक्त कमैयाहरूले रोजेको पुरानो विकल्प रोज्नु नपरेकाले मेरो परिवार भाग्यमानी ठहरियो। म दैनिक ज्यालादारीबाट कमाउन चाहन्थें तर कुनै पनि हालतमा पुरानै कर्ममा फर्किन चाहन्नथें।

अहिले पनि हाम्रो समुदायमा धेरैलाई कमैया प्रथा उन्मूलन भएको थाहै छैन र अझै पनि जमिनदारको पञ्जाबाट उम्किन सकेका छैनन्। हामीजस्ता धेरै मुक्त कमैयाहरू प्राविधिक रूपमा जमिनदारको जालबाट फुत्किए पनि सरकारी राहत नपाउँदा आधारभूत आवश्यकताका लागि संघर्ष गरिरहेका छौं। दुवैतर्फबाट सोच्दा हाम्रो जीवन अझै कठिन छ र हामीलाई दिइएको स्वतन्त्रता अपुरो।

सरकारले हाम्रो दुरवस्थाप्रति बेवास्ता गरिरहेको छ। सरकारको यो रवैयाले हाम्रो देशको कानुनको मात्रै होइन, उसले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धि र महासन्धिको पनि धज्जी उडाएको छ। हामीलाई सम्मानित जीवन जिउने



लक्ष्मी थारू,
राजापुर, बर्दिया

अधिकारबाट वञ्चित गरिएको छ र हाम्रो परिस्थिति अहिलेसम्म सुध्रिएको छैन । कतिपय अवस्थामा हामी दासत्वबाट उम्किएको बेलाको जस्तै अवस्थामा बाँचिरहेका छौं ।

तत्कालै केही कदम नचालिए हाम्रा सन्ततिहरू हामीले फुत्किनका लागि संघर्ष गरेकै अवस्थामा फर्किनुपर्ने जोखिम छ । संयुक्त राष्ट्रसंघ, नागरिक समाज, सरकार र अन्य सरोकारवालाहरूले यी मुद्दाहरूबारे गम्भीर भएर सोच्नुपर्छ र पूर्वकमैयाहरूको पुनःस्थापनाका लागि ठोस योजना र नीति निर्माणका लागि सहयोग गर्नुपर्छ । सबैले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मानपूर्वक जीवन जिउने अधिकार पाउनुपर्छ । यसैगरी, पूर्वकमैया/कमलरीहरू पनि एकजुट भएर समूहको शक्ति देखाउनुपर्छ । हाम्रो चासोलाई यहाँसम्म ल्याउन पनि सामाजिक वकालतको महत्वपूर्ण भूमिका छ । उदाहरणका लागि, हामीजस्तै मुक्त कमैया/कमलरीलाई सहयोग गर्न सामुदायिक संयन्त्र व्यवस्थापनका लागि हामी सफल भएका छौं । यसले उनीहरूका सन्तानको जन्मदर्ता, नागरिकता र अन्य सरकारी कागजपत्र पाउन र न्यायका लागि सहजता प्रदान गरेको छ ।

यही संयन्त्रले मलाई राजनीतिमा लाग्न र अघिल्लो वर्ष भएको स्थानीय तहको निर्वाचनमा राजपुर वडाको सदस्यमा निर्वाचित हुन पनि सहयोग गरेको छ । मेरो पदले दिएको अधिकार र स्रोतको सदुपयोग गर्दै आफ्नो समुदायको अधिकार प्राप्ति र हामीलाई देखाइएको नयाँ जीवनको सपना साकार पार्न पनि प्रतिबद्ध छु ।



# भुकम्पपछिको प्रतिरोध : नेपालमा जारी प्रक्रिया

## (राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीसंग गरिएको अन्तर्वार्ता)

सुशील ज्ञवाली राष्ट्रिय पुनर्निर्माण प्राधिकरण नेपालका प्रमुख कार्यकारी अधिकृत हुन् । सन् २०१५ मा आएको महाभूकम्पपछि पुनर्निर्माण र पुन:स्थापनाको जिम्मेवारीसहित प्राधिकरण गठन भएको हो । सहरी विकास कोषका पूर्वकार्यकारी निर्देशक ज्ञवाली स्थानीय शासन, योजना र सहरी विकासका विज्ञ हुन् । उनीसँग नीति निर्माण र विकास आयोजनाको खाका निर्माण र कार्यान्वयन गरेको अनुभव पनि छ । भूकम्पपछि नेपालले प्रतिरोधबारे के सिक्यो र यो सिकाइले दिगो विकास लक्ष्य हासिलमा कसरी सघाउँछ भन्ने विषयमा उहांसंग गरिएको कुराकानीका केही अंश ।



**नेपालले विपद्को सामना गर्न कसरी तयारी गरिरहेको छ ?**

कुनै सन्दर्भमा नेपाल पहिलेभन्दा बढी तयारी अवस्थामा छ । तर, अहिल्यै नै हामी पूर्णरूपमा तयार छौं भन्न सक्दैनौं किनकि यो एउटा प्रक्रिया हो । पूर्वतयारीको कुरा गर्दा हामीले जनता र उनीहरू कुन हदसम्म तयार छन् भन्ने दृष्टिकोणबाट हेर्नुपर्छ । के उनीहरू भविष्यमा हुने सम्भावित विपद्का लागि तयार छन् ? उनीहरूले विपद्को पूर्वतयारीलाई आफ्नो जीवनशैलीसँग कसरी जोडेका छन् ? तर, विभिन्न सरकारी सरोकारवालाहरू पनि पूर्वतयारीको विषयमा जिम्मेवार छन् । भर्खरै नेपालले संघीय स्वरूप पाएको छ । यसैकारण, अहिलेको अवस्था तीन वर्षअघिको महाभूकम्पको सन्दर्भभन्दा भिन्न छ, त्यो बेलामा एकात्मक राज्य थियो । अहिले, तीनै तहको सरकारले नयाँ प्रणालीलाई अंगीकार गर्नुपर्छ । यो प्रारम्भिक चरणमा रहेको पुन:संरचना प्रक्रिया हो । विपद् पूर्वतयारीका लागि धेरै सरोकारवालाहरू संलग्न रहेको हामीले बुझ्नुपर्छ । निजी क्षेत्र र सञ्चारमाध्यम पनि यसमा समावेश छन् ।

**"सीमान्तकृत समुदाय बढी प्रकोपको जोखिममा हुन्छन् । पुनर्निर्माण र पुनरुत्थानको दृष्टिकोणबाट यस्ता समुदायलाई विशेष चासो दिनुपर्छ किनकि प्रकोप प्रतिरोधमा असमानताको प्रभाव परेको हुन्छ ।"**

**तपाईंको विचारमा सन् २०१५ को महाभूकम्पले नेपाललाई प्रतिरोध गर्न सक्ने क्षमता सबै क्षेत्रसँग सम्बन्धित विकास मुद्दा हो भन्ने बुझाएको छ ? कसरी ?**
विपद्को प्रतिरोध क्षमताको बारेमा मानिसको बुझाइ बदलिँदै छ। पहिलापहिला मानिसहरूले विपद् व्यवस्थापन, पूर्वतयारी र प्रतिरोधी क्षमता भनेको विपद्पछिको उद्धार र राहत हो भनेर मात्रै बुझ्थे। अहिले, बुझाइमा व्यापकता आएको छ। यसलाई अहिले समाजको विभिन्न तहमा बुझिन्छ। यसलाई अहिले परिवार, समुदाय, सरकार र संस्थागत तहमा पनि बुझ्न थालिएको छ। महत्वपूर्ण विकास मुद्दाको रूपमा प्रतिरोधी क्षमता अभिवृद्धि गर्नु एउटा प्रक्रिया हो। हामीले के बुझ्नुपर्छ भने यो नेपाली समाजको विभिन्न पक्षमा सुधारिँदै गएको छ।

**दिगो विकासका विभिन्न लक्ष्यसँग प्रतिरोध क्षमता जो डिएको छ। उदाहरणका लागि, १० नम्बर लक्ष्य असमानता कम गर्नमा केन्द्रित छ। नेपालको सन्दर्भमा भूकम्पपछिको क्रिया-प्रतिक्रिया र पुनरुत्थान तथा असमानता घटाउने विषयमा के सम्बन्ध छ ?**
यो पक्कै हो कि सीमान्तकृत जनसंख्या विपद्बाट बढी जोखिममा हुन्छन् र उनीहरूको परिवार सबैभन्दा बढी प्रभावित हुन्छन्। हामीले पुनर्निर्माण र पुनरुत्थानको दृष्टिकोणबाट हेर्ने हो भने यी मानिसहरू अहिलेसम्म पनि आफ्नो घर पुनर्निर्माणका लागि संघर्ष गरिरहेका छन्। उनीहरूलाई विशेष ध्यान र सहायता आवश्यक पर्छ। त्यसैले, ती समुदायलाई पहिचान गरी सामाजिक-प्राविधिक सहायता उपलब्ध गराउन र थप अनुदान उपलब्ध गराउने गरी हामीले कार्यक्रम तयार पारेका छौं। हामीले अहिलेसम्म त्यस्ता १८ हजार परिवारको पहिचान गरेका छौं र उनीहरूलाई जोखिमयुक्त भनी सूचीकृत गरेका छौं। उनीहरूले पुनर्निर्माण प्राधिकरणसहित विभिन्न निकायबाट विशेषखाले प्राविधिक र सामाजिक सहायता पाइरहेका छन्। साथै, उनीहरूको आर्थिक पुनरुत्थान र जीविकोपार्जन सहायताका लागि पनि कार्यक्रम छन्। त्यस्ता समुदायका मानिसहरूका लागि भूकम्पपीडितले पाउने अनुदानभन्दा थप ५० हजार अनुदान रकमको व्यवस्था गरिएको छ। विपद्बाट बढी जोखिममा हुने सीमान्तकृत जनतालाई विशेष ध्यान दिनुपर्ने आवश्यकता हामीले महसुस गरेका छौं किनकी विपद् प्रतिरोध क्षमतामा असमानताले ठूलो प्रभाव पारेको हुन्छ।

**यसैगरी, १७ नम्बर लक्ष्यले दिगो विकासका लागि साझेदारीको भूमिका प्रमुख मानेको छ। भूकम्पपछिको प्रतिक्रिया र पुनरुत्थानको नेपाली अनुभवले विकासमा साझेदारी भूमिकालाई कसरी लिन्छ ?**
हामीसँग तीता र मीठा दुवै अनुभव छन्। कुनै बेला प्रभावकारी ढंगले सहजीकरण र सहकार्य गर्न एकदमै गाह्रो भयो। सबै जना आफ्नो स्वार्थ अनुसार, आफ्नै ढंगले काम गर्न खोज्छन् त्यसैले उनीहरू एक तहको स्वतन्त्रता र स्वायत्तता खोज्छन्। तर, समग्र कार्यक्रमको उद्देश्य एउटा



प्रारूपमा रहेर सबैसँग सहकार्य गर्नु हो । एक्लाएक्लै काम गर्नुको सट्टा संस्थागत शैलीको अंग बनेर काम गर्नुपर्छ । हामीले निकै राम्रो अनुभव पनि गर्‍यौं । हामीसँग विकास सहायता संयोजक र सहजीकरण समिति र विभिन्न तहका विकास साझेदार जस्तै गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा हामीसँग यस्तो साझा मञ्च छ, जहाँ सबै सरोकार वालाहरूले आफू पनि यो प्रक्रियाको एक हिस्सा भएको अनुभूति गर्न सक्छन् र उनीहरूले आफ्नो विचार, दृष्टिकोण र शैली पनि आदानप्रदान अनि एकअर्काबाट सिक्न पनि सक्छन् ।

हामीले विपद्पश्चात् पुनरुत्थान प्रारूप पनि तयार पारेका छौं । यो पञ्चवर्षीय पुनर्निर्माण र पुनरुत्थान योजना हो । यो प्रारूपमा हरेक क्षेत्र र साझेदारका लागि योजनाहरू छन् । निजी क्षेत्र, गैरसरकारी संस्था, सरकारी निकाय र अन्य विकास साझेदारको कार्यक्षेत्र यहाँ परिभाषित गरिएको छ । हामीले संस्थागत प्रारूप, आर्थिक प्रारूप र समग्र कार्यक्रमको प्रारूप तयार पारेका छौं र सबै जना उक्त साझा मुद्दामा काम गर्न सहज महसुस गर्छन् । यी प्रारूपका कारण हामीले एकदमै संयोजनकारी ढंगबाट काम गरिरहेका छौं । हामीलाई के लाग्छ भने यी मुद्दाको नेतृत्व र संयोजन गरिरहेको प्राधिकरण आफ्नो मुख्य लक्ष्यबाट विचलित नभई सबै सरोकारवालाको चासो सम्बोधनका लागि लचिलो बन्नुपर्छ । यो ध्यानमा राख्नुपर्छ कि प्रक्रियाका हिसाबले हामी लचिलो बन्न सक्छौं तर लक्ष्य प्राप्तिका लागि भने एकदमै केन्द्रित हुनुपर्छ । हामीले यसो गर्न सके साझेदारी निकै व्यवस्थित बन्छ ।

**नेपाल भर्खरै संघीय संरचनामा गएको छ, निरन्तर प्रतिरोधी क्षमता अभिवृद्धिको प्रक्रियालाई कसरी स्थानीयकरण कसरी गर्नुपर्छ ?**

कुनै पनि मुद्दालाई स्थानीयकरण गर्दा हामीले ती समुदायसँग उनीहरूको आवश्यकता र सम्बन्धित मुद्दाको विषयमा छलफल गर्नुपर्छ । त्यसपछि मात्रै उनीहरूले यी मुद्दाहरूलाई आफ्नै अनुभूति गर्छन् । हामीले स्थानीय समुदाय र सरकारसँग यही शैली सुरु गर्नुपर्छ । तलदेखि-माथि जाने यो शैलीबाट, उनीहरूले पहिचान गरेका मुद्दाहरूलाई हामी दिगो विकास लक्ष्यसँग जोड्न पनि सक्छौं । हामीले ती मुद्दाहरू कसरी सञ्चार गर्छौं र बुझाउँछौं भन्ने नै मुख्य चासो हो । उदाहरणका लागि, विपद्पश्चात् पुनरुत्थान प्रारूपलाई



स्थानीयकरण गर्दा हामीले पुनर्निर्माण र पुनरुत्थान योजना आफैं तयार पार्न र मानवीय तथा आर्थिक स्रोत अनुरोध गर्न लगाएर स्थानीय समुदाय र सरकारलाई परिचालन गर्‍यौं । नेपालमा पहिलो पटक स्थानीय सरकारलाई आफ्नो पुनर्निर्माण र पुनरुत्थान यो जनासहित आउनू भनी अभियान सुरु गरिसकेका छौं । खुसीको खबर के भने अहिलेसम्म १७ जिल्लाले यो योजना बनाइसकेका छन् । अहिले हामीले यी स्थानीय योजनालाई राष्ट्रिय प्रारूपसँग समायोजन गरिरहेका छौं । यो समायोजनबाट स्थानीय तहले राष्ट्रिय रूपमा तयार पारिएको विपद्पश्चात् पुनरुत्थान प्रारूपलाई पनि आफ्नो अंगको रूपमा स्वीकार गर्नेछन् किनकि यसमा उनीहरूका स्थानीय मुद्दाहरू समेटिएका हुन्छन् ।

दिगो विकास लक्ष्यलाई पनि स्थानीयकरण गर्न यही शैली प्रयोग गर्न सकिन्छ । दिगो विकास लक्ष्यका प्रक्रियाहरूलाई स्थानीय योजनामा समेट्दा दिगो विकास लक्ष्यका मुद्दाहरू उनीहरूका आफ्नै मुद्दाहरू जस्तै हुन्छन् । यसपछि, यी योजना कार्यान्वयन गर्न र यी योजनाहरू कसरी स्थानीय संयन्त्र र प्रणालीमा जोड्न सकिन्छ भनेर संस्थागत संयन्त्रको विषयमा विचार गर्नुपर्छ । यसै गरी, यी योजना र कार्यक्रमलाई जोड्न आर्थिक स्रोतको पनि आवश्यकता हुन्छ । जब हामीले यी दुईलाई जोड्छौं तब दिगो विकास लक्ष्य स्थानीयकरण हुन्छ र पूरा प्रणालीमा समाहित हुन्छ जुन आफैंमा दिगो बन्छ ।



# मुलधारमा ल्याइदैं सीमान्तकृत

**विशेष रिपोर्ट**

*अपाङ्गता भएका व्यक्तिका नेताहरू स्वास्थ्य, शिक्षा, रोजगारी वा नीति निर्माणमा कोही पनि पछि नपारिऊन् भन्ने ठान्छन् ।*

**कोही पनि अवसरबाट वञ्चित नहोऊन् भन्ने दिगो विकास लक्ष्यको भावना अनुसार हाम्रा समुदायका सदस्यहरूले पनि हरेक क्षेत्रमा समान अवसर प्राप्त गर्नुपर्छ, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदी भन्छन् ।**

हरेक देशमा अपाङ्गता भएका व्यक्तिहरू सीमान्तकृत र पिछडिएका समुदायको रूपमा रहँदै आएका छन् । उनीहरू उचित शिक्षा, स्वास्थ्य सुविधा र आयआर्जनको अवसरबाट वञ्चित छन् । नेपालजस्तो विकासोन्मुख देशमा उनीहरूको अवस्था झन् भयावह छ । जहाँ कुल जनसंख्याको करिब २ प्रतिशत व्यक्तिमा एक वा एकभन्दा बढी अपाङ्गताको समस्या छ । अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा सीमान्तकृतमध्येमा पर्छन् । तर, उनीहरूको चासोलाई मूलधारमा ल्याउने प्रयास नगन्य छ ।

नेपालसहित १ सय ९० भन्दा बढि देशले स्विकारेको दिगो विकास लक्ष्य विकासको बृहत् प्रारूप हो, जुन समावेशी विकासमा केन्द्रित छ । यसले सीमान्तकृत समुदायका मानिसको जीवनस्तर सुधार्ने प्रयत्न गरेको छ । कसैलाई पनि पछि नपार्ने मुख्य उद्देश्यका साथ अघि सारिएको यसका सबै १७ वटा लक्ष्य अपाङ्गता भएका व्यक्तिका लागि उत्तिकै महत्वपूर्ण भए पनि सातवटा लक्ष्य भने विशेषतः अपाङ्गता भएका व्यक्तिमा केन्द्रित छ ।

नेपाल सरकारले आफ्नो राष्ट्रिय दिगो विकास लक्ष्यको सूचकांक र मार्गदर्शन परिभाषित गरिसकेको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको समुदायको नेतृत्व गरेकाहरू पनि शिक्षा, स्वास्थ्य होस् वा रोजगारी वा नीतिनिर्माणमा 'कोही पछि पर्ने छैनन्' भन्ने आसमा बसेका छन् ।

देशभरका ३ सयभन्दा बढी संघसंस्था आबद्ध रहेको अपाङ्गता भएका व्यक्तिहरूको छाता संगठन नेपाल राष्ट्रिय अपाङ्गता महासंघका अध्यक्ष सुदर्शन सुवेदी सन् २०३० सम्ममा दिगो विकास लक्ष्य पूरा गर्न सरकार, अपाङ्गता भएका व्यक्तिको अधिकारको वकालत गर्ने संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायजस्ता सबै सरोकारवालाहरू सहकार्य गर्दै अघि बढ्नुपर्ने विचार राख्छन् ।

तालिम प्राप्त शिक्षक र पहुँचयोग्य कक्षाकोठा नभएका कारण अपाङ्गता भएका हजारौं बालबालिका शिक्षाको अवसरबाट वञ्चित छन् । दृष्टिविहीन विद्यार्थीका लागि ब्रेललिपि छैन र अत्यावश्यक सेवा प्रदान गर्ने अस्पतालजस्ता निकाय पनि अपाङ्गमैत्री छैनन् । यो समुदायबाट निकै कम व्यक्ति मात्रै निर्णय गर्ने तहमा पुगेका छन् र संघीय संरचना अनुसारका तीनै तहको सरकारमा पनि अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व साह्रै थोरै छ । संसदीय र कार्यकारी तहमा अर्थपूर्ण प्रतिनिधित्व नहुँदा नीति र कानुन बन्दा पनि अपाङ्गता भएका व्यक्तिहरूको चासो सम्बोधन हुँदैन ।

अपाङ्गता भएका व्यक्तिहरूको नीति निर्माणमा योगदान नभएसम्म समान विकासको सम्भावना नहुने सुवेदीको विश्वास छ । 'कोही पनि अवसरबाट वञ्चित नहोऊन् भन्ने दिगो विकास लक्ष्यको भावना अनुसार हाम्रा समुदायका सदस्यहरूले पनि हरेक क्षेत्रमा समान अवसर प्राप्त गर्नुपर्छ,'

उनी भन्छन् । महासंघले अपाङ्गता भएका व्यक्तिहरूको चासो सम्बोधन गर्दै दिगो विकास लक्ष्य प्राप्तिका लागि के-के काम गर्नुपर्छ भन्ने विवरण प्रस्ट रूपमा समेटेर बृहत् अवधारणापत्रसमेत तयार पारेको छ । यो अवधारणापत्रको उद्देश्य दिगो विकास लक्ष्य प्राप्तिको क्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई मूलधारमा ल्याउनु, दिगो विकास लक्ष्य हासिलको प्रक्रियालाई गति दिनु र यी लक्ष्य हासिलको प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूलाई नीतिगत सहायता गर्नु पनि हो ।

सुवेदीका अनुसार यो अवधारणापत्रले समष्टिगत र दिगो विकासका लागि मार्गदर्शन प्रदान गर्छ । अपाङ्गता भएका व्यक्तिलाई पनि मूलधारमा ल्याउँदै सबै सरोकारवालाहरूले साझेदारी गर्दै काम गर्नुपर्ने यसमा उल्लेख छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन पनि महासंघको अर्को सुझाव हो । अहिले तीनै तहका सरकारहरू आफ्नो कानुन निर्माणको क्रममा छ । अब बन्ने कानुनमा अपाङ्गता भएका व्यक्तिका लागि समावेशी प्रावधान र त्यसको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिनुपर्छ ।

संशोधन वा परिवर्तन गर्न लागिएका राष्ट्रिय नीति तथा कार्ययोजनामा सम्बन्धित दिगो विकास लक्ष्य र सूचकांक समावेश गर्नु पनि महासंघले सुझाव दिएको छ । स्थानीय, प्रादेशिक र केन्द्र सरकार तथा अन्तर्राष्ट्रिय विकास साझेदार अर्थपूर्ण कार्यनीति र कार्ययोजनामा सहकार्य भए यसले दिगो विकास लक्ष्य हासिल गर्न ठूलो सफलता हासिल गर्ने महासंघको धारणा छ । ‘दिगो विकास लक्ष्य प्रक्रियाका लागि



सरोकारवालाबीच अर्थपूर्ण सहकार्य र साझेदारी विकास गरिनुपर्छ जहाँ अपाङ्गतालाई प्रमुख क्षेत्रको समावेश गर्नुपर्छ,' अवधारणापत्रमा भनिएको छ ।

समष्टिगत विकास प्रवर्द्धनका लागि अत्यावश्यक लैङ्गिक र अपाङ्गता भएका व्यक्तिका लागि समानता भएको स्थानीय शासनको प्रारूपका लागि पनि महासंघले वकालत गर्दै आएको छ । अपाङ्गता र गरिबी अन्तरसम्बन्धित र जटिल विषय भएकाले गरिबी निवारणको कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्न पनि महासंघले सुझाव दिएको छ । समष्टिगत विकास र समान समाजको सुनिश्चितताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकास, पहुँच बढाउन मद्दत पुग्ने आविष्कारको प्रवर्द्धन, सचेतना वृद्धि, केन्द्रदेखि स्थानीय तहसम्म जानकारी वितरणजस्ता अपाङ्गता भएका व्यक्तिको अधिकारका लागि निजी क्षेत्रसँग सहकार्य गरिनुपर्ने सुझाव पनि अवधारणापत्रले दिएको छ । छलफल र सहकार्य प्रवर्द्धनका लागि सार्कजस्ता क्षेत्रीय संगठनको तहमा अपाङ्गता र दिगो विकास लक्ष्यसँग सम्बन्धित मञ्चको स्थापना गर्न पनि महासंघको सुझाव छ ।

'लामो समयदेखि हामीले प्रतिबद्धता मात्रै सुन्दै आएका छौं अब भने विशेष र लक्षित योजना र प्रक्रियाद्वारा ती प्रतिबद्धता कार्यान्वयन गर्ने समय आएको छ,' सुवेदी थप्छन् । आफ्नो संगठनलाई नयाँ संघीय संरचना अनुसार पुनःसंरचना गरेर अपाङ्गता जागरणलाई सशक्त बनाउने योजनाका लागि महासंघले अहिले तयारी गरिरहेको छ । अहिले लागू भएको संघीय संरचनाको स्वरूपले चुनौती र अवसर दुवै दिएको महासंघको विश्वास छ । त्यसैले, गाउँपालिकादेखि राष्ट्रिय तहसम्म समावेशी नीति निर्माण तथा अधिकार संस्थागत गर्न महासंघले प्रयास जारी राखेको छ ।





# संघीयता सफल बनाउन तथ्यांक महत्वपूर्ण

**रुरिक मार्सडेन, प्रमुख, डीएफआईडी नेपाल**

***नेपालले संघीय स्वरूपमा तयार तथ्यांक व्यवस्थापन प्रणालीका लागि तत्कालै लगानी गर्नुपर्छ। र, दिगो विकास लक्ष्यले यसको प्रारूप तयार गर्न सघाउन सक्छ, डीएफआईडी नेपालका प्रमुख रुरिक मार्सडेन लेख्छन्।***

नेपालको नयाँ संघीय संरचनाले सार्वजनिक सेवा र आर्थिक विकासको निर्णय प्रक्रियामा जनतालाई नजिक ल्याएको छ। स्थानीय प्राथमिकताका आधारमा सेवा वितरणलाई नजिक लैजानका लागि यो एक अवसर पनि हो। तर, नेपालका लागि प्रस्ट सूचकांक र प्रभावकारी तथा विश्वसनीय तथ्यांक आवश्यक छ। जसबाट स्थानीय तह, प्रदेश र संघीय सरकारले प्रगति विवरण थाहा पाउन, केले काम गरिरहेको छ वा के सुधार्नुपर्छ भन्ने थाहा पाउन सकून्। बलियो तथ्यांक प्रणालीका लागि तत्काल काम गरिहाल्न आवश्यक छ। दिगो विकास लक्ष्यले यसको प्रारूपका लागि सहयोग गर्न सक्छ।



*Photo: Adelanta Big Data via flickr.com*

राजनीतिशास्त्री एलेक्सिस डे टक्भिल्लेले संघीयताबारे भनेका छन्, 'यसले साना र ठूला राज्यका विभिन्न लाभहरूलाई एकीकृत गर्छ।' स्थानीय सरकार वास्तवमै जनताको नजिक हुन्छन् र आफूलाई निर्वाचित गर्ने जनताको प्राथमिकताका आधारमा नतिजा दिने खालको नीति र सेवा निर्माणका लागि सक्षम हुन्छन्। सरकार आफ्नो क्षेत्रका जनतासँग नजिक हुने भएकाले निर्वाचित क्षेत्रका जनताले पनि सरकारको कार्यक्षमताको मूल्यांकन गर्दै अब फेरि भोट दिने कि नदिने भनेर निर्णय गर्न सक्छन्। संघीय सरकारको कार्यान्वयनमा नेपालले

प्रगति हासिल गरिरहेको छ । नेपालभर भ्रमण गर्दा स्थानीय तहको प्रभावकारिताको उदाहरण देख्न सकिन्छ । स्थानीय तहले आफ्नो प्राथमिकताको क्षेत्रको आधारमा स्वास्थ्य समस्या समाधान, शिक्षामा पहुँच बढाउने अभियान, वातावरणीय प्रभाव कम गर्ने अभियानजस्ता प्रयास गरिरहेका छन् ।

तर, राम्रो नीति र लगानीसम्बन्धी राम्रो निर्णय गर्नका लागि स्थानीय र केन्द्रीय तहमा एकदमै बलिया तथ्यांकहरू आवश्यक पर्छन् । यदि स्थानीय सरकारले -उदाहरणका लागि मातृ मृत्युदर कम वा आर्थिक अवसर सिर्जना गर्न हरेक कामका लागि कति खर्च लाग्छ भन्ने निर्णय बलियो तथ्यांकको आधारमा तय गरे भने यसले करदाताको प्रत्येक रुपैयाँबाट उत्कृष्ट नतिजा हासिल गर्न सहयोग पुऱ्याउँछ । राम्रो तथ्यांकबिना प्रतिबद्ध स्थानीय तह र स्थानीय नेतृत्वले पनि काम गर्न सक्दैनन् । मतदातालाई पनि निर्वाचित प्रतिनिधिले काम गरे कि गरेनन् भन्ने थाहा पाउन कठिन हुन्छ ।

नेपाल विविधतायुक्त देश भएकाले यहाँ स्थानीय सरकारले भोगेका चुनौती र उनीहरूको काम गराइमा पनि फरकपन छ । अब आउने महिना वा वर्षमा कुन काम कुन सरकारले गर्ने, स्थानीय र प्रदेश सरकारसँग योग्य जनशक्ति र उपयुक्त संरचना छ कि छैन, विभिन्न सरकारबीच समन्वय गर्नु र जिम्मेवारी अनुसारको आर्थिक स्रोतको मिहिन रूपमा जोहो गर्नु महत्वपूर्ण हुनेछ ।

सरकारले विश्व बैंक र युएनडीपीलाई मुख्य चुनौतीहरू पत्ता लगाउने उद्देश्यसहित संघीय आवश्यकताको मूल्यांकन गर्न आग्रह गरेको छ । तर, अन्तिममा नेपालले आफ्नो समस्याको समाधान आफैं निकाल्नुपर्छ । यसो गर्दा, नेपालमा काम गर्न सक्ने संघीय स्वरूप विकास गर्नुपर्छ । यसका लागि राम्रो समयानुकूल तथ्यांकले महत्वपूर्ण भूमिका खेल्छ । प्रभावकारी तथ्यांकले विकास प्राथमिकताको बारेमा बुझ्न सजिलो बनाउँछ । कुन सरकारले कस्तो काम गरिरहेको छ भन्ने जानकारी यसले दिन्छ । अन्य सरकारलाई सिकाइ हुन्छ र विकासको काममा संघर्ष गरिरहेको सरकारलाई पनि यसले सहयोग पुऱ्याउँछ ।

एकअर्कामा साझेदार हुने तथ्यांकको प्रारूपले नेपालभरका विकास प्राथमिकतालाई पछ्याउन सहयोग पुग्छ । संयुक्त राष्ट्र संघको महासभाले सन् २०१५ मा पारित गरेको दिगो विकास लक्ष्यले यसको प्रारूप बनाउन सहयोग गर्न सक्छ । १६९ वटा परिमाणात्मक लक्ष्य र यसका बृहत सूचकांकहरू विश्वव्यापी छलफलद्वारा तयार पारिएका छन् जसलाई १७ वटा लक्ष्य मापनका लागि प्रयोग गरिन्छ । विश्वव्यापी रूपमा स्वीकार्य दिगो विकास लक्ष्यहरू आधारभूत स्वास्थ्य सेवादेखि न्याय, आर्थिक विकासदेखि वातावरण संरक्षणसम्मका क्षेत्रलाई समेट्छ । त्यसैले यदि मिहिन रूपमा प्राथमिकीकरण गर्ने हो भने यिनले स्थानीय, प्रदेश र केन्द्र सरकारलाई आफ्ना प्रगतिका लागि पनि एकदमै राम्रो प्रारूप प्रदान गर्न सक्छ । सबैभन्दा महत्वपूर्ण पक्ष त नेपालले भर्खरै मात्र दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने प्रक्रिया सुरु गरिसकेको छ ।

संघीयताको संरचनाको सफल कार्यान्वयनका लागि तथ्यांकलाई महत्व दिने हो भने नेपालले संघीय स्वरूपमा तयार तथ्यांक व्यवस्थापन प्रणालीका लागि तत्कालै लगानी गर्नुपर्छ । राष्ट्रिय तथ्यांक प्रणाली विकासका लागि केन्द्रीय तथ्यांक विभागको भूमिका महत्वपूर्ण छ ।

केन्द्रीय तथ्यांक विभागले राखेको तथ्यांक नेपालको केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारले निष्पक्ष र वास्तविक भएको विश्वास गर्न सक्ने हुनुपर्छ । यसले नेपालको सबै ७ सय ६१ वटै सरकारको निर्णय प्रक्रियालाई सचेत बनाउँछ । विभिन्न निकायले एउटै तथ्यांक फरकफरक तरिकाले संकलन गरेर समय खेर फाल्नु वा तथ्यांकबारे सरकारी निकायबीचमै मतभेद हुनु नेपाललाई मान्य हुँदैन । केन्द्रीय तथ्यांक विभागले स्थानीय र प्रादेशिक सरकारसँग छलफल गरी उनीहरूको तथ्यांकको माग, उनीहरूको रुचि र क्षमता के हो भन्नेतर्फ पनि ध्यान दिनु उत्तिकै जरुरी छ ।

सन् २०२१ मा हुने जनगणना संघीय नेपालको विकास आवश्यकता पहिचान गर्ने विशेष अवसर हो । जनगणना सुरु हुनुअघि नै जतिसक्दो चाँडो स्थानीय र प्रादेशिक सरकारसँग छलफल हुनु जरुरी छ । केन्द्रीय तथ्यांक विभागले राजनीतिक तहमा सहमति जुटाएर यो काम तत्कालै गर्न सक्छ । राम्रो तयारी गरिएको र बृहत् जनगणनाले नेपालको विकासको गति बढाउन राम्रो निर्णय दिन सक्छ भने खराब तयारी भएको जनगणनाले गलत जानकारी, द्विविधा निम्त्याउने खतरा हुन्छ ।


N-PEACE
AWARDS
2016
npeace
network
santi Chaudhary
Nepal

# समुदायकै लागि

**विशेष रिपोर्ट**

***पूर्वकमलरी वसन्ती चौधरी आफ्नो समुदायको आवाज सार्वजनिक बहसमा ल्याउन र समुदायको हितमा काम गर्न सम्बन्धित निकायलाई दवाव दिन सक्रिय छिन् । उनी कमैया/कमलरी आन्दोलनकी अगुवा हुन् ।***

**हामीले गरेको आन्दोलनको मुख्य मुद्दा कमैया/कमलरीको न्यायका लागि थियो । यसमा महिला अधिकारको सवाल र लैंगिक समानता पनि जोडिएको छ । यी सबै एकआपसमा सम्बन्धित विषय हुन् ।**

वसन्ती चौधरीलाई लाग्छ उनले जुन खालको जीवन बाँचिन्, त्यसकै नतिजास्वरूप उनी सामाजिक वकालतको क्षेत्रमा आएकी हुन् । कैलालीको कमैया परिवारमा जन्मिएकी उनी ६ वर्षको उमेरमै जमिनदारको घरमा कामदारको रूपमा प्रवेश गरिन् । त्यसको ६ वर्ष उनको जीवन पूर्वमालिककै इसारामा चल्यो । जब घरधन्दाको सारा काम सकिन्थ्यो तब उनले पढ्ने समय पाउँथिन् । यसरी कमलरीकै रूपमा वसन्तीले ५ कक्षा उत्तीर्ण गरिन् । त्यसलगत्तै उनका अभिभावक नेपालमा बँधुवा मजदुरको प्रथा कमैया/कमलरी अन्त्यको आन्दोलनमा लागेका थिए । आफ्नो अभिभावकबाट उत्प्रेरित उनी जमिनदारको घर छाडेर आफ्नै घरमा फर्किइन् । यो आन्दोलनमा महिला र पुरुषको छुट्टाछुट्टै समूह थियो । तर, महिला समूहका अरू कुनै सदस्यले लेख्न र पढ्न नजान्ने भएकाले जब यस्तो काम आइपर्थ्यो, यो सबैको जिम्मा वसन्तीको भागमा पर्‍यो ।

उनीहरूको यो मिहिनेत सन् २००१ मा साकार भयो जब सरकारले कमैया/कमलरी प्रथा अन्त्यको घोषणा गर्‍यो र उनीहरूको पुन:स्थापनाका लागि जग्गा र नगद उपलब्ध गराउने बतायो । काम गर्नभन्दा भन्न सजिलो छ भन्ने भनाइलाई सरकारको घोषणाले चरितार्थ गर्छ । मुक्त घोषणा गरिएका ३७ हजार कमैया/कमलरीमध्ये केहीले सरकारको राहत पाउन लामो समय कुर्नुपर्‍यो र तीमध्ये धेरैले योग्य भए पनि सरकारको सहयोग पाएनन् । अनि, मुक्त कमैयालाई सरकारले गरेको प्रतिबद्धता पूरा गर्न जन्मियो – कमैया प्रथा उन्मूलन समाज ।

तीन हजार सदस्य रहेको कमैया प्रथा उन्मूलन समाज पूर्वकमैयाहरूको अधिकार प्राप्ति तथा उनीहरूको समस्या सार्वजनिक बहसमा ल्याउन र सम्बन्धित निकायलाई उपयुक्त निर्णय गर्न दबाब दिनका लागि सही कदम सावित भयो । महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जाल कैलाली प्रमुखको रूपमा जिल्लास्तरमा मानवअधिकार सहित कमलरीले भोग्नुपरेको महिला हिंसा र भेदभावविरुद्ध आवाज उठाइरहेकी वसन्ती त्यही बेला कमैया प्रथा उन्मूलन समाजसँग जोडिइन । अहिले उनी पाँच वर्षीय कार्यकालका लागि समाजको अध्यक्ष बनेकी छन् ।

'हामीले गरेको आन्दोलनको मुख्य मुद्दा कमैया/कमलरीको न्यायका लागि भए पनि त्यसमा महिला अधिकारको सवाल र लैंगिक समानता पनि जोडिएको थियो,' उनी भन्छिन्, 'यी सबै एकआपसमा सम्बन्धित मुद्दाहरू हुन् ।

एउटाबिना अर्को मुद्दा अघि जान सक्दैन ।' वसन्तीका अनुसार कमैया प्रथा उन्मूलन भएको, अहिले १८ वर्षमा सरकारले राहत उपलब्ध गराएकामध्ये अधिकांशले त्यसको सदुपयोग गरेका छन् । तीमध्ये कोही कृषक छन्, कोही अटो रिक्सा मालिक भएका छन् । कोही साना उद्यमी बनेका छन् र आफ्ना सन्तानलाई विद्यालय पठाउन सक्ने भएका छन् । तर, कैलाली जिल्लामा मुक्त भएका आठ हजार नौ सय १० मजदुरमध्ये नौ सय २६ जनाले अहिलेसम्म सरकारले घोषणा गरेको राहत पाएका छैनन् र अझै त्यसका लागि संघर्ष गरिरहेका छन् । 'उनीहरू अहिलेसम्म पनि खोला नजिकैको टहरा वा अवैध जग्गामा बस्न बाध्य छन् र जीविकोपार्जनका लागि संघर्ष गरिरहेका छन्,' उनी भन्छिन् ।

वसन्ती र उनका साथीहरू आफ्नो समुदायको दायरा फराकिलो पार्न चाहन्छन् । वकालतबाहेक समाजले अहिले तरकारी खेती, सिलाइकटाइ, माछापालन र कपाल काट्नेजस्ता उद्यमशीलता र आयआर्जनका अनेकौं तालिम दिइरहेको छ जसले धेरै मुक्त कमैयालाई वैकल्पिक आयआर्जनको स्रोत देखाएको छ । समाज सञ्जाल र समाजको सदस्यको रूपमा उनको कामको अर्को पक्ष भनेको आफ्ना क्षेत्रका फरक-फरक समुदायबीच सद्भाव कामय राख्नु पनि

**एन-पिस अवार्ड हाम्रो कामको सम्मान मात्रै होइन, हाम्रो मुद्दालाई विश्वव्यापीकरण गर्न पनि यसले सघाएको छ । यसले हामीलाई अझ बढी संघर्ष गर्दै अघि बढ्ने हौसला र प्रेरणा पनि दिएको छ ।**





हो, जहाँ पछिल्लो समय संघीय संरचनामा हुने पुनः संरचनाका कारण मानिसहरूबीच संघीय सीमाको विषयमा फरक विचारका कारण सद्भाव खल्बलिएको छ । सद्भाव कायम राख्नका लागि वसन्तीले फरक-फरक समुदायका सदस्य एक ठाउँमा रहने समिति बनाउनका लागि भूमिका खेलेकी छन्, जुन संयन्त्र द्वन्द्व न्यूनीकरणका लागि प्रभावकारी देखिएको छ ।

उनको काम र उपलब्धि मूल्यांकनको आधारमा सन् २०१६ मा 'एन-पिस अवार्ड' पाउने एसियाकी नौ महिलामध्ये उनी एक हुन् । सन् २०१० देखि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले सुरु गरेको यो पुरस्कार समुदायका महिला, शान्ति सुरक्षा क्षेत्रमा योगदान पुर्‍याउने अगुवाहरूलाई दिइन्छ । 'हाम्रो कामको सम्मान मात्रै होइन, हाम्रो मुद्दालाई विश्वव्यापीकरण गर्न पनि यसले सघाएको छ,' वसन्ती भन्छिन्, 'यसले हामीलाई अझ बढी संघर्ष गर्दै अघि बढ्ने हौसला र प्रेरणा पनि दिएको छ ।'

आगामी केही वर्षका लागि वसन्तीले स्थानीय अभियानकर्ताको रूपमा काम गर्ने र बिस्तारै राजनीतिमा प्रवेश गर्ने योजना बनाएकी छन् । 'नीतिगत तहमा पार्ने प्रत्यक्ष प्रभावले सामाजिक परिवर्तनका लागि धेरै अवसर सिर्जना गर्छ,' उनी भन्छिन्, 'हाम्रा समुदायका मानिससँग लामो समयदेखि नजिकबाट काम गरेपछि, मलाई लाग्छ, म उनीहरूको आवश्यकता र प्राथमिकताको प्रतिनिधित्व गर्ने उपयुक्त स्थानमा छु ।'

# सधैं सीमान्तकृत

म सानो छँदा हामीलाई जता मन लाग्यो त्यतै जाने स्वतन्त्रता थियो । मेरो बुबासँग नदी किनारमा सुन छान्न, माछा मार्न बर्दिया राष्ट्रिय निकुञ्जभित्र गएको सम्झन्छु । हामी खानका लागि माछा माथ्यौं, बाँच्न जे-जे गर्नुपर्छ, गथ्यौं । चाहिएको बेलामा प्रयोग गर्न सबै चीज हाम्रो थियो ।

अब ती दिन रहेनन् । हामीलाई परचक्रीजस्तो व्यवहार गरिएको छ । आफ्नै घरमा पराईजस्तो भएका छौं । हामीले गर्ने क्रियाकलाप र सक्रियता लगातार नियन्त्रण गर्दै आइएको छ । यहाँ पनि रोक, त्यहाँ पनि रोक, यता पनि रोक, जहाँ पनि जता पनि रोक ।

हामी सोनाहा समुदायका मानिससँग आफ्नो स्वामित्वको जमिन छैन । यसको अर्थ हो हामी खेतीकिसानी गर्न सक्दैनौं । हाम्रो जीवन र जीविकोपार्जन सुन खोज्ने र माछा मार्नुमै अडेको छ । हाम्रा पुर्खाहरूले पनि यही गरे । हामीले अहिलेसम्म पनि यही काम गरिरहेका छौं । धेरै मानिस हामीलाई थारू भन्ठान्छन् किनकि हाम्रो बाहिरी आवरण केही मिल्दो जुल्दो हुन्छ । तर, हामी छुट्टै जातीयता भएको समुदाय हौं । हाम्रो आफ्नै भाषा र संस्कृति छ । जीविकोपार्जनको हिसाबले हेर्ने हो भने हामी र थारू समुदायबीच ठूलो भिन्नता छ । धेरै थारू आफ्नो परम्परागत पेसाको रूपमा खेतीमा निर्भर छन्, हामी भने सधैं कर्णालीमा निर्भर छौं । हाम्रो पुस्तौंदेखि यस्तै चल्दै आएको छ । यही नदीको पानी र बालुवा हाम्रो बाँच्ने आधार हो ।

तर, सरकारी अधिकारीहरू अहिले हाम्रो जीवन जिउने शैली परिवर्तन होस् भन्ने चाहन्छन् । खोला, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र जमिन प्रयोग नगर्न भन्छन् । यो समस्या धेरै अघिदेखि सुरु भएको हो । सन् १९८८ मै हामीलाई बर्दिया राष्ट्रिय निकुञ्ज प्रवेशमा रोक लगाएदेखि नै यो सुरु भएको हो । निकुञ्जमा गएको आरोपमा हामीलाई धेरै दुर्व्यवहार गरिन्थ्यो, हाम्रो सामान खोसेर लैजान्थे र हामी बारम्बार सुरक्षाकर्मीबाट पक्राउ पर्थ्यौं । यो क्रम अहिले पनि रोकिएको छैन । बिस्तारै, हामीलाई निकुञ्जको मध्यवर्ती क्षेत्रमा पनि प्रवेश गर्न रोक लगाइयो ।

समुदायभित्रै मनमुटाव आएपछि समयसँगै समस्या पनि बढ्दै गयो । जजसले कर्णाली नदी किनारमा जग्गा ओगटेर आफ्नो नाममा दर्ता गरेका थिए, उनीहरू हामीविरुद्ध उभिन थाले । हामीलाई नै सुन छान्नबाट रोक्न थाले । सन् २०१५ यता समस्या झन् बढेको छ । हामीलाई निकुञ्ज क्षेत्रमा नपर्ने ठाउँमा जानबाट पनि रोक लगाइएको छ ।

यसको सट्टामा हामीलाई के विकल्प दिइएको छ ? हामी कसरी बाँच्ने ? हाम्रो जीवनशैली के हुन्छ ? यस्ता प्रश्नले हामीलाई दिनदिँदै घोच्छ । निकुञ्ज प्रशासनले के तथ्य बुझेको छैन भने हाम्रो जीवनको आधार नदीसँग जोडिएको छ र हाम्रो जन्मदेखि नै यसलाई प्रयोग गर्ने अधिकार हुन्छ । हामीलाई नदी र वनमा प्रवेश गर्न नदिएर सरकारले आदिवासीलाई उनीहरूले पुस्तौनी प्रयोग गर्दै आएको जमिन र प्राकृतिक स्रोत उपयोगका लागि दिने भनी आफैंले गरेको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताको उल्लंघन गरेको छ । संयुक्त राष्ट्रसंघ, नागरिक समाज र अन्य विकास साझेदारले सरकारलाई हामी सोनाहाजस्ता आदिवासी समुदायको अधिकारको सम्बन्धमा उसले गरेको विभिन्न सम्झौताहरूको पालना गर्न दबाब दिनुपर्छ ।

वन र प्राकृतिक स्रोतको संरक्षण महत्वपूर्ण हुन्छ । यसमा कुनै शंका छैन । यसका लागि हामी सरकारको प्रशंसा गर्छौं । तर, एउटा ठूलो समुदायको जीवन बाँच्ने आधारभन्दा ठूलो संरक्षण होइन । हाम्रो समुदायका अधिकांश मानिस अशिक्षित छन्, त्यसैले हाम्रो अधिकार हनन हुँदा एकजुट भएर आवाज उठाउन पनि चुनौतीपूर्ण छ । त्यसैकारण विकास साझेदारले हाम्रो जन्मसिद्ध अधिकार प्राप्तिका लागि हामीसँग काम र सहायता गर्नुपर्छ । अब त धेरै सोनाहाहरूले आशा पनि मारिसके । अहिले कोही श्रमिक बनेका छन्, कोही परिवार पाल्न खेतीपातीमा लागेका



**ज्योति सोनाहा,**
**दौलतपुर, कैलाली**

छन् । तर, जत्ति गाह्रो भए पनि हामी अधिकांश भने परम्परागत शैलीमै बाँचिरहेका छौं । हामीले सुरक्षा निकायले दिने धम्की र दुर्व्यवहारसँग डराउन अस्वीकार गरिरहेका छौं ।

म अधिकारका लागि लडिरहन प्रतिबद्ध छु । तर, यदि सरकार हाम्रो कुरा सुन्न, चासो बुझ्न र हामीलाई वैकल्पिक अवसर दिन चाहन्छ भने हामी वार्ताका लागि तयार छौं । तर,

हामीलाई व्यावहारिक विकल्प दिनुपर्छ । उदाहरणका लागि, यदि सरकार हामीले खेती गरुन् भन्ने चाहन्छ भने हामीलाई जग्गा उपलब्ध गराउनुपर्‍यो ।



# दिगो विकास लक्ष्य कार्यान्वयनको स्थानीयकरण

**गोपाल लम्साल, अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल**

***दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा हासिल गर्न नागरिक समाज संगठनहरूलाई पनि अर्थपूर्ण भूमिका दिनु आवश्यक छ । गैरसरकारी संस्था महासंघ नेपालका निवर्तमान अध्यक्ष गोपाल लम्साल लेख्छन् :-***

नेपालमा जीवन्त नागरिक समाज छन्, जसले धेरै क्षेत्रमा अगुवाइ गरेको छ । नागरिक समाज संगठनहरूले नेपालको सामाजिक राजनीतिक तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । दिगो विकास लक्ष्यको कार्यान्वयन र यसको उद्देश्य हासिलका लागि नागरिक समाज संगठन महत्वपूर्ण शक्ति हो । सन् २०१५ मा नागरिक समाज संगठनहरूको संयुक्त घोषणापत्रले विकास न्यायको ५ सिद्धान्त अंगीकार गर्दै दिगो विकास लक्ष्यको कार्यान्वयनमा सघाउने प्रतिबद्धता जनाएको छ । यसमा न्यायको पुनर्वितरण, आर्थिक न्याय, सामाजिक न्याय, वातावरणीय न्याय र जनताप्रतिको जवाफदेहिता पर्छन् ।

नागरिक समाज संगठनहरूले नेपाल दिगो विकास लक्ष्य मञ्च नामक साझा निकायको पनि स्थापना गरेका छन्, जसको नेतृत्व गैरसरकारी संस्था महासंघ नेपालले गरेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयन गर्न सामूहिक संलग्नताका लागि यसको गठन भएको हो । यसको लक्ष्य नागरिक समाज संगठनहरूबीच सिकाइको आदानप्रदान र सामूहिक सहकार्य वृद्धि गर्नु हो । अहिले मञ्चको प्रदेशस्तरीय संयन्त्र पनि बनिसकेको छ । हामी प्रदेशस्तरीय नीति तथा योजनाहरूलाई दिगो विकास लक्ष्यको दृष्टिकोणबाट समीक्षा गर्न चाहन्छौं । हामी समीक्षाका लागि स्थानीय सरकारहरू छान्दैछौं । दिगो विकास लक्ष्यमा ऐक्याबद्धता जनाउन स्थानीय तह निकै उत्सुक छन् । हामी सबैलाई थाहा छ, नागरिक समाज संगठनले मूलधारका समूह साथै सीमान्तकृत समुदायसहित अवसरबाट वञ्चित समुदायको पनि प्रतिनिधित्व गर्छ । यो भूमिकाको कारण दिगो विकास लक्ष्य रणनीति निर्माणको क्रममा र त्यसलाई कार्यान्वयनको क्रममा जवाफदेहिता प्रवर्द्धनका लागि पनि नागरिक समाज संगठन प्रमुख साझेदार हुन् । स्थानीयस्तरमा काम गरेका कारण, नागरिक समाज संगठनले स्थानीय सन्दर्भ र मुद्दाहरू बुझेका हुन्छन् । साथै दिगो विकास लक्ष्यसँग सम्बन्धित कामका लागि उपयुक्त सुझाव दिने हैसियत राख्छन् । त्यसैकारण, नागरिक समाज संगठन दिगो विकास लक्ष्य योजना र कार्यान्वयनका लागि बनेका विषयगत समितिहरू र बहुसरोकारवाला सम्मिलित संयन्त्रको अभिन्न अंग हुनुपर्छ ।

तर, नागरिक समाज संगठनले प्रभावकारी रूपमा काम गर्न उपयुक्त वातावरण पनि हुनुपर्छ जुन सरकारी सहयोगमा निर्भर र हन्छ । यसले गर्दा, नागरिक समाज संगठनले जनताको आधारभूत राजनीतिक अधिकारका लागि वकालत गर्न सक्छन् भने विकासको र म्रो नतिजा दिने उपयुक्त नीति निर्माणका लागि पनि सहयोगी भूमिका खेल्न सक्छन् ।

सरकारी र गैरसरकारी निकायबीच साझेदारी अभिप्रेरित र सहजीकरण गर्न नेपाल सरकारले बहुसरोकारवाला शैली अपनाएको छ । सरकारले दिगो विकास लक्ष्य कार्यान्वयनका लागि सहयोग गर्न दुईवटा उच्चस्तरीय समिति र ९ वटा विषयगत समितिहरू गठन गरिसकेको छ । सरकारी योजना, नीति तथा बजेटमा दिगो विकास लक्ष्यलाई समावेश गर्न तथा गल्तीहरू सच्याउन यो समितिहरूले काम गर्छन् । राष्ट्रियस्तरको समितिमा नागरिक समाज संगठनलाई सहभागी गराउने प्रावधान छैन । नागरिक समाज संगठनको सहभागिता विषयगत समितिमा पनि अनिवार्य छैन । तर, भर्खरै मात्र राष्ट्रिय योजना आयोगले विषयगत समितिको बैठकमा सहभागी हुन निमन्त्रणा दिएको छ । आशा गरौं, भविष्यमा यस्तै खालका अन्य संयन्त्रमा नागरिक समाज संगठनलाई पनि सहभागी गराइन्छ किनकि यिनलाई उपेक्षित गरिंदा सीमान्तकृत र अल्पसंख्यक समुदायलाई प्रतिनिधित्व गर्ने उनीहरूको क्षमता सीमित हुन्छ । हामी सरकारलाई सबै संरचना र तहमा समावेशी साझेदारी शैलीलाई प्रवर्द्धन गर्न आग्रह गर्छौं ।

## मुख्य चुनौतीहरू

संघीय संरचनाको सन्दर्भमा, केन्द्र सरकारको मुख्य भूमिका नीतिहरू निर्माण गर्ने र स्रोत तथा नयाँ विचारको व्यवस्था गर्ने हो भने यिनको कार्यान्वयन गर्ने जिम्मेवारी प्रादेशिक र स्थानीय सरकारको हो । समस्या के भने दिगो विकास लक्ष्य कार्यान्वयनका लागि राष्ट्रियस्तरको संरचना बनेको भए पनि संघीय संरचनाको सुरुआतपछि बनेका दुई तहको सरकारसँग यसले कसरी जोडिएर काम गर्न भन्ने प्रस्ट छैन । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि प्रादेशिक संरचनाको भूमिका के हो ? स्थानीय सरकारले आफ्नो योजनामा दिगो विकास लक्ष्यलाई कसरी जोड्छन् ? स्थानीय योजना र बजेट निर्माणको प्रक्रियामा दिगो विकास लक्ष्य कसरी परावर्तित हुनुपर्छ ? स्थानीय जनप्रतिनिधिमा दिगो विकास लक्ष्यबारे थोरै मात्र ज्ञान छ जसका कारण यसलाई स्थानीयकरण गर्ने प्रयास अपर्याप्त छ ।

प्रादेशिक तहको सरकारले पनि दिगो विकास लक्ष्य कार्यान्वयनका लागि सहयोग गर्ने राष्ट्रिय स्तरमा रहेको जस्तै संयन्त्र बनाउन आवश्यक छ । प्रादेशिक सरकार र स्थानीय तहले आफ्नो कार्यक्रम र नीतिमा दिगो विकास लक्ष्यलाई समाहित गर्न योजना र मापनका औजारहरू आवश्यक छ । स्थानीय र प्रदेश स्तरीय संयन्त्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि हामीले राष्ट्रिय योजना आयोगसँग खाका र मार्गदर्शन माग गरेका छौं । यसले गर्दा देशैभरि एकरूपता र नियमितता कामय हुन्छ ।

तथ्यांकहरूको उपलब्धि पनि अर्को चुनौती हो । सन् २०११ मा राष्ट्रिय जनगणनाको क्रममा तथ्यांकहरू संकलन भएका थिए । तर, त्यसयता तथ्यांकका लागि कुनै प्रयास भएको छैन । यसको अर्थ हो, अहिलेको यो जनाहरू पुरानो तथ्यांकमा आधारित छ । 'कोही नछुटुन्' भन्ने दिगो विकास लक्ष्यको सिद्धान्तलाई सम्बोधन गर्ने हो भने सबै क्षेत्र र तहको छुट्टाछुट्टै तथ्यांक चाहिन्छ । दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा हासिलका लागि विभिन्न क्षेत्रमा तयारीको आवश्यकता पर्छ । जस्तै : सचेतना, अपनत्व, नीतिगत एकरूपता, स्थानीयकरण, विकास योजनामा दिगो विकास लक्ष्यको समावेशिता, स्रोत परिचालन र अनुगमन प्रणालीको स्थापना । विगत दुई वर्षयता नेपाल सरकारले यसका लागि धेरै त्यस्ता तयारी गरेको देखेका छौं । सबै भन्दा बढी देखिएको काम भने सचेतना अभिवृद्धि र उच्चस्तरीय संस्थागत संरचनाको स्थापना हो ।

तर, प्रदेश तथा स्थानीय तहमा दिगो विकास लक्ष्य संयन्त्र बनाउन सरकारका लागि यो उपयुक्त समय पनि हो, यस्तो संयन्त्र जसले नागरिक समाज संगठनसहितका सरोकारवालाहरूलाई विश्वव्यापी लक्ष्य कार्यान्वयनका लागि योगदान पुऱ्याउन साझा मञ्च देओस् ।



# संघीयता विकासको अवसर
## त्रिलोचन भट्ट, मुख्यमन्त्री-प्रदेश ७

इतिहासमै पहिलो पटक देशले संघीय मोडल अंगीकार गरेको छ । हामीले विकास र सुशासनका लागि नयाँ प्रणाली सुरु गरेका छौं । पहिलो प्रदेशस्तरीय निर्वाचनमा मतदाताले हाम्रो पार्टीलाई बलियो बनाएर जिम्मेवारी दिएका छन् । अहिले जनताको आकांक्षाहरू पूर्ति गर्नु मेरो जिम्मेवारी हो । हरेक नयाँ जिम्मेवारीमा अवसर र चुनौती सँगै आउँछन् । प्रदेश ७ ले धेरै विकास देख्न पाएको छैन । हामीले लगभग शून्यबाट सुरुआत गर्नुपर्छ । बजेट र स्रोत साधनको अभाव यहाँको मुख्य चुनौती हो । विकासका लागि आवश्यक पर्ने मुख्य तत्व सकारात्मक सोच हो जसको अभाव हाम्रो समाजमा छ । विकासका लागि सकारात्मक सोच राखेर आफ्नै तरिकाबाट यो गदान पुऱ्याउनु हामी सबैका लागि महत्वपूर्ण छ । मानिसले आफ्ना परम्परागत सोच हटाउन जरुरी छ । राजनीतिमा भएकाहरू पनि चुनौती र अप्ठेरो पार गर्न सक्षम बन्नुपर्छ ।

पहिलाको प्रणालीले समावेशी विकास सुनिश्चित गर्न सकेन । समस्या यसैले सिर्जना गरेको हो । राज्य नै विकासका लागि प्रारम्भिक रूपमा जिम्मेवार हुन्छ । तर, यदि यो पूर्वाग्रही र आफ्ना नागरिकलाई समान व्यवहार नगर्ने भयो भने समस्या सुरु हुन्छ । दुर्गम क्षेत्रले विकासको मुख देख्नै पाएको छैन । विकासको कमीले स्वाभाविक रूपमा जनतालाई गरिब र कमजोर बनाउँछ । आर्थिक विकासले धेरै सकारात्मक सामाजिक परिवर्तनतर्फ डोऱ्याउँछ । यदि हामीले समावेशी विकासको अवधारणालाई महसुस गर्ने हो र सोही अनुसार दुर्गम क्षेत्रमा पनि विकास पुऱ्याउने हो भने यसले पूर्णरूपमा सामाजिक सुधार ल्याउँछ । अवसरको कमीले जनताको जोखिम लिन सक्ने र आफैंले केही गर्न सक्ने क्षमतामा ह्रास आएको छ । त्यसैकारण धेरै जना भारतमा काम गरिरहेका छन् । आफ्नो घरमै उद्योग भित्र्याउनेभन्दा भारतीय उद्योगमा काम गर्ने मनसायले पनि विकासलाई अवरोध पुऱ्याइरहेको हुन्छ ।

### केन्द्रित हुने क्षेत्र

प्रदेश ७ का जनता विकास र अधिकार दुवैबाट वञ्चित छन् । संघीयताले हाम्रो आफ्नै विकासका लागि काम गर्ने अवसर दिएको छ । मेरो ध्यान चार क्षेत्रमा केन्द्रित छन् । हाम्रो प्रदेशमा तराई, पहाड र हिमाल तीनै क्षेत्र जोडिएको छ । यहाँ धेरै खेतीयोग्य जमिन छन् । हामीले परम्परागत कृषि प्रणालीबाट अघि बढेर कृषिको आधुनिकीकरण गर्नुपर्ने आवश्यकता छ । यदि हामीले आधुनिक कृषि प्रणाली अवलम्बन गऱ्यौं भने धेरै मानिसले यसलाई पेसा बनाउनेछन् र देशको अर्थतन्त्र वृद्धिमा पनि यसले सघाउँछ । अहिलेको अवस्थामा हामीले हाम्रो क्षेत्रमा कुन बाली लगाउनु उपयुक्त हुन्छ भनेर वैज्ञानिक अध्ययन गर्न जरुरी छ । हामीले कृषिमा बढी लगानी गर्नुपर्छ ।

पर्यटन प्रदेश ७ को अर्को सम्भावनायुक्त क्षेत्र हो । यहाँ धेरै चर्चित पर्यटकीय गन्तव्य छन् । हामीले त्यस्ता ठाउँहरूको प्रवर्द्धन गर्दै धार्मिक र सांस्कृतिक पर्यटनलाई बढावा दिन सक्छौं । सरकारले सडक बनाउँछ तर त्यो

**"हाम्रो पहिलो काम प्रभावकारी संयन्त्र बनाउने हो । हामीले यसो गर्न सक्यौं भने विकासको गतिले तीव्रता लिन्छ ।"**

सडक भएको स्थानमा होटल खोल्ने काम निजी क्षेत्रको हो । हामीले एक घर एक पर्यटकको योजनाबारेमा पनि सोचिरहेका छौं । यसले गर्दा जनताको आयमा वृद्धि हुनेछ ।

जलस्रोतको हिसाबले पनि हामी सबैभन्दा धनी प्रदेश हौं । हामीले पश्चिम सेती र पञ्चेश्वरजस्ता ठूला आयोजना मात्रै होइन, प्रदेशका हरेक जिल्लामा साना तथा मध्यम खाले जलविद्युत् आयोजनाको प्रवर्द्धन गर्ने योजना पनि बनाएका छौं । प्रारम्भिक अवस्था हेर्दा हरेक जिल्लाले एकदेखि एक सय मेगावाटसम्म विद्युत् उत्पादन गर्न सक्छन् । हामीले निजी लगानीकर्तालाई यस्ता आयोजनामा लगानीका लागि र स्थानीय जनतालाई आयोजनाको सेयर खरिदका लागि प्रोत्साहित गऱ्यौं भने पनि धेरै फाइदा प्राप्त गर्न सक्छौं । यहाँका धेरै मानिस काम गर्न भारत जान्छन् । काम गरेर बचाएको सबै पैसा नेपाल फर्किएपछि खर्च गर्छन् । हामीले उनीहरूलाई लगानी गर्ने र प्रतिफल प्राप्त गर्ने बाटो देखाउनुपर्छ ।

हाम्रो चौथो प्राथमिकताको क्षेत्र जडीबुटी हो । यहाँ चर्चित यार्चागुम्बुसहित धेरै खालका जडीबुटीहरू उपलब्ध छन् । हामीले यस्ता जडीबुटी पहिचान र प्रशोधनका लागि उद्योग स्थापना गर्न सक्छौं ।

हामीले यहाँका धेरै क्षेत्रमा उद्योग स्थापनाका लागि छलफल अघि बढाइरहेका छौं । हामीले नयाँ प्रणाली र संयन्त्र विकास गर्नका लागि आवश्यक कानुनहरू बनाउँछौं र छोटो, मध्यम र दीर्घकालीन योजनाहरू बनाउँछौं । हामीले चारदेखि पाँच वर्षमा धेरै उपलब्धि हासिल गर्न सक्छौं । हामीले गरिबी निवारण र रोजगारी सिर्जनाका लागि फरक ढंगले काम गरिरहेका छौं । हामीले उपयुक्त आयोजना विकास, आवश्यक कानुन, नीति तथा कार्यक्रमको पहिचानका लागि गृहकार्य गरिसकेका छौं । हाम्रो पहिलो काम प्रभावकारी प्रणाली संस्थागत गर्नु हो । हामीले यसो गर्न सके विकासको गतिले तीव्रता पाउँछ ।

हामीले अरूका लागि काम गर्ने वा आफ्नो देशमा पूर्ण पूर्वाधार बनेपछि मात्रै आफ्ना लागि काम गर्ने मनसाय त्याग्नुपर्छ । हामीसँग जेजस्तो पूर्वाधार छ, त्यसैबाट काम थाल्नुपर्छ । मानिसहरूले पनि आफूसँग जे जति पैसा छ त्यसलाई प्रतिफल दिने क्षेत्रमा लगानी गर्नेभन्दा पनि सानोसानो जमिन किन्ने गर्छन् । हामीले यस्ता अभ्यासलाई छाड्नुपर्छ ।

हामीले त्याग्नुपर्ने अर्को बानी अन्धविश्वास हो । यो छाड्नुपर्छ । यस्तै अन्धविश्वास छुवाछुत र महिला



हिंसाका सामाजिक द्वेष हुन् । हाम्रो समाज तीन प्रकारका हिंसाबाट जकडिएको छ– लिङ्ग, वर्ग र जातको आधारमा हुने हिंसा । कानुनले सबै प्रकारका हिंसा र भेदभाव अन्त्य गर्नुपर्छ ।

तर, कानुन मात्रै पर्याप्त छैन, सामाजिक सचेतना पनि आवश्यक छ । जो काममा लागेका छन् उनीहरू काम, प्रगति र पैसा कमाउनका लागि व्यस्त छन् र जो काममा लागेका छैनन् उनीहरू यस्तै खाले सामाजिक द्वेषमा अल्झिएका छन् । रोजगारीको अभावले पनि यस्ता समस्या सिर्जित गराउन भूमिका खेलेका छन् । कानुन र सचेतनाबाहेक रोजगारी र आम्दानीको पनि यस्ता खाले सामाजिक समस्यासँग सम्बन्ध जोडिएको छ ।

हामी हिंसा र भेदभावविरुद्ध कडा कानुन निर्माण गर्ने प्रक्रियामा छौं । तर, सामाजिक परिवर्तनका निम्ति सामाजिक जागरणको आवश्यकता पनि छ, जुन घरैबाट सुरु हुनुपर्छ । जननिर्वाचित प्रतिनिधिहरूले यस्ता सामाजिक जागरणको अगुवाइ गर्नुपर्छ । महिलाविरुद्ध हुने हिंसा काठमाडौंमा पनि कायमै छ । तर, यहाँ यसको अवस्था झन् बढी छ । यसलाई कम गर्नका लागि हामी जननिर्वाचित प्रतिनिधिको अगुवाइमा सामाजिक जागरणको सुरुआत गर्दैछौं ।

केन्द्र, प्रदेश र स्थानीय तहमा बजेट विनियोजन गर्दा पनि ध्यान दिनुपर्ने हुन्छ । काठमाडौंले सुदूरपश्चिमलाई सधैं कम बजेट छुट्याउने गरेको छ । हामीले त्यसको निरन्तरता अहिले पनि देख्न पाउँछौं । हामीले हाम्रो तहबाट स्रोत साधनको उपयुक्त उपयोग गर्नुपर्छ । हामीले चुहावट र भ्रष्टाचार नियन्त्रण गर्न पनि जरुरी छ । आयोजनाहरू समयमै सक्नुपर्छ । करको दायरा बढाउनुपर्छ ।

निजी लगानी भित्र्याउनका लागि हामी हाम्रो सुरक्षा र व्यवसायको वातावरण सुधार्छौं । यदि हामीले निजी लगानी प्रोत्साहित गर्न सक्यौं भने सरकारलाई आर्थिक समस्या कम हुन्छ । सामाजिक-आर्थिक सुधारबाहेक हामीले वातावरणको बारेमा पनि सचेत हुनुपर्छ त्यसैले पृथ्वीलाई बस्न योग्य बनाइराख्नका लागि पनि दिगो विकासका लक्ष्यहरू महत्वपूर्ण छन् । हामी दिगो विकास लक्ष्यसँग मिल्ने गरी हाम्रा नीति तथा कार्यक्रमहरू निर्माण गर्नेछौं ।

*(भट्टसँगको कुराकानीमा आधारित)*




Embassy of the Republic of Korea in Nepal
KOICA
Korea International Cooperation Agency
Global Compact Nepal
SUSTAINABLE DEVELOPMENT GOALS
THE ROLE OF THE PRIVATE SECTOR IN SUSTAINABLE DEVELOPMENT IN NEPAL
21st November 2017
ORGANIZED BY
Embassy of the Republic of Korea in Nepal | Korea International Cooperation Agency (KOICA)
KOICA Alumni Association Nepal
SOALTEE
CROWNE PLAZ
KATHMANDU

# दिगो विकास लक्ष्य
## अंगीकार गर्दै निजी क्षेत्र

**विशेष रिपोर्ट**

***दिगो विकास लक्ष्य प्राप्तिमा निजी क्षेत्रको महत्व पहिचान गर्दै पछिल्लो समय धेरै नेपाली व्यवसायीहरू विभिन्न नौला साझेदारी र अभियानमार्फत अघि बढेका छन् ।***

**यती एयरलाइन्सले सबैभन्दा पहिला पाइला चालेको हो र हामीलाई के खुसी लागेको छ भने अरूले पनि त्यही गरिरहेका छन् । दिगो विकास लक्ष्यको प्रवर्धनका लागि हामीले संयुक्त राष्ट्रसंघसँग साझेदारी गरेका हौं र हामीले जे उद्देश्य राखेका थियौं, त्यो हासिल गर्न सफल भएका छौं ।**

सन् २०१५ को सेप्टेम्बरमा जब नेपालसहित संयुक्त राष्ट्रसंघका सदस्यहरूले दिगो विकास लक्ष्यलाई पारित गरे तब यो महत्वाकांक्षी लक्ष्यलाई अघि बढाउन निजी क्षेत्रलाई महत्वपूर्ण सहयात्रीको रूपमा लिइएको थियो । दिगो विकास लक्ष्य गरिबी अन्त्य, पृथ्वीको संरक्षण र सबैले शान्ति र समृद्धिको सुख भोग गरून् भन्ने विश्वव्यापी अभियान हो । दिगो विकास लक्ष्यमा उल्लेख भएका १७ वटा लक्ष्य सन् २०३० सम्ममा हासिल गर्न परिचालन गर्नुपर्ने स्रोत, प्रविधि र आविष्कारमा निजी क्षेत्रको सक्रिय भूमिका अपरिहार्य थियो । निजी क्षेत्रको संलग्नताले धेरै देशलाई दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याएका कैयौं उदाहरण छन् । संख्यामा थोरै भए पनि पछिल्लो समय नेपालका निजी क्षेत्र यसतर्फ अघि बढ्न थालेका छन् ।

नेपालस्थित संयुक्त राष्ट्रसंघसँगको सहकार्यमा सन् २०१७ को सेप्टेम्बरमा जब नेपालको ठूलोमध्ये एक हवाई सेवा दिने कम्पनी यती एयरलाइन्सले आफ्नो जहाजमा दिगो विकास लक्ष्यको लोगो सार्वजनिक गऱ्यो तब कम्पनीको दिगो विकास लक्ष्यप्रतिको प्रतिबद्धताको चौतर्फी प्रशंसा भयो । यो कदम धेरै कारणले महत्वपूर्ण थियो : यसले यती एयरलाइन्सका उपभोक्ता र सर्वसाधारणलाई मात्रै सचेत बनाएन, निजी क्षेत्रले सन् २०३० को एजेन्डामा खेल्न सक्ने भूमिकाको विषयमा तरंग पैदा गऱ्यो । आखिर, यती एयरलाइन्सले दिगो विकास लक्ष्यलाई आकाशमा फहराएपछि अन्य निजी क्षेत्र पनि यसलाई पछ्याउन प्रेरित भए । धेरैले संयुक्त राष्ट्रसंघीय बिकास कार्यक्रम (युएनडीपी) सँग दिगो विकास लक्ष्यका लागि साझेदारीको हात बढाए ।

'यो कदम चाल्ने हामी पहिलो थियौं, हामी खुसी छौं कि अरूले पनि यस्तै गर्न थाले,' यती एयरलाइन्सको बिक्री तथा बजार प्रवर्द्धन विभागका वरिष्ठ प्रबन्धक प्रविन केसी भन्छन् । 'दिगो विकास लक्ष्यबारे देशभर सचेतना फैलाउने उद्देश्यका साथ हामीले संयुक्त राष्ट्रसंघसँग साझेदारी गरेका थियौं र हामीले जे उद्देश्य राखेका थियौं त्यो हासिल गर्न सफल भएका छौं ।' सोही सम्झौताअनुसार यो एयरलाइन्सले एयरपोर्टभित्र यात्रु ओसार्ने आफ्नो बस र बोर्डिङ पासमा पनि दिगो विकास लक्ष्य जनाउने लोगो राखेको छ । यसको वेबसाइटमा

कम्पनीले महाभूकम्पपछि पुनर्निर्माण प्रयोजनका लागि युएनडीपीलाई उपलब्ध गराएको सहयोगको लिंक पनि राखिएको छ । यती एयरलाइन्सले दिगो विकास लक्ष्यबारे जानकारी समेटिएको पर्चा बाँड्ने र सामाजिक सञ्जालमार्फत यसको प्रचार पनि गरिर हन्छ ।

दिगो विकास लक्ष्यबारे सचेतनाका लागि यस्ता कामहरू गर्नेबाहेक कम्पनीले दिगो विकास लक्ष्यको भावना र सिद्धान्तलाई आफ्नो दैनिक कार्यसञ्चालनमा अंगीकार गर्ने गरेको केसी बताउँछन् । 'उदाहरणका लागि हामीले कार्बन उत्सर्जन नगर्ने एयरलाइन्समा परिवर्तन गर्न प्रयास सुरु गरेका छौं,' उनी भन्छन् । 'हवाई यात्राको कारण, सवारीको प्रयोग र सुविधा पुर्‍याउने उद्देश्यले गरिने कामको कारण उत्सर्जन हुने हरितगृह ग्यासबारे हामीले अध्ययन गरिरहेका छौं,' उनी भन्छन्, 'यो प्रक्रियाको प्रगति जाँचका लागि कार्बन बेसलाइन बनाएका छौं, जसले कार्बन उत्सर्जन कम गर्दै र घटाउँदै जलवायु तटस्थ हुने कम्पनीको लक्ष्यलाई सघाउँछ । यो कार्यसञ्चालनको अन्य क्षेत्रजस्तै पानीको प्रयोग र फोहोर व्यवस्थापनमा पनि लागू हुन्छ ।'

**पैसा दिन मात्रै पर्याप्त छैन । दिगो विकास लक्ष्य हामीले गर्ने सामान्य समाजसेवाभन्दा धेरै माथि छ । हामीले नियमित गर्ने व्यवसाय र काममा यी लक्ष्यहरूलाई समाहित गर्नु महत्वपूर्ण हुन्छ । दिगो विकास लक्ष्य निजी क्षेत्रको अभिन्न अंग हुनुपर्छ ।**

दिगो विकास लक्ष्यमा निजी क्षेत्रको सम्भावित भूमिका र सहभागिताका लागि यती एयरलाइन्सको यो अभियानले धेरै हदसम्म प्रदर्शित गर्छ । 'दिगो विकास लक्ष्यले निजी क्षेत्रको भूमिकालाई पहिचान गरेको छ, त्यसैले यसअघिको सहस्राब्दी लक्ष्यभन्दा यो भिन्न छ,' चर्चित ब्याङ्कर तथा हाल नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल शाह बताउँछन् । 'सहस्राब्दी विकास लक्ष्य पूर्णरूपमा सरकारकेन्द्रित थियो तर दिगो विकास लक्ष्यले निजी क्षेत्रको पुँजीको व्यापक सहभागिताबिना यी लक्ष्य पूरा गर्न असम्भव छ भन्ने बोध गरेको छ ।'

सरकारले सार्वजनिक गरेको तथ्यले पनि उनको तर्कलाई पुष्टि गर्छ । नेपालको राष्ट्रिय योजना आयोगले गत वर्ष सार्वजनिक गरेको 'दिगो विकास लक्ष्य-अवस्था र भावी मार्गचित्र : २०१६-२०३०' प्रतिवेदनका अनुसार दिगो विकास सबै लक्ष्यहरू हासिल गर्न नेपालले सन् २०३० सम्ममा वार्षिक १७ खर्ब रुपैयाँभन्दा बढी खर्चिनुपर्ने हुन्छ । आवश्यक यो रकम सरकारले हरेक वर्ष जारी गर्ने बजेटभन्दा धेरै बढी हो । निजी क्षेत्रको लगानी र सहभागिताबिना दिगो विकास लक्ष्य हासिल गर्ने देशको योजना पूरा हुन्न । बैंकको क्रियाकलापलाई दिगो विकास लक्ष्यसँग जोड्ने गरी युएनडीपी नेपालसँग समझदारी गर्न शाहले परामर्श गरिरहेका छन् । उनी यो योजना बैंकको कल्याणकारी निकाय नबिल फाउन्डेसनमार्फत अघि बढ्न चाहन्छन् । फाउन्डेसनमा बैंकले वार्षिक गरेको नाफाको एक प्रतिशत र कम जम्मा हुन्छ । 'तर, रकम सहयोग गर्नु मात्रै पर्याप्त हुन्न । दिगो विकास लक्ष्य सामान्य सामाजिक सेवाभन्दा धेरै माथि छ,' शाह भन्छन् । 'हामीले नियमित गर्ने व्यवसाय र काममा दिगो विकास लक्ष्य समाहित गर्नु महत्वपूर्ण हुन्छ । दिगो विकास लक्ष्य निजी क्षेत्रको अभिन्न अंग हुनुपर्छ ।'

यस्तो अभियानमा निजी क्षेत्रको सहभागिता प्रभावकारी बनाउन सरकार, दातृ निकाय र अन्य विकास साझेदार को सहजीकरण महत्वपूर्ण हुने शाह बताउँछन् । 'यहाँका धेरै निजी क्षेत्रहरू योगदान गर्न उत्सुक छन् तर यसतर्फ पाइला चाल्न उपयुक्त वातावरण पनि हुनुपर्छ,' शाह भन्छन् ।




**हरिभक्त शर्मा**, *अध्यक्ष*,
नेपाल उद्योग परिसंघ

दिगो विकास अधिकांश लक्ष्य हासिल गर्न निजी क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । तर, यो भूमिका निर्वाह गर्न निजी क्षेत्र आफैं पनि बलियो हुनुपर्छ । निजी क्षेत्र मौलाउने गरी सरकारले पनि उपयुक्त कानुनी र भौतिक पूर्वाधार तयार पार्नुपर्छ । रोजगारी अवसर बढाउनका लागि सरकारले पनि निजी क्षेत्रलाई तुलनात्मक लाभको क्षेत्रमा लगानीका लागि प्रोत्साहित गर्नुपर्छ ।

**भवानी राणा**, *अध्यक्ष*,
नेपाल उद्योग वाणिज्य महासंघ

धेरै संख्यामा रोजगारीको अवसर प्रदान गरेर निजी क्षेत्रले गरिबी निवारणमा योगदान दिन सक्छ । नेपालको सन्दर्भमा, दैनिक हजारौं युवा कामको खोजीमा बाहिरिन्छन् तर नेपालमा भएका उद्योगहरू दक्ष जनशक्तिको अभावमा समस्या भोगिरहेका छन् । यो समस्या निराकरणका लागि हामी सरकारसँग मिलेर तालिम कार्यक्रम सुरुआत गर्ने सोचमा छौं । महासंघले पनि ८ र ९ नम्बर लक्ष्य हासिलमा सहयोग गर्न युएनडीपीसँग साझेदारी गरेको छ । यी दुवै लक्ष्य आर्थिक वृद्धि, आविष्कार र रोजगारी सिर्जनामा केन्द्रित छन् ।



# वास्तविकताबाट टाढा छ समानता

पाच दशकअघि हाम्रो परिवार धादिङबाट बसाइँ सरी चितवनको राप्ती नगरपालिका वडा नम्बर १ मा बस्न थालेको हो। हाम्रो समुदायमा बाहुन, क्षत्री, तामाङ र पहाडी दलितको सम्मिश्रण छ। तल्लो जातका भनिएका हाम्रो संख्या गाउँको कुल जनसंख्याको २० प्रतिशत छ। यहाँ दलितका ३ सय घर छन्, जसमध्ये हाम्रो पनि एक हो। यत्तिका जनसंख्या भए पनि दलित सामाजिक, राजनीतिक र आर्थिक रूपमा बहिष्कृत छन्।

यो साँचो हो कि उपल्लो जात भनिएकाहरूले हामीलाई सार्वजनिक स्थानमा भेदभाव गर्दैनन्। हामीलाई मन्दिर छिर्न, सार्वजनिक धारामा पानी खान र सार्वजनिक स्थानमा हिँडडुल र प्रयोग गर्न बन्देज छैन। यो पनि साँचो हो कि दलितहरू अहिले राजनीतिक मूल प्रवाहमा देखिन थालेका छन्। राजनीतिक दलहरूले सबै समुदायको प्रतिनिधित्व गर्नुपर्ने संवैधानिक व्यवस्थाका कारण यो सम्भव भएको हो।

तर, भेदभाव अझै कायम छ, यो अप्रत्यक्ष र मौलिक खालको छ। नराम्रा व्यवहार पहिलेजस्तो देखिने गरी हुन्नन् तर अनुभव गर्ने हामीलाई यो अप्रत्यक्ष भेदभाव पनि बेवास्ता गर्न गाह्रो हुन्छ। उदाहरणका लागि हाम्रो गाउँमा शैक्षिक संस्था, वन, खानेपानी र अन्य स्रोत व्यवस्थापनका लागि उपभोक्ता समितिहरू छन्। किसानको अधिकार रक्षा र अन्य क्षेत्र हेर्न पनि समितिहरू छन्। समुदायको फाइदाका लागि निर्णय गर्न यस्ता समितिहरू ज्यादै महत्वपूर्ण हुन्छन्, यिनलाई गाउँमा शक्ति र स्रोतको रूपमा लिइन्छ। तर, दलितलाई यस्ता समितिहरूमा अवसर विरलै दिइन्छ।

वास्तवमा भन्नुपर्दा, अधिकांश समितिको नेतृत्वमा माथिल्लो जात भनिएकाले नै चलाउँछन्। तर, यस्ता समितिहरूले लिने निर्णयले भने हामी पनि प्रभावित हुन्छौं। तर, हाम्रो प्रतिनिधित्व विरलै हुन्छ। नेतृत्वमा पुग्ने र वर्चस्व कायम गर्ने उनीहरूको रुचि यति छ कि कुनै भूमिका नभएको पदमा पनि उनीहरू बसिरहन चाहन्छन्।

यसको अर्थ हो स्थानीय जनसंख्याको ठूलो हिस्सा भईकन पनि दलित र अन्य समुदायहरू स्थानीय तहमा प्रभाव पार्ने यस्ता समितिहरूमा अर्थपूर्ण रूपमा सहभागी हुन सकेका छैनन्। उदाहरणका लागि अर्को घटना, प्राथमिक विद्यालयमा अधिकांश विद्यार्थी दलित, चेपाङ वा तामाङ समुदायका हुन्छन्। तर, विद्यालय सञ्चालनको बेलामा उनीहरूबाट कुनै सहभागिता वा सुझाव खोजिन्न। वन व्यवस्थापन होस् कि सहकारी वा अन्य सार्वजनिक चासोका विषय हुन्, सबैतिर अवस्था उस्तै छ।

दलितप्रति पूर्वाग्रह राख्ने प्रवृत्तिमा महत्वपूर्ण परिवर्तन भएको छ। उपल्लो जात भनिएकाहरूले दलितलाई नछुने जातको रूपमा हेर्ने चलनमा परिवर्तन आएको छ। यसमा वर्षौंको सचेतना र कानुनी व्यवस्थाले पनि प्रभाव पारेको छ। तर, समानता भने वास्तविकताभन्दा धेरै टाढा छ। हामी अझै सामाजिक जीवनको धेरै पक्षबाट टाढै छौं र अरूलाई भन्दा धेरै हामीलाई प्रभाव पार्ने सामुदायिक विषयमा पनि हामीसँग विरलै सल्लाह गरिन्छ।

शक्तिको यो असन्तुलन मानिसको सोचाइ र विश्वास परिवर्तन नहुन्जेल लामो समयसम्म चलिरहन्छ। यो अवस्थालाई चिर्न नागरिक समाज, विकास साझेदार, प्रतिनिधित्व नभएका र बहिष्कृत समुदाय आफैंमा योजनाबद्ध र निरन्तरको सचेतना आवश्यक पर्छ। सरकारले आफ्नो पक्षबाट प्रतिबद्धता जनाए अनुसार यो समुदायको सामाजिक र राजनीतिक प्रतिनिधित्व सुनिश्चित प्रवर्द्धन गर्ने कानुनी व्यवस्था गर्नुपर्छ। सबै सरोकार वालाहरू एक ठाउँमा उभिएर यो मुद्दालाई अघि बढाए मात्रै सामाजिक सम्बन्ध र कानुनमा ठोस परिवर्तन सम्भव छ।

शिक्षा, स्वास्थ्य र अन्य अवसरको पहुँच प्राप्तिमा हामी अन्य समुदायभन्दा धेरै पछि छौं। त्यसैले दलित समुदायलाई सशक्तिकरण गर्न अझ बढी बल गर्नुपर्छ। उदाहरणका लागि, राप्ती नगरपालिकाका अधिकांश दलितहरू गरिब छन्, उनीहरू दैनिक खानपानमै संघर्ष गरिरहेका छन्। किताब-कापी र पोसाकका लागि पैसा नहुँदा दलितका बालबालिकाहरू बीचमै पढाइ छाड्न बाध्य छन्। मेरो आफ्नै बच्चाले पनि यो अवस्था भोग्नुपरेको छ। हाम्रो परिवारमा कमाउने एक मात्र व्यक्ति मेरा पति दुर्घटनामा परी थला परेपछि मेरा सन्तानले बीचैमा पढाइ छाड्नुपर्‍यो। म आफैंले बच्चालाई छाडेर विदेश गई काम गर्नुपर्ने अवस्था आयो। मेरो जेठा छोराले आफ्ना बाबु र भाइबहिनी स्याहार्न मजदुरी गर्न थाल्यो।



**शक्ति परियार, चौकी दण्डा,**
**राप्ती नगरपालिका, चितवन**

मेरो उदाहरणले पनि के पुष्टि गर्छ भने खाद्यान्न र शिक्षाजस्ता आधारभूत आवश्यकता पूरा नभई संवैधानिक र कानुनी व्यवस्थाले मात्रै केही हुन्न । तल्लो तहमा दलित समुदायको आर्थिक र सामाजिक सुधारको लक्ष्यसहित ठोस प्रयास गर्दै बृहत् रूपमा नीति परिवर्तन आवश्यक छ जसले उनीहरूलाई गरिबी र बहिष्कार को चक्रबाट सधैंका लागि माथि उठाओस् । दलित समुदायका व्यक्तिको आफ्नै सोचाइमा पनि परिवर्तन आउन जरुरी छ । हामीमध्ये धेरैमा जात प्रथाले हामीमाथि थोपरेको पूर्वाग्रह बाँकी नै छ । हामी आफैंले हामी समान होइन भन्ने विश्वास स्विकारेका छौं र हामी यस्ता विभेदकारी व्यवस्थालाई चुनौती दिंदैनौं । शिक्षा र सचेतनाको अभावका कारण आफ्नो अधिकार र क्षमताबारे थाहा नहुँदा पनि यस्तो अवस्था आएको हो ।

तर, अधिकांश दलित अभिभावकले अहिले शिक्षाको महत्वबारे बुझ्न थालेका छन् । यसैको नतिजास्वरूप अहिले विद्यालय र कलेज प्रवेश गर्नेको संख्या यसअघिका भन्दा धेरै छन् । हामीले आफ्नै समुदायबाट पनि कलेजको पढाइ सकाउने विद्यार्थीको संख्या बढ्दै गएको देखेका छौं । यसैको कारण वर्षौंदेखि थिचिएर बसेको हामी कुनै दिन समान नागरिक हुन पाउने र समुदाय र देशको महत्वपूर्ण निर्णयमा सहभागी हुन पाउने आशा पलाएको छ ।



# तथ्यांकको आधार

**केदार खड्का, सुशासन फाउन्डेसन**

***सबैको पहुँच भएको बृहत् राष्ट्रिय 'डाटाबेस' नै दिगो विकास लक्ष्यका सबै क्षेत्रमा सुशासन सुदृढ गराउने बलियो आधार हो । सुशासन फाउन्डेसनका केदार खड्का भन्छन् ।***

दिगो विकास लक्ष्यले गरिबी निवारण र संसारभर रहेका मानिसमा विभिन्न प्रकारका विभेदको अन्त्य तथा समृद्धिको प्रवर्द्धनका लागि फरक अवसर प्रदान गरेको छ । यसका १७ वटै लक्ष्यले आफ्ना महत्वपूर्ण पक्षहरू समेट्छन् र हरेक लक्ष्यहरू अन्तरसम्बन्धित छन् । दिगो विकास लक्ष्यमा लक्ष्य नम्बर १६ को पारदर्शिता, जवाफदेहिता साथै शान्त र समावेशी समाज भन्ने उद्देश्यले अन्य सबै उद्देश्यलाई प्रभावित पार्छ ।




अहिलेको विश्वव्यापी विकास मुद्दामा सुशासनले महत्वपूर्ण स्थान ओगट्छ । दिगो समृद्धि र शान्तिका लागि सुशासन र जवाफदेही हुने बलियो संस्थाको महत्वपूर्ण भूमिका हुन्छ । तर, तथ्यांक अनुसार सार्वजनिक जीवनमा पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारको सवालमा नेपालले ६ मा ३ अंक मात्रै पाएको छ । त्यसैले दिगो विकास लक्ष्यले तय गरेको लक्ष्य नम्बर १६ हासिल गर्न नेपालले धेरै थोक गर्न बाँकी छ । सन् २०३० सम्म दिइएको लक्ष्यमा पारदर्शिता र जवाफदेहितामा ५ अंक प्राप्त गर्नुपर्छ भने सुशासनमा २ अंक । यो यात्रामा सामना गर्नुपर्ने चुनौतीमध्ये एउटा तथ्यांक पनि हो ।

## स्थानीय तथ्यांक

खुला शासन अहिले निकै चर्चित अवधारणा हो । नेपाल ओपन गभर्नेन्स पार्टनरसिप (ओजीपी) को सदस्यता प्राप्त गर्न योग्य भइसक्यो । तर, हाम्रो आफ्नै डाटाबेस भने छैन, जसका कारण हामी अन्तर्राष्ट्रिय डाटाबेसमा भर पर्नुपरेको छ । यसले वास्तविक अवस्था देखाउन सक्दैन ।

उदाहरणका लागि, ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचारसम्बन्धी अवधारणा सूचकांक निकै सानो नमुना संकलनबाट गरिन्छ । हामीसँग आफ्नै तथ्यांक नहुँदा वैकल्पिक अवस्था दर्साउन सक्दैनौं ।

हामीलाई राम्रो खालको नतिजा दिन सक्ने तथ्यांक स्रोतको आवश्यकता छ । सरकारी संस्थामा भएका अधिकांश जानकारी फाइलभित्र थन्किएका छन् र यिनलाई प्राप्त गर्नु सजिलो छैन । यस्ता तथ्यांकहरू डिजिटलमा रूपान्तरित हुनैपर्छ । यसलाई संग्रह गरिनुपर्छ र धेरैभन्दा धेरै पहुँच पुग्ने बनाउनुपर्छ । यसले गर्दा आगामी तीन वा त्यस्तै अवधिमा हामीले शासन, जवाफदेहिता, पारदर्शिताको विषयमा ऋण, खर्च, दुरुपयोगजस्ता विषय समेटिएका आधारभूत डाटासेट बनाउन सक्छौं । कहाँ प्रगति हासिल भइरहेको छ, कुन क्षेत्रमा काम गर्न सकिएको छैन भनेर आफ्नो अवस्था बुझ्न चाहने हो भने पनि हामीलाई यस्ता आधारभूत तथ्यांक चाहिन्छन् ।

देशमा लागू भएको नयाँ संघीय संरचनाले पनि सरकारलाई सक्रियतापूर्वक तथ्यांकमा आधारित विकास र शासनमा जानुपर्ने कारण दिएको छ । संघीय प्रणालीमा हामीलाई पहिला उपलब्ध हुनेभन्दा फरक खालका तथ्यांकहरू आवश्यक पर्छन् । स्थानीय तहका सीमांकनहरूमा ठूलो परिवर्तन गरिएको छ र अहिले भएको जनसंख्या र भौगोलिक सन्दर्भहरू अब सही हुन्नन् ।

## तथ्यांकले बोल्छ

वकालत गर्ने हाम्रो शैलीमा पनि व्यापक परिवर्तन हुनु जरुरी छ । सुशासन र मानवअधिकारको वकालत गर्दा हामी बढी भावनात्मक बन्यौं । तर, अब हामीले आफ्नो ऊर्जा तथ्यांकमा आधारित वकालतमा केन्द्रित गर्नुपर्छ । यो परिवर्तन विशेषतः देशमा भएको नागरिक समाज संघसंस्थाहरूमा लागू हुनुपर्छ, जसले आफ्नो सीमित स्रोत साधनका बाबजुद पनि धेरै काम गरिरहेका छन् । हामीले अहिलेसम्म दिगो विकास लक्ष्यलाई केन्द्रित गरी बनाइएको प्रस्ट रणनीति बनाएका छैनौं न त प्रत्येक लक्ष्यलाई समेटेर कुनै क्रियाकलाप गरिएको छ । यस्तो अवस्थामा दातृ निकाय र विकास साझेदारले नागरिक समाजलाई कुनै निश्चित लक्ष्यसँग सम्बन्धित विज्ञ बनाउनमा भूमिका खेल्न सक्छन् । र, यस्ता सहयोगहरू अहिले गरिएजस्तो सार्वजनिक छलफल गर्नेजस्ता सामान्य काममा सीमित हुनुहुँदैन । यो पर्याप्त छैन ।

## खुम्चिँदो नागरिक भूमिका

दिगो विकास लक्ष्यको लक्ष्य नम्बर १६ मा उल्लेख गरिएको महत्वपूर्ण पक्ष भनेको व्यवस्थित समावेशी निर्णय प्रक्रिया हो । जसमा नेपालले धेरै प्रगति गर्न बाँकी नै छ । बाहिर हेर्दा जेजस्तो देखिए पनि अर्थपूर्ण निर्णय प्रक्रिया अहिले पनि केही सीमित व्यक्तिमा निहित छ । योभन्दा बढी अघिल्लो वर्ष भएको तीन  तहको निर्वाचनमा पनि नागरिक भूमिका खुम्च्याउने प्रयास देखियो । वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको खारेजीले पनि यसको पुष्टि गर्छ । यी दुवै संयन्त्र कुनै समय तल्लो तहमा विकासका लागि महत्वपूर्ण थिए । अहिले सरकारका प्रतिनिधिहरूले नागरिक समाजलाई निर्णय प्रक्रियामा एकद्वार प्रणालीमा जान भनिरहेका छन् । उनीहरू भन्छन्– अहिले देशैभर जननिर्वाचित प्रतिनिधिहरू भएकाले जनताको पक्षमा नागरिक समाजले बोल्नुपर्ने अवस्था छैन ।

मेरो विचारमा यो प्रजातान्त्रिक मुलुकको रूपमा नेपालले जेजति उपलब्धि हासिल गरेको छ, त्यसको विपरीत हो । यसरी खुम्च्याइको नागरिक भूमिकाले दिगो विकास लक्ष्य हासिल गर्ने प्रयासमा ठूलो धक्का पुर्‍याउँछ ।

## पछाडि धकेलिँदै

समग्रमा हामी दिगो विकास लक्ष्य प्राप्तिको प्रक्रियामा पछाडि धकेलिएका छौं । हो, हामीले के बुझ्नुपर्छ भने महत्वाकांक्षी योजनाको प्राप्तिका लागि ५ वर्षको समय तयारीको क्रममा बित्छ र बाँकी समय कार्यान्वयनको चरणमा जान्छ । यो अवस्थासम्म पनि सबै सरोकारवालाको तयारी अपूर्ण छ ।

दिगो विकास लक्ष्यको प्रारम्भिक राष्ट्रिय प्रतिवेदन निर्माणको क्रममा संलग्न हुनुभएका युवराज खतिवडा अहिले अर्थमन्त्री हुनुभएको छ । यो खुसीको कुरा हो । नेपालले तयार पारेको प्रतिवेदन दक्षिण एसियामै पहिलो हो तर त्यसपछिको प्रतिवेदन नियमित छैनन् । राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्यांक विभागले आयोगको दिगो विकास लक्ष्य विभाग र मन्त्रालयमा तोकिएका दिगो विकास लक्ष्यका स्रोत व्यक्तिलाई सक्रिय बनाउनुपर्छ । यसैगरी, नागरिक समाजले पनि सरकारले बनाएको प्रतिवेदनलाई चुनौती दिने गरी छाया प्रतिवेदन बनाउन सक्नुपर्छ जसले सरकारलाई थप कामका लागि बाध्य बनाउँछ ।

यसैकारण जब सरकार, नागरिक समाज, निजी क्षेत्र र विकास साझेदारजस्ता सबै सरोकारवालाहरू तथ्यांकमा आधारित र एक ढिक्का भएर सहकार्य गर्छन् तब मात्रै दिगो विकास लक्ष्यका सबै सूचकांकमा सुशासन हासिल हुन सक्छ ।



# जलवायु परिवर्तनको चुनौती सामना गर्दै हिन्दुकुश हिमालय क्षेत्र

**एकीकृत हिमालय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)** को महानिर्देशकको रुपमा डा. डेभिड मोल्डेनको यो दोस्रो कार्यकाल हो । यो क्षेत्रमा जलवायू परिवर्तन, अनुकुलन, उत्थानशीलता निर्माण र जानकारी प्रणालीजस्ता बिषयमा ज्ञान बाँड्ने र सबैभन्दा विश्वसनीय संस्थाको रुपमा आइसीमोडलाई स्थापित गर्न उनको महत्वपूर्ण भूमिका छ । जल स्रोत व्यवस्थापन र दीगो हिमाली विकासको पृष्ठभूमि र एसिया तथा अफ्रिकामा  विकास र अनुसन्धान कामको लामो अनुभव भएका डा. मोल्डेनले डेभलपमेन्ट एड्भोकेटसँग हिमाली जनता र पारिस्थितिकीय प्रणालीसँग काम गर्दाको अवसर र चुनौति, दीगो विकास लक्ष्यमा तोकिएका लक्ष्यहरुसँग कामको तालमेल कसरी हुन्छ र अन्त्यमा प्रगतिको गतिलाई कसरी बढाउन सकिन्छ भन्नेबारे भनाई राखेका छन् ।

**हिन्दुकुश हिमालय क्षेत्रमा सबैभन्दा अप्ठेरो विकास चुनौतीहरू के-के हुन् ?**

यो क्षेत्रका सबै स्वरुप जस्तै सामाजिक, पारिस्थितिक र भूराजनीतिमा आएको परिवर्तन सबैभन्दा ठूला चुनौति हुन् । हामी विश्वव्यापीकरण र बसाई सरी जाने शैली पनि अनुभव गरिरहेका छौं भने अर्कोतर्फ जलवायू परिवर्तनको प्रभाव र सम्बन्धित मुद्दासँग पनि लडिरहेका छौं । पेरिसमा हामी विश्वको तापमान औसत १ दशमलब ५ डिग्री सेल्सियसको दरमा मात्रै बृद्धि हुन दिने कुरा गरिरहेको छौं तर उचाईमा आधारित तापमानमा यो लागू हुँदैन । विश्वको तापमान १ दशमलब ५ डिग्री सेल्सियसको दरले बढ्दा हिमाली क्षेत्रमा यो १ दशमलब ८ डिग्री सेल्सियस हुन सक्छ । यदि औसत तापमान बृद्धि २ डिग्री सेल्सियस भए बढी उचाईको क्षेत्रमा यो २ दशमलब ५ वा ३ डिग्री सेल्सियस वा त्योभन्दा बढी हुन सक्छ । अहिलेको गतिमा जाँदा विश्वको तापमान २ डिग्री सेल्सियसका दरले बढ्न सक्छ जुन हिमाली क्षेत्रको लागि ज्यादै बढी हो । फलस्वरुप यो क्षेत्रमा पारिस्थितिकीय प्रणालीमा परिवर्तनसहित हिउँ पग्लिने तथा अहिलेसम्म नदेखिएको किटाणु देखिने र रोग फैलिनेसम्म हुनसक्छ र यसका कारण अन्य समस्याहरु सिर्जना हुनसक्छन जुन अहिलेको ठूलो चिन्ताको बिषय हो ।

अर्को पक्ष, यो क्षेत्रमा बसोबास गर्ने समुदायमा चर्को गरिबी छ जुन हिन्दु कुश क्षेत्रको तराई क्षेत्रमा बस्ने समुदायको भन्दा ज्यादै बढी हो । यहाँको जिविकोपोर्जन यहाँको पारिस्थितिकीय प्रणालीको अवस्थासँग बढी निर्भर छ । तर, **हिन्दु कुश हिमालय स्रोतको ठूलो पुनः स्रोत** भएता पनि यहाँको जैविक विविधता र बासस्थान विस्तारै लोप हुँदैछ । यो क्षेत्रमा धेरै समुदायलाई जिविकोपार्जनमा सहयोग पुऱ्याउँदै आएको यो पारिस्थितिकीय प्रणाली जस्ताको तस्तै कायम राख्नु चुनौति हो ।

यहाँका हिमालहरु एसियाका पानीका मुहानहरु पनि हुन् । यहाँका १० प्रमुख नदी प्रणाली हिन्दु कुश हिमालय क्षेत्रबाट सुरु हुन्छन् । यो पानीको ठूलो स्रोत भए पनि मानिसहरुलाई यसको उपयोग गर्न अप्ठेरो छ ।

**"हिन्दुकुश हिमालय क्षेत्र स्रोतहरूको ठूलो पुनः स्रोत भए पनि यहााको जैविक विविधता र बासस्थान बिस्तारै लोप हुादैछन् । यो क्षेत्रमा धेरै समुदायलाई सेवा पुऱ्याउादै आएको यो प्रणाली जस्ताको तस्तै कायम राख्नु चुनौती छ ।"**

**तपाईंले उचाईमा आधारित तापमान उल्लेख गर्नुभयो । यस्तो घटना वा प्रक्रियाले हिमाली क्षेत्रलाई कसरी असर गरिरहेको छ भनेर बुझ्न इसीमोड वा अरु कसैले अनुसन्धान वा अध्ययन गरेको छ ?**

हो, पानीको स्रोतमा तापमान वृद्धिको असरबारे हामीले केही अध्ययन गरेका छौं । इसीमोडले हिमनदीको संख्या, तिनको तह र पछिल्लो ३० वर्षमा ति कसरी परिवर्तन भए भन्नेबारे नयाँ जानकारी सार्वजनिक गरेको छ । त्यसमा फुटेर बाढी आउन सक्ने सम्भावित हिमतालको विस्तृत तथ्यांक समेटिएको छ । इसीमोड र साझेदार मिलेर यो अध्ययन गरिएको हो । यी र अन्य तथ्यांकको आधारमा भविष्यमा पग्लिन सक्ने हिमनदीको तह र यो क्षेत्रको पानीको स्रोतमा पर्न सक्ने प्रभावको आकलन त्यसमा गरिएको छ । यो अध्ययनले नदीको वहाबको बढ्दो भिन्नता र बाढी, सुख्खा जोखिमको बिषयमा गम्भीर संकेत गरेको छ ।

**उच्च भेगको पारिस्थितिकीय प्रणाली त्यस क्षेत्रमा बसोबास गर्नेको लागि मात्र नभई तल्लो तटीय क्षेत्रमा बस्ने मानिसहरुको लागि तपाईंहरुको कामको प्रभाव वा अर्थ के हुन्छ ?**

हिमाली क्षेत्रमा जे हुन्छ त्यसको प्रभाव तल्लो तटमा हुन्छ । उपल्लो तटीय क्षेत्रमा हुने पर्यावरणीय र पर्यावरण सेवाको क्षयीकरणको प्रत्यक्ष प्रभाव तल्लो तटीय जीवन र जिविको पार्जनमा पर्छ । यो अवस्थालाई बुझाउन पानीको स्रोतको उदाहरण उपयुक्त हुन्छ । दिल्ली, बेइजिङ वा इस्लामावाद गएर बुझ्ने हो भने त्यहाँका मानिसहरु पानीको बिषयमा निकै चिन्तित देखिन्छन् । तल्लो तटीय क्षेत्रमा हुने ऊर्जा र जलविद्युतको लागि पनि यो चिन्ताको बिषय हो र अहिले ऊर्जाको माग एकदमै बढ्दो छ । तल्लो र माथिल्लो तटीय क्षेत्रमा व्यापक छलफल हुने बिषयमा बाढी र वायू प्रदुषण पनि एक हो ।

**तपाईंले यसअघि यो क्षेत्रको अवस्था जोखिमयुक्तबाट अवसर युक्तमा बदलिनुपर्छ भन्नुभयो । यो कसरी सम्भव छ ?**

हामीले कठीन चुनौतिहरु सामना गर्नुपरेको साँचो हो । यो समीकरणको अर्को पक्ष के विचार गर्नुपर्छ भने परिवर्तनले अवसर पनि सँगै ल्याएको हुन्छ । हिमाली क्षेत्रमा एकदमै सिर्जनशील, उत्थानशील र चलायमान युवाहरु छन् जसको सीप र क्षमता उपयोग हुनै बाँकी छ । लैङ्गिक शसक्तिकरणको काम गर्नै बाँकी छ, उदाहरणको लागि धेरै महिलाहरुलाई प्राकृतिक स्रोतको उपयोगको निर्णय गर्न सक्षम बनाउनु पर्छ । बसाईं सराईले विप्रेषण (रेमिट्यान्स) भित्र्याउँछ । के यसलाई हिमाली क्षेत्रको विकासमा लगानी गर्न सक्छौं ? युवा पुस्तालाई उद्यम सुरु गर्न प्रेरित गर्न सक्छौं ? हामीले यस्ता बिषयमा पनि विचार गर्नुपर्छ ।

हिमालहरु पूरा क्षेत्रको लागि ऊर्जाको स्रोत हुन् तर यो सम्भावनालाई कसरी दीगोरुपमा उपयोग गर्ने यो महत्वपूर्ण प्रश्न हो । उदाहरणका लागि, चाँडै सूचना आदानप्रदान हुने र अन्तरसम्बन्धित अहिलेको विश्वमा यो क्षेत्रको लागि पर्यापर्यटनले अर्थपूर्णरुपमा लाभ पुऱ्याउन सक्छ । तर, पर्यापर्यटनको विकास गर्दा प्रवर्द्धन गरिएका संस्कृति र स्थानहरु ननासिऊन भन्नेतर्फ पनि हामी सचेत हुनुपर्छ । सहरीकरण र परिवर्तित खानपान शैलीका कारण सहरी क्षेत्रमा मकै, कोदो जस्ता हिमाली क्षेत्रमा पाइने अन्य उच्च मूल्य पर्ने खाद्यान्नको माग बढ्दो छ ।

सूचना तथा स्रोतको आदानप्रदान गर्दै हिमाली क्षेत्रमा हुने समस्या सम्बोधनका लागि काम गरिरहेको जनता र देशहरुबीचको सहकार्य अर्को महत्वपूर्ण अवसर हो । यो क्षेत्रमा बढी चासो र लगानी भित्र्याउने हो भने हामीले हिमाली कथाहरु विश्वलाई निरन्तर बताइरहनु पर्छ ।

**यो क्षेत्रका विभिन्न देशमा काम गर्नको लागि ईसीमोडले अन्तरदेशीय शैली अपनाउँछ । यसरी फरक फरक क्षेत्रमा एकै पटक काम गर्न कत्तिको गाह्रो हुन्छ ?**

विज्ञान, जलवायू र अन्य बिषयमा छलफलका लागि एक आपसमा भेट्न र कुराकानी गर्न मन पराउने यो हिन्दु कुश हिमालय क्षेत्रका विभिन्न देशका मानिसहरुलाई भेट्न पाएकोमा म आफूलाई भाग्यमानी ठान्छु । अहिलेसम्म, विश्वका सबै क्षेत्रमध्ये दक्षिण एसिया आपसमा कम सम्पर्क भएको क्षेत्रमा पर्छ । तर, सामूहिक चुनौतिलाई सम्बोधन गर्नका लागि एक ठाउँमा उभिने सोच बनिरहेको बेला यसको अर्थ रहँदैन । मलाई लाग्छ, सहकार्यको लागि सबै ईच्छुक छन् तर विश्वासको वातावरण बनाउन बाँकी छ । दक्षिण एसियाली सहयोग संगठन (सार्क) ले गति लिनुपर्छ र यो क्षेत्रमा ऊर्जा, ऊर्जा व्यापार, पानी र जैविक विविधताको क्षेत्रमा धेरै अन्तरदेशीय कामहरु गर्न बाँकी छ ।

तर, यो क्षेत्रका जनताले अन्तरदेशीय सहकार्य नगरेका होइनन् । इसिमोडमा हाम्रो अनुभवले भन्छ यहाँ विभिन्न तहमा विभिन्न क्षेत्रमा सहकार्य भइरहेको  छ । विज्ञानदेखि जलवायू परिवर्तन र बाढीदेखि विपद् व्यवस्थापनसम्म सहकार्य भइरहेको छ । ज्ञान,

विज्ञान र अनुकुलन विश्वासको प्रवेशद्धार हो र नेपाल अन्तरदेशीय सहकार्य अभिबृद्धि गर्नको लागि उपयुक्त स्थान हो । नेपालको महाभूकम्पपछि पीडामा परेकालाई सहायता गर्न कसरी मानिसहरु आए, सोच्नुहोस् त । तर, यो पूर्ण छैन्, सहकार्यको लामो यात्रा तय गर्न बाँकी छ ।

**इसिमोडले जे काम गरिरहेको छ त्यसमा दीगो विकास लक्ष्य कसरी जोडिन्छ ?**

दीगो विकास लक्ष्यले महत्वपूर्ण प्रारुपहरु समावेश गरेको छ जुन हामीले गर्ने कामसँग सान्दर्भिक छन । इसिमोडबाट हामीले हिमालय अनुगमन मूल्यांकन कार्यक्रम सिध्याउँदै छौं जसले ३ सय बढी व्यवसायिक व्यक्ति तथा नीति निर्माताहरुलाई दीगो हिमाली विकासबारे महत्वपूर्ण प्रश्नको उत्तर दिन एक ठाउँमा जुटाउँदैछ । हाम्रो समूहले यो क्षेत्रको लागि प्राथमिकताको सूची तयार पारेको छ जसको लागि दीगो विकास लक्ष्यलाई आधार मानिएको छ । हिमाली क्षेत्रमा गरिबी अन्त्य, जोखिम उत्थानशीलताको विकास, सन्तुलित र समावेशी समुदाय, लैङ्गिक सन्तुलन, हिमाली क्षेत्रका जनताको पोषण सुनिश्चितताको लागि दीगो उत्पादन प्रणालीको स्थापना, कृषिमा महिलाको बदलिदो भूमिकाको सम्बोधन र वर्षैभरी पानीको उपलब्धताको सुनिश्चितता यसमा समावेश भएका प्राथमिकता हुन् ।

दीगो विकास लक्ष्यमा पनि हिमाली क्षेत्र केन्द्रित बिषयहरु छन् जसमा विशेष सन्दर्भ र क्षेत्रगत आवश्यकताहरु उल्लेख गरिएको छ । यसले नाजुक वातावरण, आवश्यकता प्राप्तीमा हुने कठीनाइ र हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायले आफ्नो तरिकाले गर्ने स्रोतको व्यवस्थापनलाई समावेश गरिएको छ ।

**दीगो विकास लक्ष्यका लागि हामीसँग अब १२ वर्ष बाँकी छ । हिन्दु कुश हिमालय क्षेत्रमा भइरहेको प्रगतिको अवस्थासँग तपाईं आफू खुशी हुनुहुन्छ ?**

१२ वर्ष धेरै लामो समय होइन र मलाई लाग्छ प्रगति निकै सुस्त छ । लक्ष्य हासिलका लागि प्रगतिको गतिलाई बढाएर दोब्बर पार्नुपर्छ । मलाई लाग्छ यो अवधिमा अत्याधिक ताप वा बाढीजस्ता वातावरणीय विपद्का घटनाले हामीलाई सचेत बनाउँनेछ तर हामी यो अवस्था आउँछ भनेर कुर्न सक्दैनौं । हामीले काम अघि बढाउँदै गर्नुपर्छ र फरक फरक देशको रुपमा भन्दा मिलेर काम गर्नुपर्छ । यो एकदमै महत्वपूर्ण छ ।



# माया गर्ने अधिकार

६ कक्षामा पढ्दै गर्दा म केही फरक छु भन्ने अनुभूति भयो । तर, यो कस्तो फरकपन हो भन्ने ठ्याक्कै ठम्याउन सकिनँ । किनकि त्यो बेलासम्म मलाई त्यो ज्ञान थिएन । जब १६ वा १७ वर्षको भएँ तब मलाई लाग्यो, म समलिङ्गी (गे) हुँ कि जस्तो लाग्यो । त्यही कुरा अरूले पनि सोचिसकेका थिए । अनलाइनमा सर्च गर्दा मलाई थाहा भयो कि पुरुष-पुरुषप्रति आकर्षित हुनुलाई गे भनिदो रहेछ । त्यसरी मैले आफ्नो पहिचान पाएँ । तर, यो पहिचान पनि मेरा लागि उपयुक्त थिएन, यसमा म अटाउन सकिनँ । मलाई एकदमै द्विविधा थियो र दु:ख लागेको थियो । म यत्ति निराश थिएँ कि मैले जीवन अन्त्य गर्नेबारेमा पनि सोचें । दुई पटक आत्महत्याको प्रयास गरें तर भाग्यवश बाँचें ।

एक दिन नेपाल टेलिभिजनमा एउटा कार्यक्रम आइरहेको थियो जसबाट म को हुँ भन्ने मैले थाहा पाएँ । म पुरुष भएर जन्मे पनि म महिला थिएँ । यो जानकारी मेरा लागि एकदमै नौलो थियो । यसले मेरो परिचयलाई खुलस्त पारिदिएको थियो जुन खुसीको कुरा थियो । तर, यो थाहा पाएपछि समस्या पनि उत्तिकै थियो किनकि अब म मैले बाँचिरहे जसरी जीवन बाँच सक्दिनथें । मैले कि त सबै मानिसलाई आफ्नो पहिचानको बारेमा खुलस्त भन्नुपर्ने थियो, जुन म भन्न सक्दिनथें वा भाग्नुपर्थ्यो । मैले दोस्रो विकल्प रोजें र पढाइको बहाना पारेर साइप्रस गएँ । त्यही बेलामा नेपालमा परिवारले मलाई विवाह गर्न दबाव दिइरहेका थिए । मैले यसलाई टारिरहें तर मलाई के थाहा थियो भने म काठमाडौं फर्किएँ भने कुनै पनि बहानामा यो दबाब टार्न सक्दिनँ । यदि मैले परिवारको इच्छा अनुसार विवाह गरें भने म मात्रै जीवनभर बेखुसी हुन्न कि मसँग विवाह गर्ने महिलाको जीवन पनि बर्बाद हुन्छ । त्यसैले मैले विवाह गर्नेबारे सोचिनँ । म साइप्रसबाट काठमाडौं आएँ तर घर गइनँ ।

काठमाडौं आएको दुई वर्षसम्म म परिवारसँग लुकेर बसिरहें । मेरो बारेमा स्थानीय पत्रिकामा फोटो छापिएपछि उहाँहरूले म र मेरो परिचयको बारेमा थाहा पाउनुभयो । मेरो आमा मसँग धेरै समयसम्म बोल्नुभयो । त्यो साह्रो दु:खलाग्दो कुरा थियो । तर, अहिले उहाँहरूले मलाई म जेजस्तो छु रजे हुँ सोही रूपमा स्विकार्नुभएको छ । उहाँहरूले मेरो वास्तविकता यही हो, म अब परिवर्तन हुन सक्दिनँ अनि मैले राम्रो काम गरिरहेको छु भन्ने स्विकार्नुभएको छ । तर, अहिले पनि हामीबीच केही दूरी छ जुन हटेको छैन ।

## कागजी उपलब्धि

नेपालमा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकारका लागि केही प्रगति भएका छन् । एलजीबीटीआईको पहिचान अहिले कानुनी रूपमा स्थापित भएको छ, जुन एकदमै सुखद पक्ष हो । तर, सबै नागरिकले समान अधिकार पाउँछन् भनेर सरकारले भने पनि हाम्रो समुदायका मानिसले आफ्ना पूरा अधिकार अहिलेसम्म उपभोग गर्न पाएका छैनन् किनकि ती अधिकार र अवसरमा हाम्रो पहुँच अझै पनि सीमित छन् । त्यसैले कागजी रूपमा गरिएको प्रतिबद्धता र वास्तविक दैनिकीमा अहिले पनि ठूलो भिन्नता छ ।

उदाहरणका लागि यहाँ निकै कम क्षेत्रमा मात्रै यौनिक अल्पसंख्यकहरूले खुलेर काम गर्न पाएका छन् । निकै कम क्षेत्रमा उनीहरूको उपस्थितिले पनि यौनिक अल्पसंख्यकहरूका लागि कम अवसर छन् भन्ने प्रमाण हो । रोजगारीको अभावले हाम्रो जीवन गुजारा गर्न पनि गाह्रो छ । केही एलजीबीटीआई समुदायका सदस्यले नीलहिरा समाज र यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ नेपालले दाताको सहयोगमा सञ्चालन गर्ने परियोजनामा काम पाएका छन् । तर, बाँकीका लागि विकल्पहरू निकै थोरै छन्, विशेषगरी तेस्रो लिङ्गीलाई, जसका कारण उनीहरू जीविको पार्जनका लागि देह व्यापारमा लाग्न बाध्य छन् ।

एकप्रकारले, यसै कारण मानिसहरूले तेस्रो लिङ्गीहरू यौनिक मामिलामा अनैतिक खालका हुने धारणा बनाएका छन् । यसै कारण तेस्रोलिङ्गीहरूले यात्राको क्रममा शारीरिक दुर्व्यवहार वा यौनिक आशयले गरिने छुवाइजस्ता समस्या भोग्नुपरिरहेको छ । मानिसहरू धारणा बनाउन निकै छिटो छन् तर कसैले तेस्रोलिङ्गीहरू किन यौन



सिम्रन शेरचन

"एलजीबीटीआई समुदायमा मानिसहरू खुलेर काम गर्न सक्ने थोरै क्षेत्रहरू छन् । रोजगारीको अभावले हामीलाई जीवन गुजारा गर्न गाह्रो बनाएको छ । यसैकारण धेरै देह व्यापारमा लागेका छन् र तेस्रोलिङ्गीहरू यौनको मामिलामा कमजोर हुन्छन् भन्ने धारणा बनेको छ ।"

व्यवसायमा लाग्नुपरेको भन्ने बुझ्ने कोसिससमेत गर्दैनन् । परिवार र समाजको अवहेलनाका कारण पनि उनीहरूले यो बाटो रोज्ने गरेका छन् ।

भनिरहनुपर्दैन, हामीले अहिले पनि दुर्व्यवहार भोगिरहेका छौं । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दैनिक हामीले सामना गरिरहेका हुन्छौं । आज मात्रै, म एउटा रेस्टुरेन्टमा थिएँ तर मेरो आवाजका कारण वरपर बस्नेले मलाई निकै आश्यर्चजनक रूपमा हेरे । म महिलाजस्ती देखिन्छु तर आवाज पुरुषको जस्तो छ । यो हेर्दा ठूलो कुराजस्तो लाग्दैन, यो एउटा घटना मात्रै हो इन धेरै घटना हुन्छन् । उदाहरणका लागि, बाटोमा हिंडिरहँदा केही नराम्रो शब्दले सम्बोधन गरिंदा पनि गहिरो प्रभाव पार्छ । बोलाइ, हेराइजस्ता साना कुराले पनि पीडा दिन्छ ।

**"हामी दैनिक जीवनमा पनि धेरै समस्या भोगेका हुन्छौं । सधैं एउटै घटना त हुँदैन तर बाटामा हिंड्दा पनि अरूबाट सुनिने दुर्वचनले हामीमा गहिरो प्रभाव पारेको हुन्छ । उनीहरूको हेराइ, बोलाइजस्ता सानो कुराले पनि पीडा दिन्छ ।"**

हाम्रो जीवन र वास्तविकता बुझेको वा अनुभूति गरेको व्यक्तिले हाम्रो प्रतिनिधित्व गरेमा मात्रै नीति निर्माण प्रक्रियामा हाम्रो प्रभाव पुग्छ । सुनीलबाबु पन्त संविधानसभा सदस्य हुनु हाम्रो समुदायका लागि निकै ठूलो जित थियो र उनले निश्चय पनि हाम्रा लागि धेरै काम गरे । संविधानले यसको प्रतिविम्बित गर्छ । तर, पछिल्लो निर्वाचनमा फेरि हामी अदृश्य भयौं ।

यो सबैले के देखाउँछ भने जति परिवर्तन आएको छ, यो हामीले सोचेको गति र गहिराइमा आएको होइन, मानिसहरूको सोचाइ अहिले पनि उस्तै छ । यो अवस्था रहेसम्म हाम्रो समुदायले आराम लिंदैन र आफू समान भएको अनुभूति गर्दैन ।

## दिगो विकास लक्ष्यमा समाधान

स्वास्थ्य र आफ्नो अवस्था सुधार्नु नै हाम्रो समुदायको मुख्य चासो हो । धेरै तेस्रोलिङ्गीहरूले हार्मोनहरू नियमित रूपमा सेवन गर्नुपर्ने हुन्छ र केहीले भने शल्यक्रियाको बाटो पनि रोज्छन् जुन एकदमै महँगो छ । नेपालमा कुनै हार्मोन विशेषज्ञहरू छैनन्, त्यसैले धेरै तेस्रोलिङ्गीहरू चिकित्सकको सल्लाहबिना नै हार्मोन, परिवार नियोजनको औषधि खान्छन् । उदाहरणका लागि, यसले क्यान्सरको जोखिम बढाउँछ । उनीहरू आफ्नो पहिचान कायम राख्न आफ्नो जीवन दाउमा राख्छन्, यसबाट पनि उनीहरू कति निराश छन् भन्ने देखाउँछ ।



शारीरिक स्वास्थ्यको पक्ष मात्रै होइन, सामाजिक र मानसिक अवस्था सुधार्नु पनि उत्तिकै जरुरी छ । आफू को हुँ भनेर लुकाउनुपर्ने बाध्यता र बाहिर निस्कँदा सामना गर्नुपर्ने भेदभावले ठूलो प्रभाव पारिरहेको हुन्छ, जसका कारण उनीहरू अवसाद (डिप्रेसन) समस्यामा पर्ने र आत्महत्याको सोच आउने सम्भावना हुन्छ । हामीलाई लाग्छ, सचेतनाको अभावका कारण पनि समाजले हाम्रो समुदायलाई समाजको कलंकको रूपमा हेर्छ । यसै कारण नयाँ पुस्तालाई लैङ्गिकता र यसको विविधताको विषयमा बुझाउन विद्यालय र कलेज गइरहन्छु । तर, छाउपडी प्रथा अन्त्यका लागि भएको प्रयासजस्तै जबसम्म सरकारी तवरबाट यस्तो खालको प्रयासलाई संस्थागत गरिन्न तबसम्म हामीले व्यापक प्रभाव पार्न सक्दैनौं ।

हाम्रो पक्षमा वकालत गर्दै सरकारलाई एलजीबीटीआईको अधिकारको संरक्षणको लागि दबाब दिन, सबै लैङ्गिक र यौनिक समुदायका मानिसहरूले पनि उत्तिकै गौरवका साथ आफ्नो जीवन बाँच्न पाउने वातावरण तयार पार्नका लागि संयुक्त राष्ट्रसंघको भूमिका आवश्यक पर्छ । हाम्रो देशका सरकारी निकायलाई सहयोग उपलब्ध गराउँदा दातृ निकायले पनि यो पक्षको ख्याल गर्न सक्छन् ।

निजी क्षेत्रले पनि हाम्रो समुदायलाई अवसर दिन सक्छ । किनकि आखिरमा यही क्षेत्रमा सबैभन्दा बढी रोजगारका अवसर छन् । सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा पनि व्यावसायिक कम्पनीहरूले एलजीबीटीआई समुदायसँग सहकार्य गर्न सक्छन् । हाम्रो समस्या र मागहरू निर्णय प्रक्रिया, शिक्षा, रोजगारी र यस्तै अन्य क्षेत्रमा कसैलाई पनि नछुटाउने दिगो विकास लक्ष्यको मन्त्रअन्तर्गत नै पर्छन् । जबसम्म एलजीबीटीआई समुदायलाई सामाजिक र आर्थिक रूपमा सशक्तिकरण गरी सार्वजनिक जीवनको मूलधारमा ल्याइन्न तबसम्म कागजी रूपमा जति धेरै प्रगति गरे पनि त्यो बेअर्थी हुन्छ ।





# दिगो विकास लक्ष्य र विकास तथा समृद्धिका लागि नेपाली आकांक्षा

**मोहना अनसारी, राष्ट्रिय मानव अधिकार आयोग**

***सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्रसंघको न्युयोर्कमा भएको दिगो विकास सम्मेलनले सन् २०३० सम्म दिगो विकासका लागि विश्वव्यापी एजेन्डा पारित गरेको थियो । विश्वव्यापी अभियानमा सहभागी हुने १ सय ९३ देशमध्ये नेपाल पनि एक हो ।***

सहस्राब्दी विकास लक्ष्यको उत्तराधिकारीका रूपमा आएको २०३० एजेन्डामा १७ वटा लक्ष्यहरू छन् जसलाई दिगो विकास लक्ष्यको रूपमा चिनिन्छ । यसमा सदस्य राष्ट्रहरूले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने १६९ वटा परिणात्मक लक्ष्यहरू छन् । सहस्राब्दी विकास लक्ष्यले केही महत्त्वपूर्ण मानव अधिकारका पक्षलाई बेवास्ता गरेको थियो तर २०३० एजेन्डा पूर्णरूपमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा आधारित छ र यसले मानव अधिकार सिद्धान्त र गैर-भेदभाव तथा समानताको मापदण्ड पछ्याएको छ । यो विकासको बृहत् प्रारूप हो जसले समावेशी विकास र कोही पनि नछुटून् भन्ने निश्चिन्तता प्रदान गर्छ । अझ विशेषगरी, विकास र समृद्धिका लागि अहिले राष्ट्रिय जागरुकता र तुलनात्मक रूपमा राजनीतिक स्थिरता भएको अवस्थामा २०३० एजेन्डा र दिगो विकास लक्ष्यको प्रारूपले नेपाललाई सामाजिक-आर्थिक विकास दिगो रूपमा बढाउने, बिनाभेदभाव सबैका लागि मानव अधिकारको अवस्था सुधार्ने मौका दिएको छ ।



नेपालले सन् २०२२ सम्ममा अति कम विकसित मुकुलबाट फड्को मार्ने र सन् २०३० सम्ममा मध्य आय भएका मुलुक बन्ने लक्ष्य लिएको छ। यो आकांक्षालाई पूरा गर्न नेपालको वर्तमान चौधौं आवधिक योजनामा विश्वव्यापी लक्ष्यलाई समावेश गरिएको छ। यसका लागि योजनाको प्रभावकारी कार्यान्वयन र निरीक्षण गर्नु आवश्यक छ साथै यी प्रक्रियाभर मानव अधिकार सिद्धान्त र मापदण्डलाई पनि ख्याल गर्नुपर्छ। शिक्षा, स्वास्थ्य र महिला सशक्तिकरणका सूचकांक र गरिबी न्यूनीकरणमा प्रगति भए पनि आर्थिक र मानवीय स्रोतको कमी, कमजोर संस्था, कमजोर कार्यान्वयन क्षमता, कमजोर अनुगमन तथा उत्तरदायी संयन्त्रको अनुपस्थिति, जकडिएको भ्रष्टाचार, नातावाद र सामाजिक असमावेशिताका कारण अघिल्लो आवधिक योजना पूर्णरूपमा लक्ष्य हासिलका लागि असफल भएको छ। यस्ता समस्याहरू यथावत् छन् र न्यूनीकरणका उपाय अवलम्बन नगरिए वा प्रभावकारी पुनःसंरचना नगरिए अहिलेको आवधिक योजनालाई पनि यसले नकारात्मक प्रभाव पार्छ।

उदाहरणका लागि, राष्ट्रिय योजना आयोगको तथ्यांकअनुसार नेपालले चरम गरिबीलाई सन् १९९५ को ४२ प्रतिशतबाट सन् २०१५ मा २३.८ प्रतिशतमा झारेको छ। तर, अहिले पनि क्षेत्र, समुदाय र लिङ्गअनुसार गरिबीको दरमा व्यापक भिन्नता छ। सामाजिक रूपमा सीमान्तकृत, ग्रामीण जनता र महिला प्रगतिको समानुपातिक लाभ लिनबाट वञ्चित छन्। यस्तो अवस्थामा कोही नछुटून् भनेर राष्ट्रिय आवधिक योजनामा समावेशिताको सिद्धान्त लागू गर्नु व्यावहारिक हुन्छ। यो सन्दर्भमा, दिगो विकासका लागि २०३० एजेन्डा कार्यान्वयन गर्दा मानव अधिकारको सम्मान प्रमुख तत्त्व रहनुपर्छ।

नेपालले दशक लामो सशस्त्र द्वन्द्व र त्यसभन्दा लामो राजनीतिक अस्थिरता देखेको छ। यसले मानव अधिकार उल्लंघन, असुरक्षा, दण्डहीनता र कमजोर कानुनी शासनलाई बढावा दिन्छ। संक्रमणकालीन न्याय नेपालमा कार्यान्वयन गर्न बाँकी विषय छ। सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकार उल्लंघनका घटनाका पीडितले अझै न्याय पाउन बाँकी छ। २०७२ साल वैशाखको भूकम्पपीडितमध्ये विशेषगरी महिलासहित गरिब र सीमान्तकृत समूहले राहतका लागि लामो समय कुरेका छन्। तराईमा बाढीपीडित हजारौं जनता पर्याप्त सहायता र आवास सुविधाबाट वञ्चित भएका थिए। पहिलो पटक देशले संघीय, प्रादेशिक र स्थानीय सरकारबाट विकास योजनाको कार्यान्वयन गर्दै संघीय अभ्यास गरिरहेको छ। यो अवस्थामा राष्ट्रिय आवधिक योजना र दिगो विकास लक्ष्यलाई प्रादेशिक र स्थानीय विकास योजनामा समावेश गर्नु र हरेक तहको सरकारका लागि दिगो विकास लक्ष्यका सूचकांक विकास गर्नु आवश्यक छ। आवधिक योजना र दिगो विकास लक्ष्यमा समानता कायम गर्न संघीय, प्रादेशिक र स्थानीय सरकारबीच बलियो सहकार्य अपरिहार्य छ। यो प्रक्रियामा नागरिक समाज, मानव अधिकारवादी, महिला, युवा, ज्येष्ठ नागरिक, स्थानीय समुदाय र निजी क्षेत्रलाई पनि समावेश गर्नु उत्तिकै महत्त्वपूर्ण हुन्छ। सरकार, निजी क्षेत्र र समुदायबीचको सहकार्यबिना दिगो विकास लक्ष्य हासिल गर्न सकिँदैन। बहिष्कार, विभेद र अधिकार अस्वीकृत गर्ने ऐतिहासिक अभ्यासलाई सम्बोधन गर्दा यसले जरा गाडेर बसेको द्वन्द्वको कारणलाई सम्बोधन गर्छ र दिगो शान्ति र विकासका लागि मार्गनिर्देशित गर्छ। संविधानमा उल्लेख गरिएअनुसार नेपालले महिला, दलित, जनजाति, मधेसी, थारू र मुस्लिम आयोग गठन गर्न बाँकी छ। दिगो विकासका लागि २०३० एजेन्डा कार्यान्वयनमा योगदान, अनुगमन र जाँचका लागि राष्ट्रिय मानव अधिकार आयोगको पनि क्षमता अभिवृद्धि गरिनुपर्छ।

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेदको अन्त्य गर्ने र समावेशिता, सहभागिता, समान अर्थतन्त्र, समृद्धि र सामाजिक न्यायको सिद्धान्तको आधारमा स्वतन्त्र समाज निर्माणमा प्रतिबद्धता जनाएको छ। संविधानले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई बाध्यकारी मानेको छ। यस्ता अधिकारको रक्षाका लाागि परामर्श प्रक्रियाद्वारा आवश्यक कानुन निर्माण र संशोधन गरिनुपर्छ। साथै, मानव अधिकार केन्द्रित शैलीबाट एजेन्डा २०३० को विश्वसनीय कार्यान्वयनले यी अधिकारलाई यथार्थमा परिणत गर्छन्। अर्को, बिनाभेदभाव संवैधानिक अधिकारहरू सबैले समान रूपमा उपभोग गरिरहेका छन् भन्ने विषयमा योगदान गर्न र अनुमगन गर्न राष्ट्रिय मानव अधिकार संस्थाहरूको क्षमता अभिवृद्धि र संलग्नता महत्त्वपूर्ण हुन्छ।

निष्पक्ष र समृद्ध समाज निर्माणका लागि नेपालले लामो बाटो तय गर्नु छ। लामो समयदेखिको यो आकांक्षा पूरा गर्नका लागि राजनीतिक प्रतिबद्धता, राष्ट्रिय सहमति, जनता केन्द्रित विकास रणनीति, जवाफदेही संस्था र बृहत् साझेदारी आवश्यक पर्छ। तीनै तहको सरकारको निर्वाचन सकिएको छ जसले सबै गरी ४० हजार जनप्रतिनिधि चुनेको छ। अब नेपाली जनताले देश विकास र समृद्धिको मुद्दामा केन्द्रित होओस् भन्ने चाहन्छन्। अहिलेको बेला भनेको २०३० एजेन्डा र दिगो विकाससहित अघि बढ्ने हो। यो एउटा अवसर हो, यसलाई खेर फाल्नु हुँदैन। यसैगरी, नेपालका विकास साझेदारले पनि मानव अधिकारका सिद्धान्तमा आधारित समावेशी विकास अभियानलाई सहयोग गर्न हातेमालो गर्नुपर्छ।


NepSAS

# दिगो शान्तिका लागि साझेदारी

**विशेष रिपोर्ट**

***समष्टिगत, बहुआयामिक र समुदायमा आधारिक पहुँचले यो क्षेत्रमा द्वन्द्व न्यूनीकरण र संकट रोकथाम अत्यावश्यक छ भन्ने महसुस गर्दै युएनडीपी र हिमालयन कन्सेन्सस इन्स्टिच्युटबीच अहिलेको सहकार्य बनेको हो ।***

**समुदायलाई आफ्नो जीवनस्तर सुधार्न र सामाजिक एकता कायम राख्न सहयोग गर्न "शान्तिका लागि अलैंची" अभियान सुरू भएको हो, यसले उनीहरू बसेको स्थानको नाजुक पर्यावरणीय अवस्था संरक्षण गर्नुका साथै प्राकृतिक प्रकोप र उनीहरूबाट हुन सक्ने द्वन्द्व न्यूनीकरण गर्न सघाउँछ- त्यो पनि अलैंची खेतीबाट ।**

राष्ट्र र क्षेत्रलाई विकासको यात्रामा रोक्न द्वन्द्व महत्वपूर्ण तत्व हुन सक्छ भनेर साझा मुद्दा तयार पारिएको हो । यो प्रक्रियामा समावेशी सहभागिता, प्रतिनिधित्व र निर्णय प्रक्रिया सुनिश्चित गर्न स्थानीय समुदायको पनि एकदमै महत्वपूर्ण भूमिका हुन्छ । नीति, संस्था, कानुन र नियमन जनताको समर्थन र सहभागिता भए मात्रै अझ बढी प्रभावकारी हुन्छ ।

दिगो विकास लक्ष्यमा विकासका मुद्दालाई संक्षेपमा उल्लेख गरिएको छ । जहाँ पाँच तत्व (पिपुल, प्लानेट, पिस, प्रस्पेरिटी र पार्टनरसिप) को अन्तरसम्बन्धको महत्व र द्वन्द्व न्यूनीकरणमा यसको योगदान उल्लेख गरिएको छ । साझा क्षेत्रीय चुनौती र दिगो शान्ति हासिलका लागि समष्टिगत, बहुआयामिक र समुदायमा आधारित पहुँचको विकल्प छैन ।

यही पक्षलाई ध्यानमा राख्दै युएनडीपी नेपाल र द हिमालयन कन्सेन्सस इन्स्टिच्युट (एचसीआई) ले सन् २०१७ मा साझेदारी सुरु गरेका हुन् । दुवै संस्थाले हिमाली क्षेत्रमा द्वन्द्व न्यूनीकरण र संकट रोकथामका लागि सहकार्य गर्छन् । हिमाली क्षेत्रमा प्राकृतिक प्रकोप र जनसांख्यिक बनोटको यथार्थका कारण मानिसहरूबीच द्वन्द्व बढ्ने जोखिम हुन्छ ।

यो साझेदारी अन्य पक्षसहित हिमाली क्षेत्रमा वातावरणीय प्रकोपअघि पूर्वसूचना प्रणाली र स्थानीय मध्यस्थताको क्षमता अभिवृद्धि गर्नमा केन्द्रित छ, जसका कारण सरकार र समुदायले त्यस्ता घटनामा प्रतिक्रिया जनाउन सकून् । नेपालमा नमुनाका रुपमा लागू भएको कार्यक्रम जलवायु परिवर्तनबाट प्रभावित र अति कम विकसित अन्य देशमा द्वन्द्व रोकथाम र न्यूनीकरणका लागि अनुकरणीय हुने अनुमान छ । जलवायु परिवर्तन र अन्य प्रकोपको उच्च जोखिमयुक्त २० देशमध्ये नेपाल पनि एक हो ।

'यो अभियानको प्रभाव नेपालभित्र मात्रै सीमित रहन्न । यसको प्रभाव अन्य देशमा पुग्ने सम्भावना व्यापक छ । अविकसित विश्वमा द्वन्द्वको प्रभावभन्दा यसको कारण सम्बोधन गर्न यस्तै खालको कार्यक्रम लागू गर्न सकिने योजना छ,' एचसीआईका संस्थापक लरेन्स ब्राम भन्छन् । 'समुदायलाई सबैभन्दा बढी थाहा हुन्छ' भन्ने सिद्धान्तमा रहेर यो अभियान स्थानीयलाई तालिम दिनमा पनि केन्द्रित छ । साथै, संकट न्यूनीकरण र त्याग्न सकिने गरी यसले दोस्रो तहको संवाद पनि सञ्चालन गर्छ ।

'हामीले सुरु गरेको सुविधाबाट जलवायु सिर्जित र अन्य खालको विपद् तथा संकटलाई सामना गर्ने गरी क्रमबद्ध रूपमा सुसूचित निर्णय लिन नेपाल सरकार र यहाँका

जनतालाई सहयोग पुग्छ,' युएनडीपीका नेपाल निर्देशक रेनो मेयर भन्छन् ।

## अलैंचीको भूमिका

'शान्तिका लागि अलैंची' अभियान युएनडीपी-एचसीआईको संयुक्त अभियानको रूपमा सुरु भएको हो । समुदायलाई आम्दानी प्राप्त गर्न सघाउने र उनीहरू बस्ने क्षेत्रको नाजुक पर्यावरणीय प्रणाली संरक्षण गर्ने उद्देश्यसहित उच्च मूल्य प्राप्त हुने अलैंचीजस्ता बाली लगाउने विचार आएको हो । निश्चित समुदायलाई आर्थिक अवसरबाट वञ्चित गरिँदा प्रायः द्वन्द्व बढिरहन्छ । तर, एकातिर उनीहरूको जीविकोपार्जनको अवस्था सुधार्दै सामाजिक एकता कायम गरेर र अर्कोतर्फ वातावरणीय जोखिम प्रतिरोधी क्षमता अभिवृद्धि गर्दै तथा प्राकृतिक प्रकोप न्यूनीकरण गर्दै यो अभियानले एकै पटक दुई समस्या समाधान गर्न खोजेको छ ।

दोलखा जिल्लाका विभिन्न क्षेत्रमा बस्ने ३० हजार थामी आदिवासी समुदायमाझ यो अभियान नमुनाको रूपमा सञ्चालन गरिएको छ । थामी समुदाय परम्परागत रूपमै आर्थिक अवसरबाट वञ्चित छन् । यो समुदायलाई अलैंची उत्पादन र वितरणका लागि एकीकृत पहुँच स्थापना र व्यवस्थापनका लागि सक्रिय बनाइएको थियो । माटोको मुलायमपन कायम राख्नका लागि अलैंचीको गहिरो र फराकिलो जरा सहयोगी हुन्छ । 'अन्य बालीभन्दा बढी बजार मूल्य प्राप्त हुने, थोरै फलाए हुने र भण्डारण गर्नु नपर्ने अलैंचीको खेती तुलनात्मक रूपमा धेरै फाइदाजनक छ,' ईसीमोड नेपालको रेसिलियन्ट लाइभ्लिउड (जोखिम प्रतिरोधी जीविकोपार्जन) का कार्यक्रम संयोजक सुरेन्द्रराज जोशी बताउँछन् । खाना र पेयपदार्थमा स्वाद बढाउन प्रयोग गरिने अलैंचीको क्षेत्रीय र अन्तर्राष्ट्रिय बजारमा माग उच्च छ ।

अभियानको क्रममा नेतृत्वदायी र आफ्नो समुदायको स्तर उकास्न गरेको भूमिका मूल्यांकन गर्दै सोरुङखोलाकी छलीमाया थामीलाई काठमाडौंमा २०१८ मार्च २३ गते आयोजित हिमालयन कन्सेन्सस समिट २०१८ को क्रममा नेतृत्व अवार्डबाट सम्मानित गरिएको थियो ।

**अलैंची जस्ता बाली लगाएर समुदायको जीविकोपार्जनको अवस्था सुधार्दै सामाजिक एकता कायम गर्ने अर्कोतर्फ वातावरणीय जोखिम प्रतिरोधी क्षमता अभिवृद्धि गर्दै लग्ने योजन हो।**






**छलीमाया थामी,**
सामाजिक कार्यकर्ता र सामुदायको नेतृत्व

'अलैंची खेती दोलखास्थित हाम्रो समुदायका महिलाहरूका लागि आम्दानीको स्रोत मात्र नभई स्वतन्त्रताको सूत्रजस्तो भएको छ। साथै, यो समुदायका सदस्यहरूबीच मित्रता र सद्भावको महत्वपूर्ण कारक पनि भएको छ। अलैंची खेतीले हाम्रो ठाउँमा हरियाली र माटोको उर्वरता बढाएको छ। अलैंची बिक्री भएपछि बाँकी रहेको वस्तु खान दिँदा हाम्रा पशु-चौपायाको स्वास्थ्य पनि राम्रो छ। यो आम्दानी दिने खेती हो।'

**ग्रेगरी के. टानका,**
संस्थापक, सियरा कन्सेन्सस इन्स्टिच्युट

शान्तिका लागि अलैंची खेती अभियान तल्लो तहदेखि माथिल्लो तहसम्म समुदाय निर्माणको साथै आर्थिक तथा वातावरणीय दिगोपनाको शैली हो। अलैंची खेतीले जैविक खेतीको प्रवर्द्धन, माटोको उर्वरता र दिगो पर्यावरणीय प्रणाली वृद्धिमा सघाउँछ। यो अभियानले रोजगारीको अवसर वृद्धि गरेको छ र अहिले बजार प्रवर्द्धनका लागि उपयुक्त लगानी र बजार रणनीति खोजिरहेको छ।



# दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय व्यापार :

**पोषराज पाण्डे, अध्यक्ष, साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (साउती)**

***नेपालजस्तो अति कम विकसित देशका लागि दिगो विकास लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय व्यापारले महत्वपूर्ण भूमिका खेल्छ । तर, व्यापारबाट हुने सम्भावित लाभका लागि विवेकपूर्ण नीतिको आवश्यकता पर्छ, साउतीका अध्यक्ष पोषराज पाण्डे लेख्छन् :-***

दिगो विकास लक्ष्य सन् २०१६ देखि २०३० अवधिका लागि विश्वव्यापी विकास मुद्दा हो । यो आर्थिक, सामाजिक तथा वातावरणीय विकास हासिल गर्ने बृहत् शैली हो । यसमा समावेश १७ वटै लक्ष्यहरू अन्तरसम्बन्धित छन् । एक वा अर्को रूपमा बृहत् विकासका लागि यी लक्ष्यहरू केन्द्रित छन् । यी विश्वव्यापी लक्ष्यलाई उत्पादनशील रोजगारी सिर्जना गर्ने, महिला सशक्तिकरण प्रवर्द्धन गर्ने, खाद्य सुरक्षा प्रत्याभूति र आर्थिक असन्तुलन गर्ने माध्यमको रूपमा हेरिएको छ । अन्तर्राष्ट्रिय व्यापार नीति र दिगो विकास लक्ष्य बीच पनि प्रस्ट सम्बन्ध छ ।



प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, विश्वव्यापी लक्ष्यको कार्यान्वयनले अन्तर्राष्ट्रिय व्यापार र यसको साम्राज्यलाई प्रभावित पार्छ। १७ औं नम्बरको लक्ष्यले खुला, विश्वव्यापी, नियममा आधारित, तटस्थ र बहुपक्षीय व्यापार प्रणालीको प्रवर्द्धन गर्ने योजना उल्लेख गरेको छ। यसले विश्व व्यापारमा सन् २०२० सम्ममा विकासोन्मुख राष्ट्रको हैसियत दोब्बर पार्ने र अति कम विकसित मुलुकलाई कोटा दिएर उनीहरूको व्यापारमा पहुँच बढाउने लक्ष्य राखेको छ। अप्रत्यक्ष रूपमा भए पनि दिगो विकास लक्ष्यका अन्य लक्ष्यहरू जस्तै भोकमरीको अन्त्य र खाद्य सुरक्षाको सुनिश्चितता (लक्ष्य नम्बर २), स्वस्थ जीवनको सुनिश्चितता (लक्ष्य नम्बर ३), दिगो र प्रभावी आर्थिक वृद्धि (लक्ष्य नम्बर ८), असमानताको न्यूनीकरण (लक्ष्य नम्बर १०), सामुदायिक स्रोतको संरक्षण (लक्ष्य नम्बर १४) र जैविक विविधताको संरक्षण, प्रवर्द्धन (लक्ष्य नम्बर १५) ले पनि विश्व व्यापारलाई प्रभावित पार्छ।

व्यापारको माध्यमबाट भोकमरी र खाद्य असुरक्षासम्बन्धी समस्यालाई सम्बोधन गर्नुपर्छ। अहिलेसम्मको योजना कृषि उत्पादनलाई प्रवर्द्धन गर्नु र कृषिमा दिइने अनुदानले अन्तर्राष्ट्रिय बजारमा हुने असन्तुलनको अन्त्य गर्नु हो। आधारभूत औषधिमा पहुँचका लागि विश्व व्यापार संगठन (डब्लूटीओ) को सार्वजनिक स्वास्थ्यसम्बन्धी घोषणाको लचिलो कार्यान्वयनका लागि आह्वान गरिएको छ। विकासोन्मुख र अति कम विकसित देशको उत्पादकत्व क्षमता वृद्धिका लागि महत्व दिइएको छ। व्यापारका लागि सहायता भन्ने अवधारणालाई अघि सारिएको छ। देशको आन्तरिक र आपसी असन्तुलनहरू घटाउन पनि यो जनामा उल्लेख गरिएको छ। विशषेगरी देशहरूबीचको आपसी असन्तुलन कम गर्न, अति कम विकसित मुलुकहरूका लागि बहुपक्षीय व्यापार प्रणालीमा विशेष र फरक खालको प्रशोधन प्रावधानको प्रभावकारी कार्यान्वयनलाई महत्व दिइएको छ। दिगो माछापालनको सुनिश्चितता गर्न माछा व्यवसाय गर्ने बहुराष्ट्रिय कम्पनीहरूलाई दिइने अनुदानबाट पर्ने प्रभावलाई कम गर्न किसानहरूलाई सहायता गर्न यो मुद्दाले बोलेको छ। लोपोन्मुख प्रजातिको संरक्षण र तिनको व्यापारलाई रोक्नुपर्ने आवश्यकताबारे पनि यहाँ उल्लेख गरिएको छ।

नेपालजस्तो अति कम विकसित राष्ट्रका लागि दिगो विकास लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय व्यापारले महत्वपूर्ण भूमिका खेल्छ। प्रतिस्पर्धी क्षेत्रका आर्थिक क्रियाकलापमा केन्द्रित भए, अन्तर्राष्ट्रिय व्यापारले आम्दानी वृद्धि र वैदेशिक लगानी तथा प्रविधि भित्र्याउनमा सहजीकरण गर्छ। बृहत् रूपमा आम्दानी वृद्धि हुँदा सरकारले प्राप्त गर्ने राजस्व पनि वृद्धि हुन्छ, जसकारण सरकारलाई स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, वातावरण संरक्षण र अन्य प्राथमिकताका क्षेत्रमा लक्ष्य भेट्ने गरी आर्थिक स्रोत परिचालन गर्न  सहज हुन्छ। व्यापारले गैरआर्थिक लाभ पनि प्रदान गर्छ। व्यापार र बजारमा पहुँचले कामदारको ज्यालामा वृद्धि हुन्छ जसले उनीहरूको स्वास्थ्य र पोषणमा राम्रो प्रभाव पारेको हुन्छ। व्यापार यस्तो औषधि हो जसको प्रत्यक्ष प्रभाव स्वास्थ्यमा पर्छ। यसैगरी, प्रविधि पहुँच र अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरणले पर्यावरणीय असन्तुलन र जलवायुमा प्रतिकूल प्रभावजस्ता समस्या पनि सम्बोधन गर्छन्। जलवायु परिवर्तनलाई न्यूनीकरण र अनुकूलन गर्न प्रविधिको ठूलो भूमिका हुन्छ। दिगो विकास लक्ष्यले व्यापारको माध्यमबाट प्रविधि हस्तान्तरण गर्नुपर्ने उल्लेख गरेको छ।

अन्तर्राष्ट्रिय व्यापारमा दिगो विकास लक्ष्य भेट्टाउँदा अन्य लक्ष्यहरू पनि भेट्न सहज हुन्छ। यसपछि आउने महत्वपूर्ण अवधारणागत प्रश्न के भने अहिलेका व्यापार नीति र प्रणालीले यस्ता लक्ष्यहरू भेट्टाउन सकिन्छ ? व्यापार जोखिम नियमन नगरी पूर्णरूपमा बजारमुखी प्रणाली अवलम्बन गर्दा असमानताहरू बढ्दो छ। बजार प्रणाली ठीक छ भन्ने मानेर बजारलाई नियमन नगर्ने हो भने अपेक्षित नतिजाको वितरण र श्रमिक हिसाबले हेर्दा असमानता झन् बढ्नेछ। त्यसैले, दिगो विकास लक्ष्यलाई भेट्टाउन व्यापारलाई उपयोग गर्ने हो भने हामीलाई सन्तुलित नीतिहरू आवश्यक पर्छन्। यस्ता नीतिहरू अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै तहमा आवश्यक पर्छन्।

दिगो विकास लक्ष्यलाई सबै देशहरूले स्वीकार गरेका छन्। अनियन्त्रित बजारले विश्वव्यापी समृद्धि र शान्ति दिन सक्दैन। प्रथमतः विश्व बजार सबैका लागि सुहाउँदो मैदान होइन। अति कम विकसित देशमा निर्यात र उत्पादकत्व क्षमताको कमी हुन्छ र यसको अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय सहायता उनीहरूका लागि अत्यावश्यक हुन्छ। यस्ता देशहरूका लागि अन्तर्राष्ट्रिय व्यापारमा विशेष र पृथक व्यवहार गरि व्यापार बढाउन विशेष नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्छ।

असमान स्रोतको वितरणका कारण बजार आफैंले निष्पक्षता सुनिश्चित गर्न सक्दैन। बजार असफल हुने सम्भावना पनि रहन्छ। त्यसैले, बजारले राम्रोसँग काम गरोस् भनेर यसलाई नियमन गरिनुपर्छ। समग्र आर्थिक तथा बजार नीतिको उद्देश्य गरिबमुखी अर्थतन्त्रको वृद्धि हुनुपर्छ। गरिबको आम्दानीमा हुने वृद्धि दर धनीको आम्दानीमा हुने वृद्धि दरभन्दा बढी हुनुपर्छ। अर्को शब्दमा भन्दा, नाफामा श्रमिकले पाउने ज्यालाको हिस्सा पुँजीको भन्दा बढी भएमा व्यापारमा हुने वृद्धि गरिबमुखी हुन्छ। अन्यथा व्यापार तथा अर्थतन्त्रमा हुने वृद्धिले प्रत्यक्ष रूपमा दिगो विकास लक्ष्य हासिल गर्न सघाउँदैन।



# पूर्वाधार साधन हुन्, साध्य होइनन्

**नृपबहादुर ओड, मेयर, धनगढी उप-महानगरपालिका**

***वडा तहका केही जनप्रतिनिधिहरू सडक र पुल बनाउन मात्रै केन्द्रित छन् । तर, मैले भने स्वास्थ्य र शिक्षालाई पनि प्राथमिकता दिएको छु, यो पनि उत्तिकै महत्वपूर्ण छ ।'***

करिब दुई दशकपछि गत वर्ष स्थानीय तहको निर्वाचन भएर जनप्रतिनिधिमा चुनिएपछि जनताले हामीबाट धेरै अपेक्षा राखेका छन् । नयाँ संघीय संरचना अनुसार हामीले दुईपटक बजेट सार्वजनिक गरिसकेका छौं । स्रोतको सीमितताका कारण वडा तहमा २ देखि साढे दुई करोडसम्म मात्रै बजेट विनियोजन भएको छ । तर, हरेक वडालाई एक अर्ब रुपैयाँभन्दा बढी बजेट आवश्यक पर्छ । जनता लोभी भएर बजेट धेरै मागेका होइनन् । उनीहरूका जायज मागहरू छन्, उनीहरूलाई सडक र कल्भर्टजस्ता आधारभूत पूर्वाधार चाहिएको छ । उनीहरू विकासका लागि अधैर्य भएर बसेका छन् ।



हामीले पूर्वाधार विकासमा जोड दिइरहेका छौं। उदाहरणका लागि, एयरपोर्ट निर्माण हाम्रो उच्च प्राथमिकतामा छ। यसले स्थानीय पर्यटनलाई बढावा दिन्छ। तर, पूर्वाधारले मात्रै पूर्ण विकास हुँदैन। हामीले मानवको समष्टिगत विकासमा ध्यान दिनुपर्छ। वडा तहका केही जनप्रतिनिधिहरू सडक र पुल निर्माणमा मात्रै केन्द्रित छन्। तर, मैले भने स्वास्थ्य र शिक्षालाई पनि प्राथमिकता दिएको छु जुन उत्तिकै महत्वपूर्ण छ।

हामीले दिगो विकासका लागि विभिन्न योजनाहरू जारी गरेका छौं। हामी नदी किनारमा हुने खेतीलाई थप व्यवस्थित बनाउन चाहन्छौं र अहिले यसको अध्ययन गरेका छौं। यहाँ नदी किनारमा हुने खेती करिब ४ हजार ६ सय बिघा (करिब ७ सय ४० हेक्टर) क्षेत्रमा फैलिएको छ। बाख्रापालन हामीले योजना बनाइरहेको अर्को क्षेत्र हो। कृषि खेतीलाई सुधार्न थप के-के काम गर्न सकिन्छ भन्नेबारे हामीले अर्को अध्ययन गरेका छौं, जसमा सर्वसाधारणका विचारहरू समावेश गरिएको छ। झन्, कृषकलाई सहयोग गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पनि छ।

हामीले यहाँका किसानलाई सहयोग गर्न जरुरी छ। उपमहानगरपालिकाले दिने अनुदानका लागि हामी सबै जनाबाट आवेदन लिन्छौं। सबै क्षेत्रका लागि हामीले समान बजेट विनियोजन गरेका छौं। जसलाई उप-महानगरपालिकाले दिने अनुदानको बारेमा थाहा छैन, उनीहरूलाई हामी दोस्रो चरणमा समावेश गर्छौं। अनुदान लिएकाहरूको प्रगतिबारे हामीले मूल्यांकन गर्छौं र सफल अभ्यासहरूलाई प्रोत्साहित गर्छौं।

गत वर्ष चुनाव भएको ३० दिनभित्रै बजेट जारी गर्नुपर्ने बाध्यता थियो। हामीले नगर बैठक पनि एक महिनामै सक्नुपर्ने अवस्था थियो। तर, यो कसरी गर्ने हामीलाई थाहा थिएन। हामीले यसबारेमा विज्ञ र कर्मचारीहरूसँग सल्लाह लियौं र उनीहरूको सल्लाह अनुसार काम गर्‍यौं। गत वर्ष सबै स्थानीय तहको भ्रमण गर्‍यौं। त्यसैले जनतालाई के चाहिएको छ, त्योबारेमा राम्रो जानकारी छ। यी सबै विषयहरू दिगो विकास लक्ष्यसँग मिल्दाजुल्दा छन्। हामी यो वर्षको बजेटमा केही योजना बनाएका छौं जसले ती लक्ष्यहरू भेट्टाउन मद्दत गर्छ। तर, सीमित बजेटका कारण हामीले धेरै गर्न सक्ने अवस्था छैन।



विकास बजेट विनियोजनबाट सबै स्थान लाभान्वित भएका छैनन् । हाम्रो विकास बजेट ४० देखि ४५ करोड मात्रै छ । तर, हरेक वडाले एक अर्ब रुपैयाँभन्दा बढी माग गरिरहेका छन् । हामीले कुनै पनि क्षेत्रलाई नछाड्न निर्देशन दिएका छौं । वडाअध्यक्ष र सचिवलाई तालिम दिएका छौं । तर, पनि केही कमजोरी भइहाल्छन् ।

विकासलाई अझ बढी प्रभावकारी बनाउन, हामीले सार्वजनिक-निजी साझेदारीको अवधारणा अघि बढाएका छौं । वास्तवमा भन्नुपर्दा, यसका लागि आवश्यक सबै कानुनहरू हामीले निर्माण गरिसकेका छौं । निजी क्षेत्रले लगानी गर्न चाहेको क्षेत्रको आधारमा हामी सहायता प्रदान गर्न इच्छुक छौं । हामी ५ वर्षका लागि निर्वाचित भएका हौं । हामीले एक वर्षभन्दा बढी समय बिताइसक्यौं । आफ्नो कार्यकालमा केही महत्वपूर्ण काम गर्नेमा म विश्वस्त छु । म केही फरक काम गर्न चाहन्छु । मेरो मुख्य ध्येय शिक्षामा छ । म यो क्षेत्रमा केही परिवर्तन ल्याउन चाहन्छु । यहाँ भएका ७५ सामुदायिक विद्यालयमध्ये १५ वटामा अंग्रेजी माध्यमबाट बढाउने व्यवस्था मिलाएको छु । हामीले यी विद्यालयहरूलाई प्रत्येक दुईदेखि चार हप्तामा निरीक्षण गरिरहेका हुन्छौं ।

मेरो कार्यकालमा धनगढीका ९० प्रतिशतले सफा खाने पानी पाऊन् भन्ने मेरो अपेक्षा छ । हामीले अहिलेसम्म १६ वटा वडामा खानेपानी आयोजना सुरु गरिसकेका छौं । हामी बाँकी ३ वटा वडामा पनि यस्तो आयोजना चाँडै सुरु गर्दैछौं । हामी अहिले त्यसैको तयारी गर्दैछौं । कृषि मेरो तेस्रो प्राथमिकताको क्षेत्र हो । यसमा हामीले ठूलो फड्को मार्नुपर्नेछ । दक्ष जनशक्तिको अभावमा हामीले अन्य क्षेत्रमा तत्काल यस्तो फड्को मार्न सक्दैनौं । सीप भएका अधिकांश जनशक्ति बिदेसिएका छन् । बाँकी रहेको सानो समूह सरकारी जागिर खान चाहन्छ । बाँकीका लागि कृषि नै उत्तम विकल्प हो । कृषिलाई आधुनिकीकरण गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा लागू गर्नुपर्ने आवश्यकता छ । हामी निजी क्षेत्रलाई एक खालको कर छुट दिएर यसका लागि प्रेरित गर्न चाहन्छौं । मेरो कार्यकालमा म धनगढीलाई कृषि केन्द्र बनाउनेछु ।



जहाँसम्म स्वास्थ्य सेवाको चासो छ, प्रदेश ७ ले फरक सोचेको छ । हामी औषधि उत्पादकसँग सिधै औषधि खरिद गर्छौं । दुर्गम क्षेत्रमा पनि हामीले स्वास्थ्य चौकी स्थापना गरेका छौं । धनगढी उप-महानगरपालिकाको वडा नम्बर १७ श्रीलंकाजस्तै टापुमा छ । यसलाई सबै क्षेत्रबाट नदीले घेरेको छ । वर्षाको समयमा त्यहाँका मानिस धनगढी आउन कठिन छ । त्यसैले तीन महिनाका लागि त्यहाँ पर्याप्त औषधि उपलब्ध हुने व्यवस्था मिलाएका छौं । यस्तो अवस्थामा हामीले स्वास्थ्य, शिक्षा, खानेपानीको समस्या समाधान गर्न सकेका छैनौं तर हामीले व्यवस्थापन भने सुधारेका छौं ।

स्थानीय सरकारको काम पूर्वाधार विकासमा मात्रै केन्द्रित छैन । यसको जिम्मेवारी न्याय वितरणको पनि हो । हामी न्यायको विषयमा गम्भीर छौं । हामीले दैनिक १५ देखि २० वटा मुद्दा छिनोफानो गरिरहेका छौं । योबीचमा अनगिन्ती मुद्दाहरू साम्य पारिसकेका छौं । हामीले धेरै राजनीतिक आन्दोलन गर्‍यौं । हामी जेल गयौं, पिटाइ खायौं । अब हामीले आर्थिक र सामाजिक जिम्मेवारी पूरा गर्नुपर्छ । अब समृद्धि र विकासको विकल्प छैन ।

म धनगढीलाई स्मार्ट सिटीको रूपमा विकास गर्न चाहन्छु । जनताले बैंकबाट नगद झिकेर बिल तिर्न जानुपर्ने छैन । अहिले पनि धनगढीका ४० प्रतिशत जनता नयाँ प्रविधि प्रयोग गर्न सक्दैनन् । तर, बाँकी ६० प्रतिशतले नयाँ प्रविधिको प्रयोग गर्ने हो भने ४० प्रतिशतले त्यसै राम्रो सेवा पाउँछन् । हाम्रो १९ वटै वडामा अप्टिकल फाइबर बिछ्याउने चरणमा छौं । यसलाई कसरी उत्कृष्ट ढंगबाट प्रयोग गर्ने भन्ने विषयमा हामीले अध्ययन गरिरहेका छौं । १९ वटै वडामा सूचना प्रविधि केन्द्र स्थापना गर्ने योजना पनि बनाइरहेका छौं । केही स्थानमा नागरिकको सुविधाका लागि केही कम्प्युटरहरू पनि जडान गरिसकेका छौं । नागरिकको सेवासुविधाका लागि हामीले बजेट, मानव स्रोत र प्रविधिको समुचित प्रयोग गरिरहेका छौं ।

*(अन्तर्वार्ताको आधारमा तयार पारिएको सामग्री)*







# परिवर्तनका लागि शिक्षा

विशेष रिपोर्ट

***सरकारी विद्यालयको कमजोर शैक्षिकस्तर र भर्नादरको समस्यालाई चासो राख्दै टिच फर नेपालको जन्म भएको हो । यसले नेपाली युवालाई सार्वजनिक विद्यालयको शिक्षा सुधार्दै सामाजिक परिवर्तनको जागरणमा सहभागी हुन प्रेरित गर्छ ।***

## सार्वजनिक विद्यालयमा पढ्ने विद्यार्थीभन्दा निजी विद्यालयमा पढ्ने विद्यार्थीले प्रस्ट रूपमा बढी लाभ लिइरहेका छन् । हामी सिक्ने र सिकाउने वातावरणमा संरचनागत सुधार गरी यो असमानता अन्त्य गर्न चाहन्छौं ।

सन् २०१३ मा स्थापना भएपछि टिच फर नेपालले छनोट गरेको ललितपुर जिल्लाका १५ वटा सामुदायिक विद्यालयमध्ये आसराङको श्री विद्यादीश्वरी माध्यमिक विद्यालय पनि एक हो । अधिकांश तामाङ समुदायका विद्यार्थी आउने विद्यालयमा २ सय २५ विद्यार्थी थिए । त्यो बेलामा विद्यालयको हालत देशभरका सामुदायिक विद्यालयभन्दा फरक थिएन । कमजोर शैक्षिक अवस्था र भर्नादर ।

सार्वजनिक विद्यालयको खस्कँदो शैक्षिक गुणस्तरप्रतिको चासोले नै नेपाली युवाको एउटा समूहलाई टिच फर नेपाल स्थापनाका लागि प्रेरित गरेको हो । व्यावसायिक शिक्षक र विश्वविद्यालय तह पार गरेका विद्यार्थीलाई प्रयोग गरी सार्वजनिक विद्यालयमा भएका असमानता अन्त्य गर्ने ध्येयसहित यसको स्थापना भएको हो । प्रतिबद्ध युवाको छनोट गरी, तालिम दिएर सार्वजनिक विद्यालयमा पूरा समय परिचालन गर्ने यसको सोच थियो । सामान्यतया एक विद्यालयका लागि दुई शिक्षक । जानेले दुई वर्षसम्म काम गर्नुपर्ने । त्यस्ता शिक्षकलाई विद्यालयको सिक्ने र सिकाउने प्रक्रिया परिवर्तन गराउने, विद्यार्थीको शैक्षिकस्तर सुधार्ने, भर्नादर बढाउन विद्यार्थी र अभिभावकको विश्वास जित्नुपर्ने महत्वाकांक्षी जिम्मेवारी दिइन्छ ।

पहिलो वर्ष टिच फर नेपालबाट दुई युवा श्री विद्यादीश्वरीमा शिक्षकको रूपमा खटिए । आफ्नो दुईवर्षे अवधि उनीहरूले यहाँको शैक्षिक गुणस्तर सुधार्ने काममा समर्पण गरे । यसका लागि उनीहरूले कक्षाकोठामा डिजिटल उपकरण प्रयोग गरे र शिक्षक र विद्यार्थीबीच अन्तर्क्रिया हुने वातावरण तयार पारे । त्यो बेलामा गरेको हस्तक्षेप अहिले परावर्तित हुन थालेको छ । त्यो बेलामा एसएलसी (अहिले एसईई) दिँदा विद्यालयका एक तिहाइ विद्यार्थी मात्र पास हुने स्थिति थियो । अहिले यही विद्यालयले शतप्रतिशत नतिजा निकाल्छ । यो वर्षको कक्षा १० को परीक्षामा सामेल विद्यालयका सबै २८ विद्यार्थी पास भए । तीमध्ये एकले सबै विषयको औसतमा ३.५ अंक प्राप्त गरे, जसलाई एकदमै राम्रो नतिजा मानिन्छ । पछिल्लो ५ वर्षमा विद्यालयमा भर्नादर पनि ३० प्रतिशतले बढेको छ, यहाँ अहिले ३ सय २५ विद्यार्थी पढ्दै छन् ।

विद्यालयका प्रधानाध्यापक थलप्रसाद तिमिल्सिनाका अनुसार यो उपलब्धिबाहेक टिच फर नेपालको संलग्नतापछि विद्यालयको समग्र शैक्षिक वातावरण नै अर्थपूर्ण रूपमा उकासिएको छ । 'अहिले विद्यार्थीहरू एकदमै सिर्जनशील छन् । पढाइमा पनि एकदमै उत्सुक छन्,' उनी भन्छन्, 'योबाहेक टिच फर नेपालका शिक्षक सामेल भएपछि विद्यालयका अन्य शिक्षक पनि

विद्यालयलाई जिल्लाकै नम्बर एक विद्यालय बनाउने गरी मिहिनेती बन्न उत्प्रेरित भएका छन् ।'

उनको भनाइले टिच फर नेपालले लागू गरेको मोडलको प्रभावकारिताको प्रमाण दिन्छ । टिच फर नेपालको अभियानले छोटो समयमै सकारात्मक प्रभाव छाडेको छ । अहिले टिच फर नेपालमा यसरी शिक्षक बन्न वर्षमै सयौं आवेदन पर्छन् । जसमध्ये केही दर्जन शिक्षकको रूपमा छानिन्छन् । अनि, सुरुमा ललितपुरका १५ विद्यालयबाट सुरु भएको यो अभियान अहिले अरू ५ जिल्लाका ५० वटा विद्यालयमा छ । सिन्धुपाल्चोक, धनुषा, दाङ, लमजुङ र पर्साका करिब १० हजार विद्यार्थीले यसको लाभ पाइरहेका छन् । यी जिल्लामा अहिले १ सय ५० भन्दा बढी शिक्षक खटिएका छन् ।

टिच फर नेपालका सहसंस्थापक तथा प्रमुख कार्यकारी अधिकृत शिशिर खनाल शैक्षिक गुणस्तर दुरवस्थामा रहेका देशभरका सामुदायिक विद्यालयको अवस्था विश्लेषण गरी टिच फर नेपालको जन्म भएको बताउँछन् । 'यस्तो समस्याका कारण विभेद खडा गरेको देख्यौं । निजी विद्यालयमा पढ्ने विद्यार्थीहरूले सरकारी विद्यालयका विद्यार्थीको भन्दा बढी लाभ पाइरहेका थिए,' खनाल भन्छन्, 'हामी सिक्ने र सिकाउने वातावरणमा संरचनागत सुधार गरी यो असमानता अन्त्य गर्न चाहन्छौं ।' श्री विद्यादीश्वरीको मात्रै होइन, टिच फर नेपाल संलग्न भएका सबै विद्यालयको अवस्था सुध्रिएको सुनाउँदा खनाल निकै खुसी देखिन्छन् । '१० कक्षाका विद्यार्थीले दिने परीक्षा एसईईलाई सूचकांक मान्ने हो भने ललितपुर जिल्लाका १५ वटा विद्यालयका विद्यार्थीको पास हुने दर ५४ प्रतिशत थियो भने अहिले यो दर ९९ प्रतिशतमा पुगेको छ,' खनाल भन्छन् ।

टिच फर नेपालका शिक्षकले विशेषगरी कक्षा ७ देखि १० सम्म विज्ञान, अंग्रेजी र गणित विषयमा केन्द्रित भएर विद्यार्थीलाई सिकाउँछन् । यी सामान्यतया विद्यार्थीलाई सबैभन्दा गाह्रो लाग्ने विषय हुन् । यसरी खटिने शिक्षकले मासिक भत्ता १७ हजार पाउँछन् जसको २० प्रतिशत सम्बन्धित विद्यालयले नै उपलब्ध गराउनुपर्छ । टिच फर नेपालको संलग्नता भएका विद्यालयको संख्या बढिरहेको र नेपाल भर्खरै संघीय स्वरूपमा गएको सन्दर्भमा शिक्षकलाई दिने भत्ताको जिम्मेवारी स्थानीय तहमा सार्ने प्रयास भइरहेको खनाल बताउँछन् । त्यसपछि शिक्षकलाई प्रत्यक्ष तालिम र अन्य क्रियाकलापमा आफूलाई व्यस्त राख्ने टिच फर नेपालको योजना छ ।

'यो बढी दिगो र दूरदर्शी मोडल हुन्छ,' खनाल भन्छन्, 'स्थानीय तहका नेतृत्वले पनि हामीसँग काम गर्न एकदमै इच्छा देखाएका छन् ।' सार्वजनिक शिक्षाको अवस्था सुधारेर टिच फर नेपालले सामाजिक परिवर्तनको जागरण सुरुआत गरेको छ । यसले सुरु गरेको अभियानले समुदायलाई मात्रै नभई यसमा संलग्न शिक्षकलाई समेत लाभदायी भएको खनाल बताउँछन् । यो एकदमै मूल्यवान अनुभव हो । शिक्षकहरूले स्थानीयवासीसँग गहिरो सम्बन्ध बनाउँछन् र उनीहरूलाई प्रभावित पार्ने विषयसँग राम्ररी परिचित हुन्छन् । साथै उनीहरूले आफ्नो नेतृत्व सीपलाई पनि तिखार्ने र बढाउने अवसर पाउँछन् ।

टिच फर नेपालबाट खटिएका धेरै शिक्षकले दुई वर्ष सामुदायिक विद्यालयको सेवामा बिताएपछि पनि पुनः विशेषगरी शिक्षामा केन्द्रित भएर सामाजिक काममै आफूलाई समर्पित गर्ने गरेका छन् । उनीहरूले टिच फर नेपालको उद्देश्य र प्रतिबद्धतालाई मनन गरेको यो एक उदाहरण भएको खनाल बताउँछन् । उदाहरणका लागि, टिच फर नेपालका पूर्वशिक्षकहरूको एक समूह ललितपुर को सिद्धिपुरस्थित भानु प्राथमिक विद्यालय पुनर्जागृत गर्न लागिपरेका छन् । यो विद्यालयमा दुई वर्षअघि विद्यार्थी संख्या २० मा झरेको थियो र सरकारले यसलाई अर्को विद्यालयमा गाभ्ने तयारी गरेको थियो । तर, यो समूहले व्यवस्थापन र सिकाइ प्रक्रिया सुधारेपछि अहिले विद्यालयमा विद्यार्थी संख्या १ सय २५ पुगेको छ । राम्ररी चलिरहेको छ । यस्तै खालको अभियान बूढानीलकण्ठस्थित तीन विद्यालयमा जारी छ । 'हामीलाई आशा छ, सन् २०३० मा हाम्रो कार्यक्रम सकिने बेलासम्ममा हामीसँग देशभर काम गरिरहेका ६ हजार शिक्षक हुनेछन्,' उनी भन्छन्, 'हामी उनीहरूलाई सामाजिक परिवर्तनको संवाहकको रूपमा देख्छौं र उनीहरूबाट अरू थुप्रै राम्रो काम हुने अपेक्षा गरेका छौं ।'


PRIMARY SCHOOL

*Empowered lives.*
*Resilient nations.*

यस डेभलपमेन्ट एडभोकेटको इलेक्ट्रोनिक संस्करण
हाम्रो वेवसाइटमा उपलब्ध छ

www.np.undp.org

www.facebook.com/undpnepal

www.twitter.com/undpnepal

www.youtube.com/undpnepal